# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक **विज्ञान नाटककार सरुभक्त** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह, दोस्रो वर्षको ऐच्छिक दसौं पत्रको प्रयोजनको लागि तयार गरिएको हो ।

## १.३ विषयपरिचय

सरुभक्तको जन्म वि.सं. २०१३ मा पोखराको बागबजारमा भएको हो । उनी नेपाली साहित्यका क्षेत्रमा परम्परागत मूल्यमा नवीनता थप्ने प्रतिभा हुन् । सरुभक्तले वि.सं. २०३० पछि आफ्नो लेखनलाई गति प्रदान गरेका छन् । उनले साहित्यका विभिन्न विधामा कलम चलाए तापनि उनको आफ्नो साहित्य साधनाको मुख्य कर्मक्षेत्र भने नाटक नै हो । उनका पुस्तकाकार कृतिका रूपमा अहिलेसम्म निम्नलिखित नाट्यकृतिहरु प्रकाशित भइसकेका छन् ।

‘युद्ध उहि ग्याँस च्याम्बरभित्र’ (पूर्णाङ्की नाटक, २०४१)
‘शिशिरका अन्तिम दिनहरू’ (नाटकसङ्ग्रह, २०४२)
‘ईथर’ (नाटकसङ्ग्रह २०४४)
‘एस धम्मो सनन्तनो’ (पूणाङ्की नाटक, २०५४)
‘गाउँघरका नाटकहरू’ (नाटकसङ्ग्रह, २०५०)
‘बालबालिकाहरूको नाटक (बालनाटकसङ्ग्रह)
‘असमय अमैसम’ (पूर्णाङ्कीनाटक, २०५६)
‘निमावीय’ (२०५५)
‘जस्तो दन्त्यकथा’ (२०५६)
‘गाउँको कथा यस्तो हुन्छ है’ (नाटकसङ्ग्रह)
‘सिरुमारानी’ (२०६१)
‘शरणार्थीहरू’ (२०६३)
‘मलामी’ (२०५१)
‘थाङ्ला’ (मञ्चित)

सरुभक्तका नाटक सामाजिक, मनोवैज्ञानिक, धार्मिक र विज्ञान विषयक रहेका छन् । उनका नाटकमा यथार्थताका साथसाथै स्वैरकल्पना पनि पाइन्छ । उनले बुद्धको पञ्चशील, अष्टाङ्ग मार्ग र शून्यलाई आत्मसात गरी विभिन्न चिन्त्न, दर्शन र साहित्यिक मान्यता समेतलाई आफ्ना नाटक र रङ्गमञ्चीय मान्यताका रुपमा प्रस्तुत गरेका छन् ।

सरुभक्त एक वैज्ञानिक नाटककार हुन् । साहित्यमा विज्ञानको प्रयोग नवीन प्रयोग हो । विज्ञानका वातावरण, परिवेश घटना, कथावस्तु र मानसिकतामा संरचित नाटक विज्ञान नाटक हुन् । वैज्ञानिक तथ्यमा आधारित रहेर परिकल्पना प्रयोग गरी लेखिने नाटक विज्ञान नाटक हो । यसले समसामयिक वैज्ञानिक उन्नति, ज्ञान तथा काल्पनिक यात्राको विस्तृत जानकारी प्रस्तुत गर्छ, जसमा अद्भूत भूमि, अन्तरिक्ष तथा समय र आयामका नयाँ स्वरूप पाइन्छन् । यसका माध्यमबाट समाजमा वैज्ञानिक आविष्कारले निम्त्याउने खतराको स्थापना गरिएको हुन्छ । त्यसका विरुद्धमा हुन सक्ने सकारात्मक विकास पनि यस्ता नाटकमा पाउन सकिन्छ । पाश्चात्य साहित्यमा पहिलो विश्वयुद्धपछि र भारतीय साहित्यमा दोस्रो विश्वयुद्ध पश्चात शुरुवात भएको पाइन्छ । नेपालमा नाटकको क्षेत्रमा मोहनराज शर्माका 'यमा' र 'वैकुण्ठ एक्सप्रेस' मा केही छनक पाइए तापनि पूर्ण रूपमा सरुभक्तको 'इथर' प्रकाशन भएपछि मात्र विज्ञान नाटकको प्रारम्भ भएको पाइन्छ ।

सरुभक्त 'इथर' र 'निमावीय' दुई नाटकमा मुख्य रूपमा विज्ञानको प्रयोग गरिएको छ । 'इथर' र 'निमावीय' दुवै नाटकमा मानव निर्मित मानव अर्थात् यन्त्र मानवलाई पात्रको रूपमा प्रयोग गरिएको छ । 'इथर' मा आदर्श, यथार्थ र बालसुलभ भाव र 'निमावीय' मा नारी ईर्ष्याको भाव प्रकट भएको पाइन्छ ।

यसरी विज्ञानका विषयवस्तुलाई आधार मानेर लेखिएका नाटकले नेपाली साहित्यमा निकै महत्त्वपूर्ण स्थान हासिल गरेको छ ।

## १.४ समस्याकथन

सरुभक्तका विज्ञान नाटक उल्लेखनीय रूपमा रहेता पनि तिनको अध्ययन व्यवस्थित हुन सकिरहेको अवस्था छैन । आजको समयलाई अङ्गीकार गर्दै लेखिएका विज्ञान नाटक यस युगका उल्लेखनीय नाटक हुन् । यसरी महत्त्वपूर्ण विषयसँग सम्बन्धित रहेर भ्रण्डै दुई दशक पार गरिसक्दा पनि यस विषयमा अनुसन्धान हुन सकेको पाँइदैन । यसै विषयसँग सम्बन्धित भएर उठाउन सकिने समस्याहरू यसप्रकार रहेका छन्-

क) विज्ञान नाटककार सरुभक्तलाई कसरी चिनाउन सकिन्छ ?

ख) सरुभक्तका विज्ञान नाटकका मुख्य प्रवृत्तिहरू के-के हुन् ?

ग) सरुभक्तका विज्ञान नाटकको विश्लेषण कसरी गर्न सकिन्छ ?

घ) आधुनिक नेपाली नाटकमा सरुभक्तको स्थान र योगदान कस्तो छ ?

## १.५ उद्देश्य

यस शोधकार्यका मूलभूत उद्देश्यहरू निम्नलिखित छन् :

क) विज्ञान नाटककारका रूपमा सरुभक्तलाई चिनाउनु ।

ख) सरुभक्तका विज्ञान नाटकका मुख्य प्रवृत्तिहरू प्रस्तुत गर्नु ।

ग) सरुभक्तका विज्ञान नाटकको विश्लेषण गर्नु ।

घ) आधुनिक नेपाली नाटकमा सरुभक्तको स्थान र योगदानलाई चिनाउनु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको नाट्यलेखनमा विज्ञान नाटककार सरुभक्तको नाट्यलेखनको उपस्थिति उल्लेखनीय रहेको छ । त्यसका बारेमा सामान्य चर्चा बाहेक अन्य कुनै सूचना पाइदैन । कतै सामान्य भूमिकात्मक सूचना त कतै व्यक्तिप्रतिभालाई केन्द्रमा राखेर केही छिटफुट अध्ययन भएको पाइन्छ । यसरी फुटकर रूपमा भएका अध्ययन तथा पूर्वकार्यलाई समीक्षात्मक तरिकाले कालक्रमिक रूपमा यसप्रकार प्रस्तुत गरिएको छ :

माधव घिमिरेले 'शिशिरका अन्तिम दिनहरू' नाटकसङ्ग्रह प्रकाशन गर्ने क्रममा प्रकाशकीयका रूपमा सरुभक्तप्रति यस्तो धारणा व्यक्त गरेका छन् । "श्री सरुभक्त हाम्रा प्रौढ नाटककारहरूमध्ये बहुचर्चित नाटककार हुनुहुन्छ । उहाँले देशान्तरका आधुनिक नाटकको ज्ञान पनि प्राप्त गर्नुभएको छ । उहाँका नाटकमा जीवनको प्रयोग चिन्तनको निम्ति र चिन्तनको प्रयोग जीवनको निम्ति पाइन्छ ।" [१]

समालोचक राजेन्द्र सुवेदी समसामयिक सन्दर्भमा केही सफल नेपाली नाटकहरूको अध्ययन गर्ने क्रममा वस्तुको उठान गर्दा सरुभक्तको नाम उल्लेख गर्दै यसो भन्दछन्, "सरुभक्त मुक्तक, कविता, उपन्यास र दर्शनसम्मका क्षेत्रमा पनि स्थापित भएका छन् । ...... समाज, इतिहास, धर्म, विज्ञान र मनोविज्ञानका फाँटहरू नाटक भएर आउन सक्नु सरुभक्तको अर्को प्राप्ति हो ।"[२]

गोविन्दराज भट्टराईले 'आधुनिक पाश्चात्य नाटकका प्रयोगवादी मोडहरूः सन्दर्भ नेपाली नाटक' शीर्षकको लेखमा सरुभक्त र उनको नाटकको चर्चा गरेका छन् ।" "विज्ञान नाटकको कल्पना र प्रयोग गर्ने सरुभक्त पहिला हुन् । हुन त विज्ञान नाटक स्वयंम्मा प्रयोग ठहरिदैन, त्यो त धार्मिक वा ऐतिहासिक झैं एक विषयमाथि लेखिएको नाटक साहित्य मात्र हो, तथापि यस क्षेत्रमा यो साहित्य बाँझो भएको बेला उनको कलम जुर्मुराएको पाइन्छ । उनले कल्पेको प्रयोगमाथि चर्चा गरिएका पश्चिमकासँग मिल्छ अथवा तिनैबाट लिइएको भन्नुपर्ने आवश्यकता छैन । किनकि प्रयोग प्रयोग नै हो । प्रयोग एक नभई अनेकौं हुन्छन् । परम्पराको गोरेटो छाडेपछि प्रयोगका अनेक सूक्ष्म भेदहरू कृतिकारले आफै सिर्जन्छन्, ती मध्ये एक हुन् – सरुभक्त ।"[३]

रामचन्द्र पोखरेलले अवलोकन साहित्य प्रतिष्ठान पोखराद्वारा २०५९ वैशाख २१ गते पृथ्वीनारायण क्याम्पस पोखरामा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्रमा 'समसामयिक नेपाली नाटकः प्रयोग र प्रवृत्ति' शीर्षकमा विज्ञान नाटकको चर्चा गर्ने क्रममा यसो भन्दछन्, "नेपाली नाट्य साहित्यमा विज्ञान नाटकको आरम्भ सरुभक्तले गरेका हुन् ।"[४]

---

[१] माधव घिमिरे, भूमिका, **शिशिरका अन्तिम दिनहरू** (काठमाडौंः साझा प्रकाशन २०४२) ।

[२] राजेन्द्र सुवेदी, **केही समीक्षण केही विश्लेषण** (काठमाडौं : साझा प्रकाशन २०४९), पृ. ४ ।

[३] गोविन्दराज भट्टराई, प्रज्ञा, **आधुनिक पाश्चात्य नाटकका प्रयोगवादी मोडहरूः सन्दर्भ नेपाली नाटक** (सम्पा) ईश्वर वल्लभ, (२०४९, पूर्णाङ्क ७६) पृ. ४८ ।।

[४] रामचन्द्र पोखरेल, **अवलोकन** (पोखरा साहित्य प्रतिष्ठान २०५९), पृ. २४ ।

केशवप्रसाद उपाध्याय नेपाली नाटक र नाटककारको चर्चा गर्दा सरुभक्त र उनको योगदान शीर्षकमा सरुभक्तलाई विज्ञान नाटककारको रूपमा यसरी प्रस्तुत गर्दछन्, "सरुभक्तका नाटक (वैज्ञानिक नाटक) त पृथ्वीलाई मात्र नभएर अन्तरिक्षलाई पनि पृष्ठभूमि बनाएर लेखिएका छन् । उनी विज्ञानलाई विषय बनाएर रङ्गमञ्चीय नाटकको रचना गर्ने पहिला नाटककार त हुँदै हुन्, अन्तरिक्षका पृष्ठभूमिमा वैज्ञानिक नाटक लेख्ने पनि अहिले सम्ममा उनी नै देखिएका छन् ।"[५]

साहित्य अभियानले २०५९ सालमा गरेको कार्यपत्र प्रस्तुतिमा 'वर्तमान नेपाली नाटक' शीर्षकमा प्रभाव सापकोटा प्रयोगवादी नाटकको चर्चा गर्दा सरुभक्तसम्बन्धी यस्तो भाव प्रकट गर्दछन्, "व्यक्ति, परिवार, समाज र राष्ट्रजागरण विषयक नाटक लेखेर सरुभक्तले आफ्नो विशिष्ट नाट्यसाधना देखाइएको छन् । यसभन्दा बेग्लै विज्ञान सन्दर्भ दिएर नाटक सिर्जना गर्ने सरुभक्तले छुट्टै प्रतिभाको अग्लो मौलो गाडिसकेका छन् । नेपाली नाट्य साहित्यमा अन्य स्रष्टाबाट संलग्न हुन नसकेको आधुनिक विषय विज्ञानलाई यिनले आफ्नो नाटकमा सहजै प्रवेश गराए ।"[६]

रामचन्द्र पोखरेलले 'नेपाली नाटकः सिद्धान्त र समीक्षा' पुस्तकको 'सरुभक्तको नाट्यचेतना' शीर्षकमा सरुभक्तका नाटकबारे यसरी चर्चा गरेका छन्, "विज्ञान नाटकको कल्पना र प्रयोग सर्वप्रथम नेपाली नाट्य साहित्यमा सरुभक्तले गरेका हुन् ।"[७]

नेत्र एटमले 'रश्मि' पत्रिकामा 'समकालीन नेपाली नाटकका मूल प्रवृत्ति' शीर्षकमा नाटकका प्रवृत्तिहरूमा विज्ञान नाटकलाई पनि नाटकको मूलप्रवृत्ति मानेर यसै सम्बन्धमा यस्तो भाव प्रकट गरेका छन्, "नेपालीमा विज्ञान नाटकका क्षेत्रमा सरुभक्तको उपस्थिति विशिष्ट रहेको छ ।"[८]

समालोचक दयाराम श्रेष्ठ र मोहनराज शर्माका सहलेखनमा तयार भएको 'नेपाली साहित्यको सङ्क्षिप्त इतिहास' (२०४०) मा सरुभक्तको नाट्यकारिताको चर्चा यसरी भएको छ, "सरुभक्त नाटकमा नयाँ-नयाँ कथ्य र शिल्पको प्रयोग गर्छन् ।"[९]

समालेचक कृष्ण शाह यात्रीले 'नेपाली नाटकः विगत र आगत' शीर्षक अन्तर्गत समसामयिक तथा प्रयोगवादी नेपाली नाटकको परिचय दिने क्रममा नाटककार सरुभक्तका बारेमा यसरी प्रस्तुत गरेका छन्, "नेपाली नाटक र रङ्गमञ्चको क्षेत्रमा नयाँ-नयाँ नाट्यवस्तु र नयाँ-नयाँ नाट्यकौशल कुशलताका साथ प्रयोग गरी भिन्न पहिचान बनाउन सफल सरुभक्त नेपाली नाटक र रङ्गमञ्चका गम्भीर अध्येता र सशक्त नाटककार हुन् ।"[१०]

---

[५] केशवप्रसाद उपाध्याय, **नेपाली नाटक र नाटककार** (काठमाडौं : साझा प्रकाशन २०६१) पृ. २४७ ।

[६] प्रभात सापकोटा, **साहित्यिक अभियान विगतदेखि वर्तमान** (काठमाडौं अभियान साहित्य प्रतिष्ठान २०६२) पृ. ११९/१२० ।

[७] रामचन्द्र पोखरेल, **नेपाली नाटकः सिद्धान्त र समीक्षा** (काठमाडौं विद्यार्थी पुस्तक भण्डार २०६२) पृ. ५०० ।

[८] नेत्र एटम, 'रश्मि', **समकालीन नेपाली नाटक मूल प्रवृत्ति** (काठमाडौं : २०६३, कार्तिक) पृ. ९३ ।

[९] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास** ,आठौं सं. (काठमाडौं : साझा प्रकाशन २०६३) पृ. १४५ ।

[१०] कृष्ण शाह यात्री, **प्रतिनिधि नेपाली नाटक** (काठमडौंः विवेकसिर्जनशील प्रकाशन प्रा.लि. २०६४) पृ. २३, २४ ।

सरुभक्त आफै पनि 'इथर' नाटकको प्रकाशनको क्रममा 'को गरीब बनी सुन्ला लेखेको यो गरीबले' भन्ने शीर्षकमा विज्ञान नाटकसम्बन्धी यस्तो कुरा व्यक्त गर्दछन्, "नेपाली साहित्यमा विज्ञान नाटकको परम्परा स्थापित भईसकेको छैन । वैज्ञानिक भावभूमिका एउटा नाटक सिर्जना गर्ने अहम्जन्य भावनाको परिणति हो - 'इथर' । वस्तुगत, समस्यामूलक विज्ञाननाटकका रूपमा यसको सफलता, असफलता, विद्वान समालोचकहरूद्वारा मूल्याङ्कित होला, म यतिखेर अभाव परिपूर्तिको जमर्को मात्र गर्दैछु ।"[११]

विज्ञान नाटक र विज्ञान नाटककार सरुभक्तका बारेमा केही सूचना उल्लेख गरे पनि तिनको व्यापक अध्ययन हुन सकेको देखिदैन । त्यसकारण यस शोधमा विज्ञान नाटककार सरुभक्तको उनको विज्ञान नाटकको सापेक्षतामा अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

प्रस्तुत शोधकार्य विज्ञान नाटककार सरुभक्त र उनका नाटकको स्पष्ट र वस्तुगत अध्ययन गरेर तयार पारिने हुनाले यस विषयमा अध्ययन गर्न चाहने जो कोही पाठक, अध्येता तथा स्वतन्त्र अनुसन्धानकर्तालाई सन्दर्भ सामग्री हुनेछ । विज्ञान नाटक तथा नाटककारका सम्बन्धमा विगतमा निकै कम अध्ययनका साथै प्रस्ट पार्ने प्रयास कमै भएको भेटिन्छ । यस शोधकार्यमा विज्ञान नाटककार सरुभक्त र उनको विज्ञान नाटकको विश्लेषण गरिने भएकाले पनि यस शोधकार्यलाई औचित्यपूर्ण र आवश्यक मानिएको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

सरुभक्तका अन्य विषयका नाटकहरू पर्याप्त मात्रामा भए पनि प्रस्तुत शोधमा सरुभक्तका विज्ञान नाटकको मात्र अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

## १.९ शोधविधि

- प्रस्तुत शोधकार्य गर्ने क्रममा पुस्तकालयीय विधिलाई नै सामग्री सङ्कलनको मूल आधार बनाइएको छ ।
- आफूभन्दा अगाडिका शोधकार्यका साथै यसै विषयसँग सम्बन्धित विषयमा लेखिएका पुस्तक, पत्रपत्रिका, लेख आदिको पठनबाट सामग्रीको सङ्कलन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधलाई आवश्यकता अनुसार विभिन्न परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद - शोधकार्यको परिचय
दोस्रो परिच्छेद - विज्ञान नाटककार सरुभक्तको परिचय
तेस्रो परिच्छेद - मुख्य प्रवृत्ति
चौथो परिच्छेद - विज्ञान नाटकको विश्लेषण
पाचौं परिच्छेद - उपसंहार

[११] सरुभक्त **इथर**, दो.सं. (काठमाडौं : साझा प्रकाशन २०६४) ।

# दोस्रो परिच्छेद
# विज्ञान नाटककार सरुभक्तको जीवनीको अध्ययन

## २.१ सरुभक्तको जीवनी

वि.सं. २०१३ असोज ३ गते तीज पर्वका दिन कास्की जिल्लाको पोखरा बागबजारमा सरुभक्तको जन्म भएको हो । वास्तविक नाम भक्तबहादुर श्रेष्ठ भएता पनि उनि आफूलाई सरुभक्तका नामले परिचित गर्न मनपराउँछन् । पिता गणेशबहादुर र माता लक्ष्मी श्रेष्ठका पहिलो सन्तानको रूपमा सरुभक्तको यस धर्तीमा आगमन भएको हो ।

मध्यमवर्गीय पारिवारिक वातावरणमा हुर्किएका सरुभक्तको पुर्ख्यौली पेसा, व्यापार, व्यवसाय रहेको पाइन्छ ।[१२] घरैमा आफ्नै बाबुबाट अक्षराम्भ गरेका सरुभक्तले हालको गण्डकी बोर्डिङ्ग स्कुलबाट एस.एल.सी. सम्मको शिक्षा पूरा गरेका हुन् । पृथ्वीनारायण क्याम्पस पोखराबाट स्नातक सम्मको शिक्षा पूरा गरी त्रिभुवन विश्वविद्यालयमा स्नातकोत्तर अध्ययन (अर्थशास्त्र, इतिहास, अङ्ग्रेजी, समाजशास्त्र) गरे पनि औपचारिक रूपमा पूर्ण हुन सकेन ।[१३]

सरुभक्तका बाबु त्यस समयको गाईजात्रा, भैरवजात्रामा नाच्ने प्रख्यात नर्तक थिए ।[१४] त्यसैको फलस्वरूप सरुभक्तलाई बाबुको त्यस स्वभावले आफूलाई साहित्य रचनामा लाग्न ठूलो सहयोग पुऱ्याएको पाइन्छ । नरोजेको सुख भन्दा राजेको दुःखलाई प्यारो ठान्ने सरुभक्त हालसम्म अविवाहित नै छन् । अविवाहित भएता पनि उनी सरस्वती लालचनका धर्मपिता बनेका छन् । बाल्यकालमा छँदा बुबाको नृत्यकला, देवानन्द पण्डितको पुराण वाचनकला, राजकुमार सरको बाइवलका कथाहरू सुनाउने शैली, शान्ति सुब्बा सरको, मिस.मे.वि., भोजराज न्यौपाने र गण्डकी बोडिङ्ग स्कुलको वातावरणबाट प्रेरित भएर लेखनतर्फ उनमा अभिरुचि जागेको पाइन्छ ।[१५] उनको सर्वप्रथम प्रकाशित 'तीन मुक्तक' (२०३४) कविता हो । यसै वर्ष 'आह्वान' पत्रिकामा 'मलाई दुईटा सूर्य देऊ' कविता र गोरखापत्रमा सामूहिक साहित्य जयन्ती सम्बन्धी लेख प्रकाशन भएको छ । उनको पहिलो कथा 'अन्त्यहीन प्रश्न' (२०२९ लेखन), पहिलो मञ्चित नाटक 'डढेलोले खाएको वन', पहिलो प्रकाशित नाटक 'युद्ध : उहि ग्याँस च्याम्बरभित्र' र पहिलो प्रकाशित उपन्यास 'एक अभिनवको आत्मकथा' हो ।[१६]

सरुभक्तले जीविकोपार्जनको लागि कुनै पनि काम गरेका छैनन् । केही समय नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा रहेता पनि अन्य पछिल्ला समय पूर्ण रूपमा साहित्य प्रति नै समर्पित

---

[१२] शोधनायकबाट प्राप्त जानकारी ।

[१३] ऐजन ।

[१४] ऐजन ।

[१५] लक्ष्मीशरण अधिकारी, **साहित्यकार सरुभक्तको जीवनी व्यक्तित्व र कृतित्व** अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, पृथ्वीनारायण क्याम्पस पोखरा, २० पृ. (परिशिष्ट ङ) ।

[१६] ऐजन ।

रहेका छन् । उनले विभिन्न पत्रपत्रिकाको प्रकाशन, साहित्य संस्थासँग आबद्ध भएर आफ्नो साहित्ययात्रा अगाडि बढाइरहेका छन् । उनले पत्रिका प्रकाशन, सम्पादन र सङ्कलन पनि गरेका छन् र ती कृति हुन् - पोखरेली प्रतिनिधि कविता सङ्ग्रह 'सारस्वत' (२०४७), त्रैमासिक पत्रिका 'सारस्वत' (सह-सम्पादन), 'सिद्धिचरणका जेल 'संस्मरण' (२०५२) र संरक्षण कविता यात्रा (२०५३) ।

यस्तै गरी उनी विभिन्न संघसंस्थाहरूसँग पनि आबद्ध रहेका छन्, ती हुन् :

- पोखरेली युवा सांस्कृतिक परिवार (सम्पादक २०३४)
- युवा नाटक परिवार (२०३५, संस्थापक)
- प्रतिबिम्ब नाट्य परिवार (संस्थापक, सल्लाहकार)
- संरक्षण कविता आन्दोलन (संयोजक, २०५५)
- राष्ट्रिय बाल प्रतिभा पुरस्कार पोखरा (संस्थापक, २०५६)
- पोखरा सार्वजनिक पुस्तकालय (पूर्वाध्यक्ष)
- आत्मालोचना गोष्ठी (संयोजक)
- सदस्य, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।[१७]

यति लामो समयको साहित्ययात्रामा सरुभक्तले विभिन्न साहित्यिक पुरस्कार र सम्मान पनि प्राप्त गरेका छन् । जुन यसप्रकार छन्:

- राष्ट्रिय कविता महोत्सव, प्रथम पुरस्कार, नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान (२०४२), तृतीय पुरस्कार (२०३५)
- अन्तराष्ट्रिय अपाङ्ग वर्ष, सर्वोत्तम नाटक पुरस्कार (२०३८)
- त्रि.वि. साहित्य प्रतियोगिता (प्रथम २०३९)
- जी.ए.ए. प्रतियोगिता, सर्वोत्तम नाटक पुरस्कार (२०४१)
- राष्ट्रिय नाटक महोत्सव, ने.रा.प्र.प्र., सर्वश्रेष्ठ नाटककार (२०४२)
- युवावर्ष मोती पुरस्कार (२०४३)
- गाइजात्रा हास्य-व्यङ्ग्य महोत्सव, ने.रा.प्र.प्र. सर्वोत्तम व्यङ्ग्य मुक्तकाकार ( २०४३)
- आरोहण सम्मान (२०४७)
- मदन पुरस्कार (२०४८, 'पागलबस्ती' उपन्यास)
- लोकेन्द्र साहित्य पुरस्कार (२०५१)
- रत्नश्री पदक (२०५२)
- शिरोमणि पुरस्कार (२०५४, अस्वीकृत)
- नेपाल बालसाहित्य पुरस्कार (२०५४)
- कुमुदिनी कला-साहित्य पुरस्कार (२०५६)
- गोपीनाथ अर्याल रङ्गमञ्च पुरस्कार (२०५६)

[१७] हेर्नू परिशिष्ट ।

- गणेश- खोलकुमारी दुवाल प्रतिभा पुरस्कार (२०५६)
- राष्ट्रिय नाटक महोत्सव (२०३६, सर्वश्रेष्ठ निर्देशक)
- गङ्गी-वसुन्धरा पुरस्कार (२०५७, उपन्यास)
- नमस्ते साङ्गीतिक सम्मान (२०५६)
- वीरेन्द्र- ऐश्वर्य पदक (२०५८)
- थकाली सेवा समिति (केन्द्रीय सम्मान २०५७)
- पृथ्वीनारायण क्याम्पस (स्व.वि.यु. सम्मान २०५९)
- म्युजिक नेपाल सम्मान (२०५८)
- उपन्यास शतवार्षिकी सम्मान (गङ्की वसुन्धरा प्रतिष्ठान, २०६०)
- शुक्ला साहित्य पुरस्कार (२०६१)
- साहित्यकुञ्ज सम्मान (नेपाली केन्द्रीय विभाग कीर्तिपुर, २०६२)
- अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मान (डि.सि. मेट्रो च्याप्टर, वासिङ्गटन डि.सी. २०६२)
- न्युयोर्क कलामञ्च सम्मान (न्युयोर्क, २०६२)[१८]

सरुभक्त नेपाली साहित्यको क्षेत्रमा चारै विधामा कलम चलाउने प्रतिभावान् व्यक्तित्व हुन् । उनले नेपालका विविध ठाउँ लगायत अमेरिका, भारत, हङ्कङ र चीन सम्मको भ्रमण गरेका छन् ।

## २.२ सरुभक्तको साहित्ययात्रा

बाल्यकालदेखि नै सरुभक्तमा साहित्य सिर्जना गर्ने रुचि भएको पाइन्छ । उनले विद्यालयस्तरदेखि नै कविता लेखेको र अङ्ग्रेजीमा निबन्ध पनि लेखेको पाइन्छ । बाल्यकालदेखिनै साहित्यतर्फ आकृष्ट सरुभक्त नेपाली साहित्यमा महत्त्वपूर्ण स्थान ओगट्न सफल भएका छन् । नेपाली साहित्यको चारै विधा (कविता, नाटक, निबन्ध, आख्यान) मा सरुभक्त उत्तिकै सफल छन् ।

### २.२.१ कवि सरुभक्त

सरुभक्तको सर्वप्रथम प्रकाशित कविता 'तीन मुक्तक' (२०३४) हो । यो रूपरेखामा प्रकाशित छ । यसै सालमा 'मलाई दुइटा सूर्य देऊ' कविता पनि आह्वान पत्रिकामा प्रकाशित छ । उनले मुक्तकदेखि फुटकर कविता हुँदै खण्डकाव्य स्तरसम्मको काव्य रचना गरेका छन् ।

प्रयोगवादको प्रभावमा उनका केही कविता सम्प्रेषणका दृष्टिले दुरुह बन्न पुगेपनि धेरैजसो कविताहरू सम्प्रेष्य नै रहेका छन् । समाजमा भएको विकृतिको तीव्र रूपमा व्यङ्ग्य गर्दै त्यसको विरोध जनाएका छन् । उनका कविताहरूमा सुनौलो भविष्यको कामना गर्नु, युद्धले ग्रस्त समाजको चित्रण गर्नु, विज्ञानलाई नरभक्षकका रूपमा चित्रण गर्नु, विश्व शान्तिको कामना गर्नु, प्रकृतिप्रेम दर्शाउनु, मानव मृत्युको भयावह चित्रण गर्नु, नारीवर्गप्रति सहानुभूति देखाउनु जस्ता प्रवृत्ति

[१८] शोधनायकबाट प्राप्त जानकारी ।

पाइन्छ । उक्तिवैचित्र्य, सृजनात्मकता, सूक्तिमयता, व्यङ्ग्यात्मकता उनका कवितामा पाइने मूलभूत विशेषता र प्राप्ति हुन् ।

उनका काव्यरचना मुक्त छन्द र लोकलयमा देखापरेका छन् । प्रतीकात्मकता, अङ्ग्रेजी भाषाको प्रयोग, मिथकको प्रयोग उनका कवितामा पाइन्छ । हालसम्म प्रकाशित काव्य रचनाहरू यसप्रकार छन् :

'बन्द खामभित्र' (मुक्तकसङ्ग्रह, २०३५)
'बोक्सीको आह्वान र घोषणापत्र' (कवितासङ्ग्रह, २०४०)
'कवि, प्रेमी र पागल' (कवितासङ्ग्रह, २०५०)
'कुरूप मसिहा' (खण्डकाव्य, २०५४)
'ज्यानमारा' (खण्डकाव्य, २०५६)
'का षुरुष' (खण्डकाव्य, २०५७)
'प्रयोगशालाभित्र (कवितासङ्ग्रह, २०५८)
'मनभरि माटोभरि' (गीतसङ्ग्रह, २०६१)
'इतर समय' (कवितासङ्ग्रह, २०६१)
'हजार बुद्धहरू (मुक्तकसङ्ग्रह, २०६१)
'झुमा' (खण्डकाव्य, २०६१)
'भेडीगोठ' (खण्डकाव्य, २०६३)
'खोल्सावारि खोल्सापारि' (खण्डकाव्य, २०६५)[१९]

### २.२.२ कथाकार सरुभक्त

आधुनिक नेपाली कथा साहित्यको क्षेत्रमा विज्ञान विषयका कथा लेखेर सरुभक्तले आफ्नो महत्वपूर्ण भूमिका पूरा गरेका छन् । उनले आफ्ना कथामा विज्ञानले मानिसमा पारेको प्रभावको चित्रण गरेका छन् । विषयवस्तुको चयन मात्र नभएर घटनाहरूको संयोजन, अन्तरिक्ष विज्ञानको अनुशीलन, विज्ञान परिवेशित संस्कार र वातावरण, रोचककला, स्वैरकल्पनाको सुन्दर प्रयोग, विज्ञानको रोमाञ्चकारी प्रयोग कथाको मर्म र स्वरूपको यथोचित निर्वाह सरुभक्तका कथामा पाइन्छ ।[२०] हालसम्म प्रकाशित उनका कथारचनाहरू यसप्रकार छन् :

'एक अविनवको आत्मकथा' (विज्ञान उपन्यास तथा कथासङ्ग्रह, २०४४)
'छोरी ब्रह्माण्ड' (विज्ञान कथासङ्ग्रह २०४७)
'यमागल' (विज्ञान कथासङ्ग्रह, २०५४)
'पदार्थहरूको गीत' (विज्ञान कथासङ्ग्रह, २०६३) ।[२१]

---

[१९] शोधनायकबाट प्राप्त जानकारी ।

[२०] प्रज्ञादेवि निरौला, **चुली उपन्यासको कृतिपरक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोध त्रिभुवन विश्वविद्यालय, २०६३)पृ

[२१] शोधनायकबाट प्राप्त जानकारी ।

### २.२.३ उपन्यासकार सरुभक्त

नेपाली साहित्यमा दुर्बल रहेको विज्ञान विषयलाई लिएर रचनाकार्य अगाडि बढाउने सरुभक्तले उपन्यासमा पनि विज्ञान विषयको प्रयोग गरेका छन् । विज्ञान विषय लेख्न गाह्रो भएता पनि नेपाली साहित्यको सन्दर्भमा आवश्यकता औंल्याउदै विज्ञान विषयले ल्याएको विसङ्गतिको उद्घाटन साहित्यमा गर्नुपर्छ भन्ने भाव उनले व्यक्त गरेको पाइन्छ ।

उनले समाजमा भए-गरेका नारीमाथिको थिचोमिचो, भविष्यमा आउन सक्ने भयावह समाजको चित्रण, हिमाल आरोहणको विषय आदिलाई उपन्यासको कथावस्तु बनाएको पाइन्छ । उनका हालसम्म प्रकाशित उपन्यासहरू यसप्रकार छन् :

'एक अभिनवको आत्मकथा' (विज्ञान उपन्यास, २०४४)
'पागल बस्ती' (२०५३)
'तरुनी खेती' (२०५८)
'समय त्रासदी' (२०५९)
'अँध्यारो कोठा' (बाल उपन्यास, २०६०) ।[२२]

### २.२.४ नाटककार सरुभक्त

नेपाली साहित्यका चारै विधामा कलम चलाए तापनि सरुभक्तको बढी रुचिको विषय नाटक नै रहेको पाइन्छ । उनको साहित्य साधनाको कर्मक्षेत्र नाटक विधा नै हो । उनले एकाङ्की र पूर्णाङ्की दुवै खालका नाटक लेखेको पाइन्छ । सामाजिक, विज्ञान विषयक, मनोवैज्ञानिक र धार्मिक विषयक नाटक उनले लेखेका छन् ।[२३]

सरुभक्त नेपाली नाट्य साहित्यमा विज्ञान विषयका प्रथम प्रयोक्ताका रूपमा रहेका छन् । उनी प्रथम विज्ञान नाटककार हुन् ।[२४] विज्ञान विषयक मात्र नभई सरुभक्तले छुट्टै दर्शनको पनि प्रयोग गरेका छन् । उनले पूर्वीय बौद्ध-दर्शन एवम् पाश्चात्य दर्शनबाट प्रभावित शून्यवादको प्रयोग गरी नाटक लेखेका छन् । विषयवस्तुको चयन, पात्र विवरण, रङ्गविधान, संवाद, नाटकको आरम्भ आदिमा नयाँ प्रयोगको साथसाथै पात्रविवरण सूत्रात्मक, साङ्केतिक र साङ्ख्यिक रूपमा रहेको छ ।[२५] स्वैरकल्पनाको सफल प्रयोग उनका नाटकमा पाइन्छ । यिनले नाटकमा सफल भाषाशैलीको प्रयोग गरे तापनि तिनमा केही जटिलता भने पाइन्छ । हालसम्म प्रकाशित उनका नाटकहरू यसप्रकार छन् :

'युद्धः उही ग्याँस च्याम्बरभित्र' (पूर्णाङ्की नाटक, २०३७)
'इतिहासभित्रको इतिहास' (२०४१)

---

[२२] शोधनायकबाट प्राप्त जानकारी ।

[२३] रामचन्द्र पोखरेल, **नेपाली नाटक सिद्धान्त र समीक्षा** (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ४७३ ।

[२४] केशवप्रसाद उपाध्याय, **नेपाली नाटक र नाटककार** (ललितपुरः साझा प्रकाशन, २०६१) पृ. २४८ ।

[२५] लक्ष्मीशरण अधिकारी, **सरुभक्तको जीवनी व्यक्तित्व र कृतित्व**, (अप्रकाशित स्नातकोत्तर शोध) पृथ्वीनारायण क्याम्पस पोखरी, २०५९ ।

'शिशिरका अन्तिम दिनहरू' (२०४२)

'इथर' (२०४४)

'गाउँघरका नाटकहरू' (२०५०)

'बालबालिकाहरूको नाटक' (२०५३)

'असमय अमौसम' (२०५४)

'निमावीय' (२०५५)

'एस धम्मो सन्तनो' (२०४५)

'जस्तो दन्त्यकथा' (२०५७)

'सिरुमारानी' (२०६१)

'गाउँको कथा यस्तो हुन्छ है' (२०६१)

'शरणार्थीहरू' (२०६३) ।[२६]

## २.३ सरुभक्तको नाट्यसिर्जनायात्रा

सरुभक्तको औपचारिक नाट्ययात्रा वि.सं. २०३० मा अस्कल छात्रवासमा रहँदा 'असिना पग्लन्छ' को रचना गरेबाट शुरु हुन्छ । त्यसपश्चात् निरन्तर रूपमा सरुभक्तले नाट्यसिर्जना गर्दै आइरहेका छन् । उनले अहिलेसम्म एकाङ्की र पूर्णाङ्की गरेर करिब ७५ जति नाटक लेखेको पाइन्छ । उनले लेखेका नाटकहरूमा प्रवृत्तिका आधारमा भिन्नता भने रहेको छ । त्यसकारण सरुभक्तका नाट्ययात्रालाई प्रमुख तीन चरणमा हेर्न सकिन्छ ।

पहिलो चरण (२०३०- २०३८)

दोस्रो चरण (२०३९- २०५८)

तेस्रो चरण (२०५९ देखि हालसम्म)

### २.३.१ पहिलो चरण (२०३०-२०३८)

यस चरणका नाटकहरूमा सामाजिक तथा मनोवैज्ञानिक यथार्थवादी र परिष्कारवादी प्रवृत्ति पाइन्छ । यस चरणमा लेखिएका नाटक तथा एकाङ्कीहरू यसप्रकार रहेका छन् :

'असिना पग्लन्छ' (रचना २०३०/प्रकाशन २०३६)

'डढेलोले खाएको वन' (२०३४ मञ्चन)

'जिउँदा अवशेषहरू' (२०३४ मञ्चन)

'सराप परेको घर' (२०३५ मञ्चन)

'असाधारण पिँजडा' (रचना २०३५/प्रकाशन २०४२)

'एउटा घरको कथा हैन' (२०३५/३६ मञ्चन)

'युद्धः उही ग्याँस च्याम्बरभित्र' (२०३५, मञ्चन)

'गोधूलीमा हराएको क्षितिज' (रचना २०३५/प्रकाशन २०४२)

---

[२६] शोधनायकबाट प्राप्त जानकारी ।

'मनभित्रको खलङ्गा' (रचना २०३८/प्रकाशन २०४२)

'अग्नि पर्खाल' (रचना २०३८/प्रकाशन २०४२)

'त्यो पत्थर मूर्ति बन्दैन' (रचना २०३८/प्रकाशन २०४२)

'विष्फोटको तेस्रो पाइला' (रचना २०३७/प्रकाशन २०४२)

'यामभरिको चिसो सपना' (रचना २०३८/प्रकाशन २०४४)

यी नाटकहरू 'गाउँघरका नाटकहरू'(२०५०), 'शिशिरका अन्तिम दिनहरू' (२०४२) र 'इथर' (२०४४) मा सङ्कलित छन् ।[२७]

यस चरणमा पूर्णाङ्कीभन्दा एकाङ्की नाटकको रचना बढी भएको पाइन्छ । त्यस्ता नाटकमा दृश्यान्तरको प्रयोग कम मात्रामा भएको छ, तर 'असिना पग्लन्छ' र 'यामभरिको चिसो सपना' एकाङ्कीमा भने दुई दृश्य रहेका छन् । 'विष्फोटनको तेस्रो पाइला', 'युद्धः उही ग्याँस च्याम्बरभित्र' नाटकमा तीन अङ्क छन् । यस चरणका नाटकमा पारिवारिक र सामाजिक विषयवस्तु पाइन्छ । 'युद्धः उही ग्याँस च्याम्बरभित्र' मा सामाजिक विषयवस्तु र 'गोधूलिमा हराएको क्षितिज', 'असाधारण पिंजडा', 'शिशिरका अन्तिम दिनहरू', 'त्यो पत्थर मूर्ति बन्दैन', 'यामभरिको चिसो सपना', 'विस्फोटको तेस्रो पाइला' नाटकहरूमा मनोवैज्ञानिक समस्या प्रमुख रहेको पाइन्छ । ती नाटकहरूमा पुरुषको तुलनामा स्त्री पात्रको प्रयोग पाइन्छ । अर्थको समस्या विज्ञानको ध्वंसात्मक कार्य, सतही आकर्षण, अभौतिक प्रेम, पाशविक वृत्ति, रुढि संस्कार, देशप्रेम अनि समसायिक अवस्थामा देखापरेका विकृतिलाई यिनले यस चरणका नाटकमा कलात्मक रूपमा प्रस्तुत गरेका छन् ।[२८]

यस चरणमा लेखिएका नाटकमा यथार्थवादी नाट्यधाराका साथमा परिष्कार धारागत प्रवृत्तिको पनि प्रयोग भएको पाइन्छ । क्लिष्ट भाषाशैलीको प्रयोग यस चरणमा नाटकमा रहेको छ ।

### २.३.२ दोस्रो चरण (२०३९ - २०५८)

यस चरणको मुख्य लक्ष्य शून्यवादको स्थापना रहेको पाइन्छ । यसका साथसाथै सामान्य नाट्यशिल्पका तहमा नवआधुनिक प्रवृत्तिको पनि प्रयोग रहेको छ । यस चरणमा प्रकाशित एकाङ्की र पूर्णाङ्की नाटकहरू यसप्रकार छन् :

'इतिहासभित्रको इतिहास' (रचना २०३९/२०४१)

'कोलाज' (मञ्चन/प्रकाशन २०४४)

'इथर' (२०४४)

'ताण्डव नृत्य र अजम्बरी भ्वाइलिन' (रचना २०४०/२०४४)

'गोलार्धको कालो आकाश' (२०४४)

'एउटा कथा म भन्छु' (२०४५)

---

[२७] व्रतराज आचार्य, **आधुनिक नेपाली नाटक** (ललितपुरः साझा प्रकाशन, २०६६) पृ. ८५ ।

[२८] लक्ष्मीशरण अधिकारी, पूर्ववत् ।

'एस धम्मो सनन्तनो' (२०४४)

'इदमित्थम्' (मञ्चन, २०४७)

'जस्तो दन्त्यकथा' (मञ्चन२०४७/प्रकाशन २०५७)।[२९]

'इतिहासभित्रको इतिहास' नाकटबाट सरुभक्तको नाट्ययात्रा शून्यवाद तर्फ ढल्किएको छ। यस क्रममा उनी मानवीय अहम्लाई प्रभु अहम्, सहिष्णु अहम्, सृजनात्मक अहम्का रूपमा वर्गीकरण गर्दछन् र ऐतिहासिक अहम्वादलाई अहम् चुम्बकत्वको नियम र अह्म क्रान्तिका नियमद्वारा स्पष्ट्याउने प्रयत्न गर्दछन्। उनका अनुसार शून्यवादी अहम् अस्तित्वको पूर्ववर्ती हो। यसको सामीप्य एकातिर औपनिषदिक 'अहम् ब्रहमास्मि' र 'तत्त्वमसि' जस्ता चिन्तनसँग रहेको छ भने अर्कातिर बौद्ध दार्शनिक नार्गाजुनको 'शून्य'सँग छ।[३०] त्यस्तै गरी 'शिशिरका अन्तिम दिनहरू' नाटक प्रकाशन गर्दा त्यसमा शून्यवादलाई थप चर्चा गरी शून्यवादी अहम्लाई फ्रायड र फिस्टेको 'इगो' भन्दा भिन्न रूपमा प्रस्तुत गरिएको छ। यसरी सरुभक्त नाट्यशिल्पमा भन्दाबढी नाट्यवस्तुमा शून्यवादको आग्रह राख्दछन् र नाट्यशिल्पका तहमा उनी यथार्थवाद र नवआधुनिक रङ्गमञ्चसँग नजिक देखिन्छन्। 'इतिहास भित्रको इतिहास', कोलाज, इथर, कालो आकाश' आदि नाटकमा यसको प्रयोग भएको पाइन्छ।

यस चरणका नाटकहरू घटनाप्रधान हुनका साथसाथै विज्ञान विषयका र स्वैरकल्पनाको प्रयोग पनि भएको छ। सरुभक्तले 'इथर' मार्फत विज्ञान नाटकको शुरुवात गरेका छन्। सरुभक्त हाम्रो नाटक साहित्यमा नौला प्रयोक्ता हुन्। उनको 'इथर' ले हाम्रोमा एकदम नयाँ सम्भावनाको प्रवेश र प्रयोग देखाउँछ। विज्ञान नाटकको कल्पना र प्रयोग गर्ने उनी पहिला हुन्।[३१] 'इथर' मा संवादहीन दृष्यको प्रयोग पाइन्छ। उनले समस्यामूलक विषयलाई व्यापक बनाएर प्रयोगधर्मी नाटकको रचना गरेको पाइन्छ।

### २.३.३ तेस्रो चरण (२०५९ देखि हालसम्म)

यस चरणमा सरुभक्तले प्रयोगवादतर्फ उन्मुख हुँदै विभिन्न प्रवृत्तिका नाटकको रचना गरेका छन्। उनले शून्यवादलाई भन्दा विसङ्गतिवादी, विज्ञान विषयक, नेपाली ग्रामीण समाजलाई विषय बनाएर नाटक रचना गर्नतिर रुचि देखाएका छन्। यस चरणका उनका नाटकमा पूर्वदृश्य प्रविधि र मूक अभिनयपद्धति पनि प्रयोग गरिएको छ। यसको सफल मञ्चन ध्वनि, प्रकाश र यान्त्रिक उपकरणविनाको रङ्गमञ्च सम्भव छैन।[३२] लोकनाट्यशैली,बालक्रीडा शैली, पौराणिक मिथक, वैज्ञानिक चिन्तन आदिको प्रयोग उनका नाटकमा पाइन्छ। यस चरणमा लेखिएका नाटकहरू :

---

[२९] व्रतराज आचार्य, पूर्ववत्, पृ. ८७।

[३०] ऐजन।

[३१] गोविन्दराज भट्टराई, **आधुनिक पाश्चात्य नाटकका प्रयोगवादी मोडहरूः सन्दर्भ नेपाली नाटक**, प्रज्ञा, (सम्पा, इश्वर वराल) (२०४९, पूर्णाङ्क ७६) पृ. ४०।

[३२] व्रतराज आचार्य, पूर्ववत्, पृ. ९०

'मलामी' (२०५३, मिर्मिरेमा प्रकाशित)
'रेलिमाई रेलिमाई रेलिमाई' (२०५५, निमावीयमा प्रकाशित)
'क्रिया याने नाम सर्वनाम विशेषण' (२०५५, निमावीयमा प्रकाशित)
'सन्नाटा र घडीको टिक् टिक् टिक्' (२०५५, निमावीयमा प्रकाशित)
'इदमित्थम्' (२०५५, निमावीयमा प्रकाशित)
'गृहलीला' (२०५५, निमावीयमा प्रकाशित)
'पीडा आमन्त्रण' (२०५५, निमावीयमा प्रकाशित)
'निमावीय' (२०५५, निमावीयमा प्रकाशित)
'सिरुमा रानी' (२०५८ मञ्चन/२०६१ प्रकाशन)
'गाउँको कथा यस्तो हुन्छ हैं - १ (२०६१)
'गाउँको कथा यस्तो हुन्छ हैं - २ (२०६१)
'गाउँको कथा यस्तो हुन्छ है - २ (२०६१)
'शरणार्थीहरू' (लेखन २०५८/प्रकाशन २०६१)
'थाङ्ला' (मञ्चन २०६१)
'समय गीत' (२०६१, समकालीन साहित्य)।[३३]

यस चरणलाई विज्ञान नाटक लेखनकालागि उर्वर चरण मान्न सकिन्छ। यस चरणमा २ वटा विज्ञान नाटकको लेखन तथा प्रकाशन भएको छ। त्यस्तै गरी नयाँ-नयाँ शैलीको प्रयोग र समकालीन नेपाली समाजले भोगिरहेको अवस्थाको चित्रण पनि पाइन्छ।

नाटक पढ्नका लागि मात्र लेखिँदैन भनी सरुभक्तले नाटकमा मञ्चन कला पनि हुनुपर्छ भन्ने कुरामा जोड दिएका छन्। उनी आफ्नो नाट्ययात्रामा आधुनिक हुँदै उत्तरआधुनिकतातर्फ अग्रसर छन्। सङ्ख्यात्मक र गुणात्मक दुवै रूपले उनका नाटक उल्लेखनीय छन्।

## २.४ सरुभक्तको विज्ञान नाटकलेखन

आधुनिक नेपाली नाट्य साहित्यमा खट्किरहेको खाँचोलाई सरुभक्तले पूर्ति गर्ने काम गरेका छन्। विश्व साहित्यमा भएको विज्ञानको विकास र विस्तारलाई लिएर विज्ञान साहित्यको विकास हुनुपर्छ भन्ने धारणा राखेर उनले विज्ञान नाटक रचना गरेको पाइन्छ।[३४] सरुभक्तले विज्ञानको विषयवस्तु, वैज्ञानिक परिवेश, वातावरण र मानसिकतामा निर्भर रहेर नाटक लेखेका छन्। उनका अहिलेसम्म प्रकाशित विज्ञान नाटकहरू यसप्रकार छन् :

१) 'इथर' (२०४४)
२) 'निमावीय' (२०५५)
३) 'समय गीत' (२०६१)

---

[३३] पूर्ववत्, पृ. ९०

[३४] प्रज्ञादेवी निरौला, **चूली उपन्यासको कृतिपरक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, २०६३)।

सरुभक्तले विज्ञान नाटकको आरम्भ मात्र गरेका छन् । यसको सुदृढ परम्परा कसरी विकास हुन्छ त्यो स्थितिलाई त अझै हेर्न बाँकी छ । 'इथर' र 'निमावीय' नाटकमा वैज्ञानिक प्रगति, उपलब्धि र विज्ञानले मानवजीवनमा पुऱ्याएको विवशतापूर्ण जीवनभोगाइको चित्रण भएको छ ।[३५] अन्य साहित्यलेखन र विज्ञान साहित्यलेखनबीच कर्ममा भिन्नता भएपनि धर्ममा भिन्नता हुँदैन । महान् विज्ञान साहित्यकारको मस्तिष्कमा विज्ञान हुन्छ, अन्तः करणमा समाज हुन्छ ।[३६] समाज विज्ञानको अभिशप्तमूलक दृष्टिकोणबाट मुक्त रहनुपर्छ भन्ने धारणा सरुभक्तको छ । त्यस्तै वैज्ञानिकहरू पृथ्वीको विध्वंशात्मक र हिंसात्मक प्रवृत्तिमा संलग्न नरहेर मानव र प्रकृतिको संरक्षण र उपकरणमा संलग्न रहनुपर्छ भन्ने धारणा सरुभक्तको छ । त्यस्तै वैज्ञानिकहरू पृथ्वीको प्रकृतिको संरक्षण र उपकरणमा संलग्न रहनुपर्छ भन्ने जीवनवादी चिन्तन लेखकको छ ।[३७]

सरुभक्तले नेपाली नाटक साहित्यमा नौलो विषयलाई समावेश गर्दै नौलोपन थप्ने काम गरेका छन् । उनी विज्ञान नाटकको अवस्था बामे सर्दै गरेको छ भनी यसको विकासमा सम्पूर्ण साहित्यकारको ध्यानाकर्षण गर्नुपर्ने कुरामा जोड दिन्छन् । (हेर्नु परिशिष्ट) उनले विज्ञान नाटकमा नयाँ प्रयोग गरेका छन् । उनका नाटकमा रङ्गविधानमा नौलोपन र पात्रविवरणमा साङ्केतिक, सूत्रात्मक र साङ्ख्यिक खालको पाइन्छ । उनले नाटकमा लामो संवाद (१२ पृष्ठ) को प्रयोग पनि गरेका छन् । उनले स्वैरकल्पनालाई कलात्मक माध्यमबाट नाटकमा प्रयोग गरेको पाइन्छ ।

## २.५ सरुभक्तका विज्ञान नाट्ययात्राको विकासक्रम

वि.सं. २०४४ मा सरुभक्तद्वारा लिखित 'इथर' नाटकको प्रकाशन भएपश्चात् विज्ञान नाटकको यात्रा अगाडि बढ्दछ । उनले नेपाली नाट्य साहित्यको इतिहासमा नौलो विषयको प्रयोग गरेर आफ्नो छुट्टै स्थान तय गरेका छन् । 'इथर' नाटकको प्रारम्भ रङ्गविधानमा नौलोपन छ र पात्र साङ्केतिक, सूत्रात्मक र साङ्ख्यिक छ । कथा विश्वको जुनसुकै पृष्ठभूमिमा पनि घट्न सक्छ ।[३८] यसमा कृत्रिम मानवहरूको परिकल्पना गरिएको छ, जसमा यौनरहितता पाइन्छ । यसले मानवतावादी सन्देश दिएको छ र सङ्कटग्रस्त मानवअस्तित्वको रक्षामा वैज्ञानिकको चासो रहेको देखिन्छ ।[३९] विश्वमा विज्ञानले गरेको विध्वंशात्मक विकासको विरुद्धमा सरुभक्तले जोड दिएको पाइन्छ ।

उनको दोस्रो विज्ञान नाटक २०५५ सालमा प्रकाशित 'निमावीय' हो । यसमा प्रस्तुत विषय भौतिक उन्नतिप्रतिको मोह र वितृष्णा हो । विज्ञानले मानव समाजमा सकारात्मक उपकरण

---

[३५] रामचन्द्र पोखरेल, **समसामयिक नेपाली नाटकः प्रयोग र प्रवृत्ति** 'अवलोकन' २०५९, पृ. ३२

[३६] पुरुषेतम सुवेदीसँगको अर्न्तवार्ता, **बगर** (२०५९) पुर्णङ्क ४८ पृ. २२२३ ।

[३७] रामचन्द्र पोखरेल, पूर्ववत् (पृ. ३२,३३)

[३८] गोविन्दराज भट्टराई, **आधुनिक पाश्चात्य नाटकका प्रयोगवादी मोडहरू, सन्दर्भ नेपाली नाटक**, प्रज्ञा (सम्पा.) ईश्वर वल्लभ (२०५९, पूर्णाङ्क ७३) पृ. ४८ ।

[३९] राममचन्द्र पोखरेल, पूर्ववत्, पृ. ३२, ३३ ।

मात्र निर्माण नगरेर नकारात्मक उपकरण पनि निर्माण गर्दछ ।[४०] आज विश्वमा वैज्ञानिक अस्त्रशस्त्रले तेस्रो विश्वयुद्धको पूर्ण तयारी गरिरहेको छ । शक्ति सम्पन्न राष्ट्रले साना राष्ट्रको स्वतन्त्रता र अस्तित्व लुटी विश्वमा एकीकरणको अभियान आरम्भ गरेका छन् । तेस्रो विश्वयुद्धले मानवको निर्मम हत्या र समाजमा सन्त्रासपूर्ण स्थिति सिर्जना गर्न सक्ने सम्भावनालाई 'निमावीय' मा उल्लेख गरिएको छ ।[४१] मानिसको आत्मसन्तुष्टि विज्ञाननिर्मित वस्तुमा नभई प्राकृतिक वस्तुमा हुनुपर्छ भन्ने भाव निमावीयमा पाइन्छ । विज्ञानको हिंसात्मक प्रवृत्तिलाई मानव एकजुट भई रोक्नुपर्छ र समाजमा शान्ति स्थापना गर्नुपर्छ भनी नाटकमा व्यक्त भएको छ । लेखक नाटकमा यस्तो कुरा व्यक्त गर्दछन् –

> पृथ्वीवासी मनिसहरु एकजुट भई प्रतिरक्षात्मक
> विकासयात्रामा लागे भने ती मानवहरुलाई
> ग्यालेक्सी बाहिर नै रोक्न सकिन्छ ।

(निमावीय पृ. १६४)

वैज्ञानिक आक्रमणका कारण मानिसमा परेको सन्त्रासले गर्दा मानिसले मृतवत् जीवन भोग्नुपरेको छ भनी उनले 'निमावीय' मा भनेको पाइन्छ ।

त्यस्तै तेस्रो विज्ञाननाटक वि.सं. २०६१ मा प्रकाशित 'समय गीत' हो । यसमा पोखरेली भाषिकाको प्रयोग गरिएको छ । जसको कारणले गर्दा नाटक अन्य- भाषी व्यक्तिले पढ्दा असहज हुन्छ । यस नाटकमा प्रेम मानिसको अनिवार्यता हो भन्ने कुरा देखाउन खोजिएको छ । मुख्य रूपमा यस नाटकमा मानिसको पुर्खा पत्ता लगाउन गरिएको अनुसन्धानको क्रम प्रस्तुत गरिएको पाइन्छ । विवाहको दिनलाई पनि महत्वपूर्ण नलिई खोज-अनुसन्धानमा व्यस्त रहेर आफ्नो खोजलाई पूर्णता दिन खोजिएको छ ।

---

[४०] रामजन्द्र पोखरेल, **सरुभक्तको नाट्यचेतना,** नेपाली नाटक : सिद्धान्त र समीक्षा (काठमाडौं: विद्यार्थी पुस्तकर भण्डार २०६२) पृ. ४९१ ।

[४१] नेत्र एटम, **समकालीन नेपाली नाटकका मूल प्रवृत्ति,** रश्मि (२०६३ कात्तिक) पृ. ९३ ।

# तेस्रो परिच्छेद

# सरुभक्तका विज्ञान नाटकका मुख्य प्रवृत्तिहरू

## ३.१ समसामयिकता

आधुनिक नेपाली नाटकको चौथो धाराका रूपमा समसामयिक धारालाई चिनिन्छ । आधुनिक नेपाली नाटकको थालनी वि.सं. १९८६ मा प्रकाशित बालकृष्ण समको 'मुटुको व्यथा' नाटकबाट भएको मानिन्छ । त्यस बेलादेखि अहिलेसम्मको अवधिमा जे जति मौलिक नाट्यकृति लेखिएका छन् ती सबै आधुनिक नेपाली नाटक हुन् । समसामयिक नेपाली नाटक आधुनिक नेपाली नाटकको एउटा चरण हो, एउटा मोड हो, एउटा नवीन धारा हो वा एउटा खास समयावधिमा लेखिएको नाट्यस्वरूप हो ।[४२] आधुनिक नेपाली नाटकको यही चौथो चरणमा लेखिएमा नाटकहरू नै समसामयिक वा समकालीन नेपाली नाटक हुन् । वि.सं. २०३६ देखि हालसम्म करिब तीस वर्षको समयावधि नै समसामयिक नेपाली नाटकको खास अवधि हो । नेपाली नाटकको यस चरणमा देखापरेका अधिकांश नाटककार र तिनका नाट्यकृतिले समसामयिक एवम् नवीन नाट्यप्रवृत्तिलाई पछ्याएको दखिन्छ भने अघिल्लो चरणमा कतिपय नाटककारहरूले समेत यस चरणमा आइपुगेर युगानुकूल नव नाट्यप्रवृत्तिलाई अँगाली नाटक रचना गरेको देखिन्छ । अतः यस अवधिलाई समसामयिक नाट्यधाराका रूपमा लिन सकिन्छ ।

यस समयका नाटककारले वर्तमानसँग सम्बद्ध अभिलक्षणलाई आधार मानी समाज र जीवनबीचको गहिरो स्थिति र तत्कालीन युगचेतनालाई नाटकमा चित्रण गरेको पाइन्छ । वि.सं. २०५३ पूर्वका नाटकको भन्दा भिन्न भिन्न प्रवृत्तिलाई आत्मसात् गर्दै नयाँ-नयाँ खालका प्रवृत्तिलाई अँगालेर यस चरणका नाटक लेखिएका छन् । समसामयिक नाटककारले नाटकलाई कल्पना, भावना, आदर्श र स्वच्छन्दतावादी प्रवृत्तिबाट मुक्त गरी युवाजीवनको वास्तविकता, सत्यता, र यथार्थलाई स्थापित गरेका छन् । समसामयिक नाटकको कथावस्तु, पात्र, घटना, शिल्पशैली, परिवेश, अभिनय पक्षमा नयाँ प्रयोगका साथै प्रतीकवादी, अभिव्यञ्जनावादी, अस्तित्ववादी, विसङ्गतिवादी नाटकले मुख्य स्थान पाएका छन् ।[४३] वर्तमान समाज, जीवन र युगकै सामाजिक, आर्थिक, राजनीतिक तथा मानसिक यथार्थलाई स्वैरकल्पनात्मक शिल्पविधानद्वारा युगीन यान्त्रिक तथा कृक्रिम परिवेशमा अर्थहीन बन्दै गएको मानवीय जीवनको उद्घाटन यस समयका नाटकमा पाइन्छ । परम्पराभन्दा भिन्न मोडमा देखा परेको समसामयिक मोडमा बहुसांस्कृतिक परिप्रेक्ष सीमान्तीकृत वर्ग र समुदायलाई मूलधारमा ल्याउने प्रयत्न, लोकतत्वको नाटकीकरण, विधाभञ्जन, विनिर्माण आदि जस्ता प्रवृत्ति पाइन्छ ।[४४] वर्तमान समय जीवन र युगकै सामाजिक, आर्थिक,

---

[४२] कुमारप्रसाद कोइराला, **समसामयिक नेपाली नाटक**, मिर्मिरे, वर्ष ३६, अंक ११, २०६४ फागुन पृ. ९१ ।

[४३] रामचन्द्र पोखरेल, **समसामयिक नेपाली नाटकः प्रयोग र प्रवृत्ति**, अवलोकन, वर्ष ३, अंक १, पूर्णाङ्क ३,२०५ पृ. ३६

[४४] व्रतराज आचार्य, **आधुनिक नेपाली नाटक** (ललितपुरः साझा प्रकाशन २०६६) पृ. ४३

राजनीतिक तथा मानसिक यथार्थवाद व्यङ्ग्यका साथै कतै वस्तुपरक र कतै चाहिं आत्मपरक निरीक्षणद्वारा आफ्ना नाट्यरचनामा अभिव्यक्ति गर्ने प्रवृत्ति यस चरणको विशेषता हो ।[४५]

यस समयका नाटककारहरूले परम्परावादी मान्यता तथा विशेषताहरूलाई पन्छाउँदै नयाँ प्रयोग गरी नाटक लेखेको पाइन्छ । ती नाटककारले कल्पना, भावना, आदर्शवाद र स्वच्छन्दतावादी प्रवृत्तिलाई पर सार्दै वास्तविक सत्य र यथार्थमा केन्द्रित रहेर नाटक लेखेका छन् । नाटकमा विज्ञान विषयको प्रस्तुति, सडक नाटक, गीतिनाटक जस्ता नयाँ रङ्गमञ्चीय प्रयोग पाइन्छ । यस समयका नाटककारहरूले आफ्ना नाटकमा सामाजिक, आर्थिक, पारिवारिक एवं मनोवैज्ञानिक समस्यालाई प्रकाश पार्दै मानवविकृति, पाशविक कार्यको नग्न स्थिति, व्यङ्ग्यात्मकता आदिलाई मुख्य स्थान दिएका छन् । उनीहरुले सिद्धान्त र नियमबाट टाढा रही युगीन सन्दर्भलाई मुख्य स्थान दिई नाटक लेख्नु नै यस समयको उपलब्धि मानेको पाइन्छ ।

स्वैरकल्पनाको प्रयोग व्यङ्ग्यात्मकता, सडकनाटक, अस्तित्ववादी, विसङ्गतिवादी नाटक, प्रयोगधर्मीनाटक, रङ्गमञ्चीय नाटक, विज्ञान नाटक आदि विशेषता बोकेका नाटकहरू समसामयिक नाटकमा पाइन्छन् ।

समसामयिकता अर्न्तगत नै विज्ञान नाटकको विकास भएको पाइन्छ । विज्ञानका क्षेत्रमा देखापरेका विविध सन्दर्भहरूलाई प्रयोग गरी लेखिने नाटक विज्ञान नाटक हो । विज्ञान विषयमा कलम चलाउने नाटककारमा वैज्ञानिक अर्न्तदृष्टि हुनुपर्छ ।[४६] वैज्ञानिक तथ्यमा आधारित परिकल्पना प्रयोग गरिएको नाटक विज्ञान नाटक हो । यसले समकालीन वैज्ञानिक उन्नति, ज्ञान तथा काल्पनिक यात्राको विकृति प्रस्तुत गर्छ, जसमा अद्भुत भूमि, अन्तरिक्ष तथा समय र आयामका नयाँ स्वरूप पाइन्छन् ।[४७] विज्ञानको विषयवस्तु, विज्ञानमूलक चरित्रचित्रण, रङ्गमञ्चीय शैली आदिको प्रयोग विज्ञान नाटकमा भएको पाइन्छ । अहिलेको समयसम्म आइपुग्दा सरुभक्त मात्र विज्ञान नाटक लेख्ने पहिलो नाटककार भएको पाइन्छ । उनले नाटकका क्षेत्रमा विज्ञानको नयाँ विषयवस्तु प्रयोग गरेर नवीन प्रवृत्तिलाई जन्माउने कार्य गरेका छन् । उनका विज्ञान नाटकमा पाइने मुख्य-मुख्य विशेषतालाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

## ३.२ स्वैरकल्पना

नाटककार सरुभक्त स्वैरकल्पनाका प्रयोगकर्ता नाटककार हुन् । स्वैरकल्पना भनेको यथार्थलाई अभिव्यक्त गर्ने क्रममा कल्पनाका माध्यमबाट यथार्थ धरातल भन्दा वा यथार्थका सामान्य सीमा नाघ्दै स्वच्छन्द रूपमा बाहृयजगतमा उडेर बुझाउनु हो । यस क्रममा बाह्यस्तरका स्वैरकल्पना असम्भव देखिन पुगे पनि आन्तरिक रूपमा यथार्थ र ठोस धरातलसम्मत रहेको भेटिन्छ ।

---

[४५] कृष्ण शाह यात्री, **नेपाली नाटकः विगत र आगत'** प्रतिनिधि नेपाली नाटक (काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा. २०६४) पृ. २७ ।

[४६] लक्ष्मीशरण अधिकारी, **विज्ञान साहित्यका स्रष्टा र सिर्जना** 'मधुपर्क' वर्ष २८, अंक ११, पूर्णाङ्क ३२२, चैत्र २०५२, पृ. ५ ।

[४७] ऐजन ।

सरुभक्तका नाटकहरू स्वैरकाल्पनिक छन् । उनका विज्ञान नाटकहरूमा यथार्थ जीवनमा नघट्ने घटना, वास्तविकतासँग मेल नखाने कथा-प्रवाह र अनौठा नौला प्रतीकात्मक पात्र र परिस्थितिको प्रयोग गरिएको छ । यिनको विज्ञान नाटक **निमावीय**ले अन्तरिक्ष वेधशाला देखाई त्यहाँका घटना, परिवेश र पात्र स्वैरकाल्पनिक भएर पनि तिनले मूलतः मनोरञ्जन दिने उद्देश्य राख्नुभन्दा पनि सटीक रूपमा यथार्थ उद्घाटन गर्दै बौद्धिकताका माध्यमबाट स्वैरकाल्पनिक अर्थ खोतल्ने र निकाल्ने प्रयत्न गरेको छ । यसैगरी उनको इथरमा आणविक हतियारका कारण पृथ्वी ( इथरमा) घट्नसक्ने घटनालाई स्वैरकाल्पनिक रूपमा देखाइएको छ । सरुभक्तको निमावीय नाटकको घटनाक्रम पनि स्वैरकाल्पनिक छ । यसमा फोन मान्छे जसरी बोल्नु, निमाहरू आफ्नै संसार बनाउनुपर्छ भनी लाग्नुजस्ता घटना स्वैरकाल्पनिक छन् । यस नाटकमा निमा १ भन्दा निमा २, निमा २ भन्दा निमा ३, निमा ३ भन्दा निमा ४ बढी मावनीय गुणसँग मिलेको देखाउनु पनि स्वैरकाल्पनिक घटना हो । यस नाटकमा ओमेगा, निमा ४ आन्तरिक्षको वगैँचामा खेल्न जानु सम्भव छैन । त्यहाँ उनीहरू भूइँमा खेल्दछन् तर यी घटना यथार्थमा सम्भव छैन । त्यसैले यी घटना स्वैरकल्पनात्मक छन् । निमावीय नाटकमा निमा १ ले आफू पुरानो भएको र मानवीय भाव अनुभव गर्न नसक्ने भएको कुरा बनाउँदा पनि स्वैरकल्पनात्मक हो । यस नाटकमा अल्फाले भन्दा निमा ४ लाई श्रीमतीको रूपमा स्वीकार गर्नु पनि स्वैरकल्पनात्मक घटना हो । यस नाटकमा निमा ४ ले मानवीय भाव अनुभव विस्तारै अनुभव गर्न थाल्नु पनि स्वैरकल्पनात्मक घटना हो ।

**इथर** नाटकमा रङ्गमञ्च निर्माणदेखि नाटकको अन्त्यसम्म नै विभिन्न ठाउँमा स्वैरकल्पनाको प्रयोग भएको छ । यस नाटकको पात्र प्रयोगमा पनि स्वैरकल्पनाको प्रयोग भएको छ । यस नाटकमा मानव निर्मित यन्त्र मानवले मानिसले भन्दा स्मृति अनुभव, ज्ञान, बढी गर्ने भएकाले यात्राको विचार पक्षमा पनि स्वैरकल्पनाको प्रयोग गरिएको छ । यस नाटकमा पृथ्वीको अस्तित्व बचाउन डा. एक्सले 'द्रव्य-२' को आविष्कार गरी मुसामा र छोरीमा प्रयोग गरी वैज्ञानिक आविष्कारलाई चुनौती दिनु पनि स्वैरकल्पनाको प्रयोग गरिएको छ । यसरी हेर्दा सरुभक्तका विज्ञान नाटकमा स्वैरकल्पनाको भरपूर प्रयोग गरिएको छ । उनका विज्ञान नाटकका पात्र चरित्र, परिवेश, कथावस्तुमा विशेष गरी स्वैरकल्पनाको प्रयोग गरिएको छ । नेपाली नाटक परम्पराको मोहनराजशर्माको जेमन्त, यमा, वैकुण्ठ एक्सप्रेस आदि नाटकबाट सुरु भएको स्वैरकल्पनाको प्रयोग सरुभक्तमा पुगेर विशेष उत्कर्षमा पुगेको छ । सरुभक्तका नाटकमा विषय पक्षलाई देखाउने र घटनालाई रोचक बनाउन स्वैरकल्पनाको प्रयोग गरिएको छ ।

## ३.३ रङ्गमञ्चीय प्रयोग

रङ्गमञ्चीय प्रयोग सरुभक्तको नाटकको अर्को विशेष उल्लेखनीय प्रवृत्ति हो । उनका नाटकका रङ्गमञ्च अत्याधुनिक किसिमका हुन्छन् । उनका विज्ञान नाटक यथार्थवादी रङ्गमञ्चमा देखाउन सकिने हुँदैनन् । उनका नाटकमा सिगै प्रकृत्तिलाई नै रङ्गमञ्च बनाइएको हुन्छ । कतै विज्ञानको अत्याधुनिक प्रयोग सामग्रीले युक्त रङ्गममञ्चको प्रयोग गरिएको छ । उनका नाटकको रङ्गमञ्च निर्माण कुनै नियमित किसिमको हुँदैन । उनका विज्ञान नाटकमा एउटा पृथ्वी, अन्तरिक्ष, घर, वेधशाला, रुख, बुट्टा आदि रङ्गमञ्चका रूपमा आएका हुन्छन् । उनका नाटकमा रङ्गमञ्चमा

एकभन्दा बढी घटना आफै घट्छन् । पर्दा आफै खस्छन् । उनका नाटकमा दृश्य परिवर्तन नभएर उज्यालो खस्ने, अँध्यारो भएर दृश्य हुने, जस्ता घटना भई नाटकको घटना परिवर्तन हुन्छन् ।

**इथर** नाटकको सुरुमा एक्स १ र ०२ टी.भी. हेरिरहेका अवस्थामा छँदा घटना आरम्भ हुन्छ । यस नाटकको रङ्गमञ्च पृथ्वीको कुनै अज्ञात ठाउँ रहेको छ । यस नाटकको एक अङ्क ३ दृश्य भए पनि रङ्गमञ्च भने एउटै रहेकोछ । यस रङ्गमञ्चको आकृतिमा एउटा घरको एका पट्टि अत्याधुनिक वैठक कोठा र अर्कोतर्फ वैज्ञानिकको प्रयोगशाला देखाइएको छ । यस नाटकमा दृश्य परिवर्तन हुँदा प्रकाश आफै परिवर्तन भएर जान्छ र नाटकको घटना पनि परिवर्तन हुन्छ ।

**'निमावीय'** नाटकको रङ्गमञ्च सामान्य रङ्गमञ्च नभएर विशिष्ट रङ्गमञ्च रहेको छ । यस नाटकको रङ्गमञ्च अन्तरिक्षमा रहेको छ । नाटकमा अन्तरिक्ष वेधशाला प्रमुख रङ्गमञ्च हो । यसको बनोट अत्याधुनिक किसिमको छ । नाटकको दृश्य परिवर्तन हुँदा कतै पर्दा हिँड्छ भने कतै पुरै रङ्गमञ्च हिडेको देखाइएको छ । यस नाटकको शब्दहीन दृश्यमा ज्यादा प्रयोगधर्मिता रहेको छ ।

**'समय गीत'** नाटकको रङ्गमञ्चका रूपमा पृथ्वीको कुनै ठाउँको खाडी मुलुक भएर आएको छ । यस नाटकमा रङ्गमञ्चमा खाल्डो देखाइएको छ । एउटा खाल्डो खनिसकेपछि पुनः अर्को खाल्डो खनिएको देखाउन नसकिने किसिमका रहेका छन् । उनका नाटक अत्याधुनिक रङ्गमञ्चमा देखाउन पनि कतै असम्भव जस्तै पाइन्छन् ।

## ३.४ भाषिक प्रयोग

सरुभक्तको नाटकका विभिन्न प्रवृत्तिमध्ये भाषिक प्रयोग पनि एक प्रमुख प्रवृत्ति हो । यिनका विज्ञान नाटकको भाषा विविध किसिमको छ । उनका नाटकमा सामान्य साक्षर पात्रले बुझ्ने भाषाको प्रयोगभन्दा विशिष्ट किसिमका भाषाको प्रयोग गरिएको छ । उनका नाटकमा क्रियारम्भ, कर्तारम्भ भाषाको प्रयोग गरिएको छ । उनका नाटकका भाषामा जटिल किसिमका विज्ञानका सिद्धान्त सूत्रहरूको प्रयोग गरिएको छ ।

**इथर** नाटकमा विभिन्न किसिमका विज्ञानमा प्रयुक्त शब्दहरुको प्रयोग गरिएको छ । जस्तैः डिफ्न, गुरुत्त्वआकर्षण, ट्रान्समिटर, ब्रेण्ड बकस, गामा, अल्टाभाईल इन्फ्रेरेड, सेर्सेस, इलेक्ट्रोड, सायस, गति, आणविक कोश, सेल, पोजेटिभ, निगेटिभ, सौर्यमण्डल, नक्षत्रमण्डल आदि । यसरी हेर्दा उनको इथर नाटक सामान्य शिक्षित पाठकले बुझ्न सक्ने छैन । यसमा रसायन विज्ञानसँग सम्बन्धित भाषाको प्रयोग गरिएको छ । **निमावीय** नाटकमा भू-तथा ज्योतिष विज्ञानसँग सम्बन्धित भाषाको प्रयोग गरिएको छ । यसमा कम्प्यूटर र मानवयन्त्रसँग सम्बधित भाषाको प्रयोग गरिएको छ । जस्तैः- काँच, तरलपदार्थ, यन्त्र, आकाशगङ्गा, विकिरण, वम अर्थियन, सर्टिक, फिजिकल, केमिकल, फिजिक्स, न्यूक्लियर आदि । यस नाटकको भाषा जटिल किसिमको छ । त्यसैले अभिनय गर्न सजिलो छैन ।

**समयगीत** नाटकमा कथ्य भाषा र परिष्कृत दुवै किसिमको भाषाको प्रयोग गरिएको छ । यस नाटकमा मजदुरहरूले बोल्ने भाषा र 'क' 'ज्ञ' ले बोल्ने भाषा फरक छ । यस नाटकमा गाउने किसिमको कथ्यमा नेपाली भाषाको प्रयोग गरिएको छ ।

यसरी हेर्दा उनका नाटकमा विविध किसिमको भाषाशैलीको प्रयोग गरिएको छ । उनको विज्ञाननाटक भाषाको जटिलताका कारण अभिनययोग्य भन्दा पनि पठन योग्य रहेको छ ।

यसरी हेर्दा सरुभक्तका विभिन्न नाट्य प्रवृत्तिमध्ये समसामयिक प्रमुख प्रवृत्ति हो । उनले समसामयिक समयमा विज्ञानका कारणले मानवमा पुग्नसक्ने प्रभावलाई मुख्य विषय बनाएको पाइन्छ । उनका नाटकले समसामयिक विश्व घटनामा घट्ने वा घट्न सक्ने विषयलाई प्रमुख रूपमा उठाएका छन् । उनको नाटकमा रङ्गमञ्चको विशेष प्रयोग गरिएको छ । उनका नाटकमा रङ्गमञ्च अत्याधुनिक किसिमका हुन्छन् । उनका नाटकका परम्परागतभन्दा आधुनिक रङ्गमञ्चको प्रयोग गरिएको छ । उनको नाटकको मात्रा जटिल वा सरल दुवै किसिमको रहेको छ ।

# चौथो परिच्छेद

# सरुभक्तका विज्ञान नाटकको विश्लेषण

## ४.१ पृष्ठभूमि

नाटक बन्नको लागि आवश्यक पर्ने अङ्ग वा अवयवलाई नाटकको तत्त्व भनिन्छ । संस्कृत नाट्यपरम्परामा वस्तु, नेता र रसलाई नाटकको तत्व मानिएको छ । यस सन्दर्भमा भरतवाक्यलाई आधार मानिएको पाइन्छ ।

भरतले इतिवृत्त वा वस्तुलाई शरीर मानेर यो पञ्चसन्धियुक्त, पाँच कार्यावस्था र पाँच अर्थप्रकृतिहरू रहने अवधारणा प्रस्तुत गरेका छन् । मूल कथा र त्यससँग सम्बन्ध राख्ने सम्पूर्ण घटनालाई कथावस्तु भनिन्छ । कथावस्तुका तीन आधारहरू - इतिहास, पुराण र कविकल्पना छन् । संयोजनको दृष्टिले वस्तु दुई भागमा विभाजित हुन्छ - आधिकारिक र प्रासङ्गिक । आधिकारिक वस्तु मूल कथावस्तुलाई भनिन्छ । प्रासङ्गिकका भेद दुई मानिएका छन् - पताका र प्रकरी । पताका मुख्य कथासँगै बगिरहने र प्रकरी बीचबीचमा देखापरी कथानकको विकासलाई पनि अघि बढाउँदै बीचबीचमा टुङ्गिदै जाने हुन्छ ।[४८]

नाटकीय कार्यव्यापारलाई व्यवस्थित र सुगठित रूपमा विकसित गर्ने व्यक्तिलाई नेता भनिन्छ । नाटकमा धर्म, अर्थ, काम, मोक्ष मध्ये कुनै एकको फल- प्राप्तिका लागि अग्रसरता देखाउने र फलको भोक्ता, नाटकीय घटनाको सञ्चालकलाई नेता वा नायक भनिन्छ । यस्तो नाटक सामान्यतया त्यागी, वीर, कुलीन, सम्पन्न, रूप, यौवन र उत्साहले परिपूर्ण, कार्यकुशल, तेजस्वी, मर्मज्ञ र चरित्रवान् हुनुपर्छ । धीरोदात्त, धीरोद्धत्त, धीरललित र धीरप्रशान्त गरी नाटकका चार भेद छन् । संस्कृत साहित्यमा आचार्यहरूले नायककी पत्नी वा प्रिया अथवा नाटकको प्रमुख स्त्री पात्रलाई नायिका मानेको पाइन्छ । स्वकीया, परकीया र सामान्या गरी नायिकाका तीन भेद रहेको छ ।

काव्यको प्राणतत्वका रूपमा रसलाई मानिएको छ । नाटक अभिनयको मूल उद्देश्य रसाभिव्यक्ति हो भने अभिनयको सफलता प्रेक्षकलाई रसावस्थामा पुऱ्याउनु हो । आचार्यहरूले नाटकमा श्रृङ्गा वा वीर अङ्गी रसका रूपमा र अन्य रस अङ्ग रसका रूपमा रहने वताएका छन् ।[४९]

पूर्वीय नाट्य परम्परामा नाटकका तत्वका रुपमा वस्तु, नेता र रसलाई प्रमुख आधार मान्दै नाटकको विश्लेषण गरिएको पाइन्छ । तर आधुनिक नेपाली नाट्यजगतमा कथावस्तु, पात्रविधान, द्वन्द्वविधान, भाषाशैली, संवादप्रयोग, अङ्क- दृश्य प्रयोग, अभिनेयता जस्ता तत्वलाई आधार मानेर नाटक विश्लेषण गरिएको पाइन्छ । अतः सरुभक्तका विज्ञान नाटकलाई पनि यिनै आधुनिक तत्वका आधारमा विश्लेषण गरिएको छ ।

---

[४८] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश** काठमाडौं: साझा प्रकाशन, २०४० पृ. ७१ ।

[४९] केशवप्रसाद उपाध्याय, पूर्ववत् ।

## ४.२ 'इथर' नाटकको विश्लेषण

### ४.२.१ पृष्ठभूमि

'इथर' विज्ञान नाटक हो । नेपाली नाट्य साहित्यजगतमै ऐतिहासिक स्थान बनाउन सफल विज्ञान नाटक हो 'इथर' । यस नाटकलाई विज्ञान तथा प्रविधिका विविध सन्दर्भलाई समेटेर तयार पारिएको छ । 'इथर' नाटकमा मानवनिर्मित मानव (रोबोट) को प्रयोग पनि गरिएको छ । यस नाटकमा परिवेशचित्रण, कथावस्तुको संयोजन, चरित्रचित्रण, नाटकगत उद्देश्य विज्ञानसँग नै सम्बन्धित रहेको छ । प्रस्तुत नाटकमा वैज्ञानिक आविष्कार, रासायनिक सूत्र, वैज्ञानिक उपकरण, अत्यधिक अविष्कारले मानिसलाई कृत्रिमतातर्फ धकेल्दै गएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । मानिसको आश्रयस्थल पृथ्वी हो र पृथ्वीलाई सुन्दर, शान्त र विशाल हुनबाट रोक्नुहुँदैन भन्ने मान्यतालाई अगाडि सार्दै वैज्ञानिक आविष्कार अर्थात् आणविक हातहतियार र अणुबमको आविष्कारको प्रहारबाट पृथ्वीमा हुने क्षतिलाई बचाउनका लागि नयाँ वैज्ञानिक आविष्कार गर्न डा.एक्सको महानतम विचारको प्रस्तुति 'इथर' नाटकमा रहेको छ ।

'इथर' नाटकमा कथानक चरित्रचित्रण, पात्र, परिवेश आदिका प्रयोगमा नयाँपन ल्याइएकोले यो एक प्रयोगवादी नाटक बन्न पुगेको छ । यस नाटकमा स्वैरकल्पनाको प्रयोग पनि रहेको छ । यस नाटकमा विज्ञानको आविष्कारको दुरूपयोगले विभिनन नरसंहारक कार्य निम्त्याउँछ भन्ने भाव व्यक्त गर्दै त्यसको बचाउका लागि भएका कार्यलाई प्रस्तुत गरिएको छ । प्रस्तुत नाटकमा आणविक हातहतियार र बमको आविष्कारले पृथ्वीमा आतङ्क मच्चाइरहेको र त्यसले मानवीय क्षति भएको कुरालाई व्यक्त गर्दै त्यसको बचाउको लागि द्रव्य - २ को आविष्कार गरेर मुसा र एक्सको छोरीमा प्रयोग गरी त्यस्ता आविष्कारलाई चुनौती दिएको छ ।

विज्ञानमा प्रयुक्त हुने अंग्रेजी शब्दहरूको बढी प्रयोग र लामो संवादका कारण सर्वसाधारणले बुझ्न कठिन भएता पनि नेपाली नाट्य साहित्य जगत्मा विज्ञान नाटकको सुरुवात गर्न **इथर** सफल नाटक बनेको छ

### ४.२.२ शीर्षकको सार्थकता

प्रस्तुत नाटकको शीर्षक नाटकको भावपक्षको प्रधानताबाट राखिएको छ । यस नाटकको शीर्षक तीन अक्षरबाट रहेको छ । 'इथर' भनेको पृथ्वीवासी, पृथ्वीबाट आकासतर्फ हेर्दा देखिने नीलो भाग, मनग्य, भन्नेजस्ता अर्थमध्ये नाटकमा पहिलो अर्थ पृथ्वी वा पृथ्वीवासी भन्ने अर्थमा आधार वा स्थान जनाउने विभक्ति चिन्हमा लागि 'इथरमा' बनेको छ । यो विज्ञानको बढी प्रचलित शब्द हो । रसायन तथा भौतिक विज्ञानअनुसार इथर भनेको पृथ्वीको उत्पत्ति हुनुभन्दा अघि भएको महाविस्फोटन जसबाट तापीय शक्तिबाट पृथ्वीजस्ता नौं ग्रह उत्पन्न भए भन्ने हुन्छ । इथरले यहाँ सम्पूर्ण पृथ्वीवासी, महाविस्फोटका बीचमा परेका पृथ्वीवासी भन्ने अर्थ प्रदान गरेको छ । 'कोरिएको' शब्दले लेखिएका, रचना गरिएको वा पठाउन योग्य पारिएको भन्ने अर्थ दिएको छ । 'प्रेमपत्र' ले माया, दया, स्नेह आफूभन्दा साना वा ठूलालाई माया स्नेह वा आदरपूर्वक लेखिएको पत्र,चिठ्ठी भने अर्थ दिएको छ । यसरी हेर्दा प्रस्तुत नाटक शीर्षक इथरमा कोरिएको प्रेमपत्रले

विस्फोट, महामारी, विध्वंश, जर्जरता, जडतामा बाँचेका मानवसमुदाय मध्येको कसैले प्रेम, स्नेह, माया, ममता गरी लेखी पठाएको पत्र भन्ने अभिधात्मक अर्थ प्रस्तुत गरको छ ।

प्रस्तुत 'इथरमा कोरिएको प्रेमपत्र' नाटकको शीर्षक अभिधात्मकभन्दा पनि भावपरक वा अर्थपरक दृष्टिबाट सार्थक रहेको छ । यस नाटकमा डा.एक्सले इथरहरू (पृथ्वीवासी) ले अर्थ ( पृथ्वी) को अस्तित्व बचाउन गरेको अनुसन्धान र त्यसबाट प्राप्त भएको परिणाम द्रव्य-२ लिइ सारा पृथ्वी र पृथ्वीवासीलाई, शान्ति, अहिंसा, स्वतन्त्रता, मानवता बाँड्ने प्रणलाई प्रेमपत्रका रूपमा लिइएको छ । यस नाटकमा इथर वा पृथ्वीवासीहरूलाई डा.एक्सले दिन खोजेको वैज्ञानिक उपहारलाई नै प्रेमपत्र भनिएको छ । यस नाटकको शीर्षक घटनाभरि कतै पनि आएको छैन तर भावार्थ वा अर्थगत रूपमा डा.एक्सले नाटकको अन्तिममा 'मेरो एक मात्र आदर्श वा नारा यहि हो - 'पृथ्वी जीवनका लागि, जीवन पृथ्वीका लागि ।' भन्ने उपसंहारात्मक वाक्यका आधारमा शीर्षक सार्थक रहेको छ ।

### ४.२.३ कथावस्तु

नाटकको दृश्य 'त्र' बाट आरम्भ हुन्छ । डा. एक्सको कोठामा एक्स - १र ०२ टि.भी. हेरिरहेका हुन्छन् । टि.भी.मा उल्टो गणना १० बाट ० तर्फ शुरु हुन्छ र ० मा आइपुग्दा ठूलो विस्फोट भएको देखिन्छ । त्यसपछि यान आन्तरिक्षतर्फको यात्रा तय गर्छ । एक्स १ ले टि.भीं बन्द गर्छ र ०२ सँग वार्तालाप गर्छ । एक्स ० डा. एक्सकी छोरी हो । उसले बाल्यकालमै न्युटन र आइन्सटाइनका फर्मुला जान्दछे । एक्स १ एक्स ० लाई न्युक्लियर विशेषज्ञ बनाउन चाहन्छे भने +०० (मानव निर्मित मानव, बालक) लाई छोरा मानेर व्यवहार गर्ने कुरा ०२ (एक मानवनिर्मित मानव, नारी) सँग व्यक्त गर्दछे ।

डा. एमले अन्तरिक्षयान प्रक्षेपण गर्छ । यसको सफलतामा डा.एक्सले बधाइ दिनुका साथै डा. एम तथा विश्वका सम्पूर्ण आणविक वैज्ञानिकहरूलाई गम्भीर चुनौती पनि दिन्छ । डा.एक्स उनीहरूले तयार पार्दै रहेको मानवजातिको अस्तित्व समाप्त पार्ने योजनालाई विफल पार्न व्यक्तिगत रूपमा संकल्प गर्दै युद्धस्तर रूपमा त्यस कार्यमा लाग्छ । डा.एक्सलाई खानपिन गर्न पनि फुर्सद हुँदैन । डा.एक्सको सम्भावित आविष्कारका वारेमा पत्रकारहरूले थाहा पाउँछन् र थप जानकारीका रूपमा डा.एक्सको कोठामा पत्रकार आउँछ । त्यसै क्रममा डा. एक्सले सबै परिवारका साथमा पत्रकारलाई समेत उसको प्रयोगशालामा लिएर जान्छ र सम्पूर्ण कुराहरूको जानकारी विस्तारमा बताउन थाल्छ । ऊ सातवर्ष पहिले श्रीमती र छोरीको साथमा भ्रमणमा निस्किएको बेलामा दोस्रो विश्वयुद्धमा ध्वस्त भएको हिरोसिमा र नागासाकी पुग्दा त्यहाँको असामान्य परिस्थितिमा भएको बीभत्स नरसंहार देखेर ऊ विचलित भएको र त्यसपछिको समय अनवरत रूपमा 'पृथ्वीमा जीवनको अस्तित्व बचाउ' अभियानमा लागेको कुरा बताउँछ । उसले परमाणुको संरचनात्मक विखण्डनद्वारा उत्पन्न विस्फोटको उर्जा आघात तरङ्ग, अतिउच्च ताप एवं न्युक्लीय विकिरणका जैविक प्रतिरोध क्षमताको विषयमा अनुसन्धान गर्ने क्रममा मानव शरीरमा हर्मोनयुक्त ग्रन्थिहरूका अतिरिक्त निस्कृय तथा सुषुप्त दोस्रो ग्रन्थी पनि रहेको पत्ता

लगाउछ र त्यसलाई उत्तेजित पार्ने रासायनिक द्रव्य 'द्रव्य - २' को आविष्कार गर्दछ । उसले यो प्रयोग पहिले मुसा र पछि आफ्नी छोरीमाथि गर्छ । छोरीलाई 'एन्टिन्युक्लियर इन्जेक्सन' दिन्छ र त्यसको क्षमतालाई प्रस्तुत गर्छ । उसले द्रव्य- २ सबै पृथ्वीवासीलाई सुपथ मूल्यमा उपलब्ध गराएर पृथ्वी जीवनका लागि र जीवन पृथ्वीका लागि भन्ने नारा लगाउँछ र नाटकको अन्त्य हुन्छ ।

मानवको आश्रयस्थल पृथ्वी हो र पृथ्वीलाई सुन्दर, शान्त र विशाल हुनबाट रोक्नु हुँदैन र आणविक हातहतियार र अणुवमको प्रहारबाट पृथ्वी र मानवलाई बचाउनुपर्छ भन्ने अभिप्राय डा.एक्सको रहेको पाइन्छ । एक्स १ ले शक्ति प्रदर्शन गर्ने अधिकार सबै राष्ट्रलाई छ र प्रदर्शित शक्तिले मानवसंहार रोक्न सक्दैन भन्ने भाव व्यक्त गर्दछे ।

डा.एक्सको सम्भावित तर स्वैरकाल्पनिक आविष्कारले कथानकमा कौतूलह प्रदान गरेको छ । डा.एम. ले डा. एक्सको चुनौतीलाई गम्भीर रूपमा लिँदा कथानक विश्वास गर्न लायकको बनेको छ । कथानक, मध्य र अन्त्यको श्रृङ्खलामा बगेको छ । रैखिक ढाँचामा कथानक अगाडि बढेको छ । तथा प्रयोगशालाका गतिविधिहरुलाई विकास भाग र आविस्कारलाई अन्त्य भाग मान्न सकिन्छ ।

उनले नेपाली नाट्यजगत्कै परम्परामा नयाँ विज्ञान विषयलाई प्रयोग गरेर यो नाटक लेखेका छन् । विषयवस्तुमा नयाँ प्रयोग गरेका छन् । मानव मानवको अस्तित्व जोगाउन सधैं प्रयत्नशील रहन्छ भन्ने कुराको प्रस्तुति यस नाटकमा रहेको छ ।

### ४.२.४ पात्रविधान

परम्परागत रूपमा कुनै पनि नियमलाई पालना नगरी अन्य आफ्नै तरिकाबाट पात्रको प्रयोग गरेको पाइन्छ । यस नाटकमा प्रमुख र सहायक गरी आठवटा पात्र छन् । पात्रहरू साङ्केतिक सूत्रात्मक र साङ्ख्यिक खालका छन् ।

पात्रविवरण

१. एक युवा डाक्टर एक्स (पहिलो, दोस्रो, तेस्रो...... कुनै पनि देशको)
२. युवा धर्मपत्नी एक्स - १ (एक्स वन्)
३. छोरी - उमेर बढीमा दश, कम्तीमा आठ । एक्स-० (एक सजिरोक)
४. ०१ - एक मानवनिर्मित मानव नारी, अधबैँसें ।
५. ०२ - एक मावननिर्मित मानव, नारी, युवा ।
६. ०३- एक मानवनिर्मित मानव, युवा, पुरुष ।
७. +०० - एक मानवनिर्मित मानव, बालक ।
८. डाक्टर एम् । (सरुभक्त 'इथर' (नाटक) (ललितपुरः साझा प्रकाशन, २०४४) पृ.४ (दोस्रो संकरण २०६४) ।

**डा. एक्स**

डा.एक्स नाटककारको मुख्य पात्रको रूपमा रहेको छ । भावुक र मानवतावादी पात्रको रूपमा डा.एक्स यस नाटकमा प्रस्तुत भएको छ । डा.एक्स यस नाटकको प्रमुख, केन्द्रीय पात्र हो । यो पात्र मानवतावादी पात्रबाट विकसित हुँदै जीवनवादी बन्न पुगेको छ । ऊ क्रुर वैज्ञानिकहरूको पञ्जाबाट सृजित हानिकारक अस्त्रहरूलाई निस्तेज तुल्याउन लागिपरेको छ । असाधारण प्रतिभा र स्पर्धा भाव भएका डाक्टरको अद्भुत चमत्कारले वर्तमान जीवन र मानवसमुदायलाई आत्मसम्मानपूर्वक बाँच्न दिने स्रष्टाको चाहना डा.एक्सको माध्यमबाट प्रसारित गरिएको छ ।

यो पात्र आदर्श, नायक, पुरुष, मानवीय, व्यक्तिगत, बृद्ध, मञ्चीय र अनुकूल छ ।

**एक्स - १**

शक्तिप्रदर्शन गर्ने अधिकार सबै राष्ट्रलाई छ तर प्रदर्शित शक्तिले मानव- संहार रोकिन सक्दैन भन्ने भाव एक्स-१ पात्रले बोकेकी छे । डा.एक्सको श्रीमतीको रूपमा नाटकमा प्रस्तुत भएकी छ । उसले पतिको मनसित बेमेल भाव राखेकी र पतिको महत्तम उद्देश्यलाई अराजकता मानेकी छे । डा.एक्सकोभन्दा भिन्न मत राख्ने वैज्ञानिकहरूको स्वार्थप्रेरित धारणासँग एक्स-१ को मतले मेल खाएको छ ।

ऊ यथार्थ, नायिका, स्त्री, मानवीय, वर्गगत, मञ्चीय, बद्ध र प्रतिकूल पात्र हो ।

**एक्स ०-**

डा.एक्सकी छोरी एक्स० । उसमा बालसुलभ चन्चलता पाइन्छ । ऊ बाल्यकालमा नै न्युटन र आइन्सटाइन फर्मुला ($\Sigma = MC^2$) जान्दछे । एक्स - १ उसलाई न्युक्लियर विशेषज्ञ भएको हेर्न रुचाउँछे । बुबा डा.एक्सको परीक्षणमा निडर र ज्ञानी बनेर मद्दत पुऱ्याएकी छे । ८-१० वर्ष उमेरकी यो पात्र बाल पात्र हो ।

**डा.एम**

डा. एम. परम्परित डाक्टरहरूको प्रतिनिधि पात्र हो । उसले डा.एक्सको चुनौतीलाई गम्भीरता साथ लिएको छ । डा.एमले चुनौती पाएकोले यो प्रतिनायक हो तर शक्तिशाली भने देखिँदैन । समकालीन अवस्थामा आडम्बरी भेषयुक्त बहुराष्ट्रको सङ्केतक हो, जो मिठो राग अलापेर कुटिल कार्य गर्छ र देशप्रेमका नाममा पक्षपातपूर्ण व्यवहार गर्छ । शक्तिको लागि उछिनापाछिन गर्नु र भिन्न राष्ट्रप्रति शत्रुतापूर्ण दृष्टि राखेर हत्याउने दाउ गर्नु उसको नीति हो ।

यो पात्र यथार्थ, बद्ध, मञ्चीय, मानवीय, प्रतिकूल पात्र हो र व्यक्तिगत नभै वर्गगत र पुरुष हो ।

**निमाहरू**

पात्रविवरणमा पर्ने अन्य चरित्रहरू निमाहरू (मानव निर्मित मानव) हुन् । ०१, ०२, ०३ र +०० लाई रोवटहरू जानीजानी नभनिएको हो । यिनीहरूलाई यान्त्रिक- मानव अथवा 'कृत्रिम-

मानव' नभनीकन 'मानवनिर्मित मानव' शब्दावली प्रयुक्त गर्नुको निश्चित कारण हो - यी मान्छेका कृत्रिम र यान्त्रिक प्रतिकृति मात्र नभइकन, मष्तिष्कसहित मनको स्तरमा पनि विकसित छन् । यी 'मानवनिर्मित मानव' हरूसित 'गणितीय मुटु' (Methematical heart) पनि छ ।[५०] सरुभक्त इथर, वि.सं. २०६४ मानवीय व्यवहारलाई कम्प्युटरमा कार्यक्रम भरेर राखिने यस युगमा मानवीय मूल्यहरू यन्त्रमा बाँधिन पुगेको छ ।

०१- अधबैशे नारी पात्र हो । यसलाई नाटकमा भान्से पात्रको रूपमा उपस्थित गराइएको छ । घरायसी सम्पूर्ण काममा निपुण ०१ ले आफूलाई 'बूढी' भनी बोलाउँदा रीस र हीनताबोध गरी ओठे जवाफ फर्काउँछे । उसमा आत्मसम्मान भने प्रशस्त पाइन्छ ।

०२- युवा नारीपात्र हो र नाटककी शिक्षिका पनि हो । एक्स १ ले उसलाई सहेलीको दर्जा दिएको छ । ऊ उच्चस्तरीय गणितीय शिक्षा प्रदान गर्न खटिएकी छे । एक्स ० र +०० लाई शिक्षण गरेकी छे । उसमा असीम पुत्रस्नेह देखिन्छ ।

०३ युवा पुरुष पात्र हो । ऊ डा.एक्सको सहयोगी निमा हो । रमाइलोको साथमा गम्भीर कुराकानी गर्ने निमा ०३ ले डा.एक्सको कार्यमा आफू संलग्न रहेकोमा सौभाग्यशाली भएको महसुस गरेको छ ।

+०० बालपुरुष पात्र हो । ऊ एक्सको सहपाठीको रूपमा रहेको छ । एक्स ० भन्दा उनमा गम्भीर स्वाभाव रहेको पाइन्छ ।

उपयुक्त निमाहरू मानवेतर, मञ्चीय, बद्ध अनुकूल, यथार्थ र व्यक्तिगत पात्रहरू हुन् ।

### ४.२.५ द्वन्दविधान

यस नाटकमा आन्तरिक र बाह्य दुवै किसिमको द्वन्द रहेको छ । यसमा विवेक र कूरताका बीचको द्वन्द्व प्रस्तुत गरिएको छ । यो युद्धलाई प्रकाश र अन्धकार, मानव र दानव, शान्ति र हिंसाबीच भएको द्वन्द्व भन्न सकिन्छ । विवेकलाई जीवनगत सामर्थ्य र कुरतालाई मृत्युमुखी शक्ति मान्न सकिन्छ । यसमा भौतिकवादी दृष्टिकोण र वैज्ञानिक आविष्कारको होडबाजीले विश्व-समाजमा पुऱ्याएको सन्त्रासपूर्ण वातावरणको चित्रण गरिएको छ । यसमा विश्वमा भएका तमाम आणविक वैज्ञानिकहरू र राजनेताहरूले विज्ञानको क्षेत्रमा गरेको विकासको त्यस पाटोलाई देखाईएको छ । जसमा कम्प्यूटरले गलत सूचना दिएमा कुनै पनि समयमा पृथ्वी ध्वस्त हुनसक्छ । डा.एकस जीवनवादी पात्र हो । उसले पृथ्वीको र मानवको अस्तित्व बचाउको लागि एक्लै संघर्ष गरेर सम्पूर्ण आविष्कारवादी वैज्ञानिकहरूलाई चुनौती दिएर त्यस कार्यमा आफू सफल भएको छ ।

डा.एक्सले एन्टिन्युक्लियर इन्जेक्सन द्रव्य-२ आविष्कार गरेर जीवनको सहन क्षमतामा असाधारण वृद्धि हुने तुल्याउँदै जीवनवादी डा.एक्सको विजय देखाएर नाटकमा हिंसालाई शान्तिले जित्छ भन्ने सन्देश दिएको छ ।

---

[५०] राजेन्द्र सुवेदी, **केही समीक्षणः केही विश्लेषण,** ललितपुर, साझा प्रकाशन, २०४९ पृ. १२ ।

मानव र मानवनिर्मित मानवका बीचमा आन्तरिक द्वन्द्व रहेको छ। एक्स १ र ०१ बीचको द्वन्द्व, ०१ र ०२ बीचको द्वन्द्व आन्तरिक द्वन्द्व हो । त्यस्तै वैचारिक द्वन्द्व पनि यसमा पाइन्छ । विचारहरूबीचमा भएको वार्तालाप पनि यसमा छ।

यसरी आन्तरिक र बाह्य्य दुवै खालको द्वन्द्व यस नाटकमा रहेको छ । द्वन्द्वका दृष्टिले यो नाटक सफल रहेको छ।

### ४.२.६ भाषाशैली

यस नाटकमा परिष्कृत भाषाको प्रयोग गरिएको छ । विज्ञान र प्रविधिमा विविध शब्दावलीको प्रयोगले गर्दा नाटक केही जटिल बनेको छ। जसले गर्दा नाटक साधारण मानसिकता भएको व्यक्तिलाई जटिल बन्न पुगेको छ । सोफासेट, टि.भी., भिडियो, फोन, कम्प्यूटर, घडी, प्रयोगशाला, काँच, बर्नर, कम्प्यूटर यन्त्र, ब्लेक बोर्ड, चक, डस्टर, फ्रेम, प्लेट, फेन्टासी, जिरोद्ध, एम्, सी न्युक्लियर फिजिक्स, हाइपोथेसिस, हेल्लो, डाक्टर, डब्लु एक्स वाइ, आइन्सटाइन, फर्मुला, डाइनिंग टेबुल, मम्मी, टिचर, सोल्भ ग्रीनविच, यमम ब्रेक, पनिसमेन्ट, प्लेटो, क्याल्कुलेशन, बोर्डिङ्ग स्कुल, डक्युमेन्टरी फिल्म, सुपर च्यालेन्ज, स्ट्रोडकफी, किचन, म्याडम, स्टेट्मेन्ट, बम, न्युटन, एन्टीबायटिक, इन्जेक्सन जस्ता अंग्रेजी शब्द र डिप्थ, गुरुत्वाकर्षण, ध्वनि तरङ्ग, ट्रान्समिटर, ब्रेनबक्स, गामा, अल्टा भायलेट इन्फेरेड, सोर्सेस, इलेक्ट्रोड, सायरन, गति, आणविक कोष, सेल, पोजिटिभ, नेगेटिभ, सौर्यमण्डल, नक्षत्र मण्डल, जोराल्ड, टऱ्याक्योनम, न्युट्रिनोडिटेक्टर, टेरेस्ट्रियल, औद्योगिक, च्यानल, उर्जाकरण, प्लाटिनम जस्ता विज्ञान क्षेत्रका शब्द प्रयोग भएका छन् । भावनाभन्दा बढी वैचारिकता हुनाले कथनहरू बुद्धिमत्तापूर्ण छन् । गम्भीर चिन्तनपरकता यसमा रहेको छ। प्राविधिक अंग्रेजी शब्दावलीको नेपालीमा उल्था गरिएकोले खासै कठिनाई बेहोर्नु पर्दैन । सुन्दर प्रतीकात्मक वाक्यको जडानले गर्दा केही आस्वाध हरफ पनि पाइन्छ। भाषामा टुक्रे वाक्य र उद्गार चिन्हको प्रयोग निकै भएको छ।

### ४.२.७. संवाद

यस नाटकमा पात्र अनुसारको संवादको प्रयोग गरिएको छ । आणविक हतियारका नामहरू, शरीरका विभिन्न ग्रन्थिहरूको विश्लेषणात्मक चर्चा आदिले गर्दा संवाद वौद्धिक र केही जटिल बन्न पुगेको छ। जीवको अस्तित्वको बारेमा गरिएका दार्शनिक कुराकानीले गर्दा संवादमा दार्शनिकता पाइन्छ । अन्तिममा डा.एक्सको १० पृष्ठ लामो संभाषण यथार्थमय स्पर्श दिन नाटककारले दार्शनिक र वैज्ञानिक तवरले प्रस्तुत गरेका छन् । यसैको बारेमा नाटककारले यस्तो प्रतिक्रिया जनाएका छन् । "अवश्य म साहित्यमा आवश्यकताभन्दा बढी बोल्न मन पराउँदिन ! 'न्युक्लियर व्याक्टेरियोलजी' बारे डाक्टर एक्सको अन्तिम संवाद (कथा) रचना गर्दा मैले यस आदर्शलाई उलङ्घन गरेको छैन । डाक्टर एक्स सिद्धान्तको प्रतिपादन, व्याख्या र परीक्षण गर्दछन् र करिब एक घण्टा विज्ञानको नवीनतम क्षेत्र र आफ्नो खोजबारे गम्भीर प्राध्यापन गर्दछन् । प्रयोगात्मक नाटकको यो संवाद एक 'प्रयोगात्मक आवश्यकता' हो । " (इथर) महत्वपूर्ण पात्रको संवाद १ घण्टा लामो नै किननहोस् हामी सुन्न तयार हुन्छौं भन्ने विश्वास नाटककारले रोखेका

छन् । न्युटन र आइन्टाइनलाई हामी उत्सुकतापूर्वक एक घन्टा सुन्न सक्छौँ भन्ने सामान्य विश्वासअनुरूप डाक्टर एक्सको संवाद रचना गरिएको छ । जहाँसम्म रङ्गमञ्चीय प्रस्तुतिको सन्दर्भ छ, यस्ता संवादले रचनात्मक नाट्य निर्देशन र कलाकारलाई 'पलायन' होइन, चुनौतीपूर्ण प्रोत्साहन दिन सक्ने कुरामा मेरो विश्वास रहेको छ ।

### ४.२.८. अङ्क र दृश्य प्रयोग

यो नाटक एक अङ्क र तीन दृश्यमा रचिएको छ । पहिलो दृश्य त्र, दोस्रो दृश्य ज्ञ (मूल दृश्य) र तेस्रो दृश्य त्र नामाकरण गरिएको छ ।

नाटकलाई धरै अङ्कहरूमा विभाजन गरिएको छैन र दृश्य विधानमा प्रयोगात्मकता पाइन्छ ।

दृश्य ज्ञको उपदृश्यमा संवादहीन दृश्यको चित्रण गरिएको छ । दृश्यको अन्त्यमा अपर्दा भनिएको छ । नाटकमा अनावश्यक अङ्क र दृश्यको प्रयोग भएको छैन ।

### ४.२.९.अभिनेयता

यो नाटक अभिनेयताको दृष्टिले त्यति उत्कृष्ट मानिदैन । किनकि यसमा प्रयोग भएका अत्याधुनिक सुविधायुक्त बैठककोठा, टि.भी. भिडियो, फोन, कम्प्यूटर, घडी, प्रयोगशाला, विभिन्न आकार प्रकारका काँचका भाँडाहरू नलीहरू, कम्प्यूटर यन्त्र आदिको आवश्यकता पर्दछ । जुन कुरा जुटाउन एकदमै जटिल हुन जान्छ । वैज्ञानिकको अत्याधुनिक सुविधायुक्त बैठककोठा र वैज्ञानिकको अत्याधुनिक प्रयोगशाला यस नाटकको रङ्गमञ्च हो । रङ्गमञ्चको देब्रे पट्टिको भागलाई अत्याधुनिक बैठककोठा र रङ्गमञ्चको दाहिने पट्टिको भागलाई अत्याधुनिक प्रयोगशाला भनिएको छ ।

### ४.२.१० विचारपक्ष

दिनानुदिन बढ्दै गएको विज्ञानका प्रभावबाट मान्छेको अस्तित्त्व माथि विजय प्राप्त गर्दै आएको विज्ञानको अराजक शासनलाई यस नाटक मार्फत प्रस्तुत गरिएको छ । यसमा आदर्श, यथार्थ र बालसुलभ भाव प्रकट भएको छ । विज्ञानको विकासले मानवसमाजमा शान्ति विश्वबन्धुत्व र आत्मीयताको भाव जागृत गरी मानवमा ईर्ष्या, लोभ, हिंसा र विद्रोहको भाव जगाएको छ । आजका मानिसहरू विज्ञानको विकासमा अन्धा भएका हुन् र आफ्नो स्वप्राप्तिको खोजमा छटपटाइरहेको भाव नाटकमा व्यक्त भएको छ ।

हामी मान्छे जातिको अहम् कति व्यापक र असीमित रूपमा महत्वकाङ्क्षी छ हामीलाई सम्पूर्ण ब्राम्हाण्डको ज्ञान र स्वामित्व चाहिएको छ । (इथर पृ. ३)

विश्वमा वैज्ञानिक उन्नतिले एकाधिकार जगाएको छ । ब्रम्हाण्डको ज्ञान र स्वामित्व प्राप्तिका लागि मानिस सक्रिय छन् तापनि उनीहरू लक्ष्यमा नपुग्दै उनीहरूको पतन वा विनाश भइरहेको छ भन्ने भाव व्यक्त,, गर्दै मानिसले ब्रम्हाण्डको ज्ञान र स्वामित्व प्राप्त गर्नु एक परिकल्पना मात्र हो भन्ने कुरा नाटकमा व्यक्त गरिएको छ :-

मान्छेको नवीनतम र सर्वस्वीकृत गणितअनुसार यो कुरा सम्भव लाग्दैन । यो मानवीय अहम्को नितान्त स्वप्नवत् परिकल्पना हुनेछ । (इथर पृ. ४)

विज्ञानको आविष्कारलाई मानवजातिको विकासमा समर्पित गराउनुपर्छ । मानवको संरक्षण र उत्थान गर्नुपर्छ । विज्ञानको आविष्कारमा अन्धा भएका अन्य पम्परावादी वैज्ञानिकलाई चुनौती दिदैं त्यसको विरुद्धमा नयाँ आविष्कार गरेको कुरा यस नाटकमार्फत प्रस्तुत गरिएकको छः-

विश्वभरका अन्तरिक्ष- भौतिकविद्हरू र अन्य तमाम वैज्ञानिकहरू जो आणविक महायुद्ध- अन्तरिक्ष सैनिकीरण र मानवजातिको पूर्व अस्तित्त्व नै समाप्त पार्ने महासंहार यज्ञका लागि होडबाजी गरिरहेका छन् । (इथर, पृ. ८)

नाटककारले पृथ्वी र मानवअस्तित्व अन्त्य गर्ने वैज्ञानिक उपलब्धिलाई स्वीकारेका छैनन् । वैज्ञानिकहरू मानवतावादको निर्मम हत्यामा होइन मानवतादको संरक्षणमा संलग्न हुनपर्छ, वैज्ञानिक उपलब्धिले पृथ्वी र मानवको चेतनामा रचनात्मक र सृजनात्मक बृद्धि ल्याउनुपर्छ भन्ने चिन्तन सरुभक्तका विज्ञान नाटकमा प्रकट भएको छ । आणविक हातहतियारको होडबाजीले स्वस्थ समाजको निर्माण हुँदैन । आजको विज्ञानवादको पृथ्वी क्षतविक्षत भएको धारणा नाटककारको छ र उनी भन्छन् :-

"...... उहिले संसार भूकम्पले हल्लिने गर्थ्यो, आजकाल संसार आणविक कम्पनले हल्लिने गर्छ ।" (इथर पृ. ११) पहिलो र दोस्रो विश्वयुद्धले पृथ्वी र मानव जीवनमा ठूलो क्षति पुऱ्यायो । दोस्रो विश्वयुद्धको विध्वंसात्मक र हिंसात्मक स्थिति भोगिसकेका सम्पन्न राष्ट्रहरू मानवकल्याणमा लाग्न सकेका छैनन् । बाध्य र देखावटी रूपमा विश्वशान्तिको नारा लगाउने शक्तिसम्पन्न राष्ट्रहरू आन्तरिक रूपमा दोस्रो विश्वयुद्धमा प्रयोग भएको १२,५०० टन.टी.एन.टी. बमको तुलनमा दुई करोड क्षमताले बढी बमहरू निर्माणमा संलग्न रहेका छन् । मानवसमाजमा यो विनाशपूर्ण बमको प्रहार जुनसुकै समयमा पनि हुन सक्छ । विज्ञानको विध्वंसात्मक र हिंसात्मक आविष्कार अन्त्य भएन भने विश्व महाप्रलयमा विसर्जन हुन्छ । यस नाटकमा सरुभक्तले ध्वांसात्मक र हिंसात्मक वैज्ञानिक उपलब्धिको विरोधमा निम्न मान्यताहरु अगाडि सारेका छन् ।

**मान्यता १ :** विश्वभरका शस्त्रीकरणमा संलग्न परमाणु वैज्ञानिकहरू मानव अस्तित्वका दुस्मन हुन् र तिनका सहयोगी अन्तरिक्ष वैज्ञानिकहरू, जो अन्तरिक्षमा पारमाणविक हातहतियार स्थापित गर्ने कार्यमा संलग्न भएका छन्  सामान्य रूपले मानव अस्तित्वका दुस्मन हुन् ।

**मान्यता २:** मान्छे जातिलाई पृथ्वीमा नै जीवित रहने प्राकृतिक अधिकार छ र जीवनदायी पृथ्वीलाई धरतीमाताका रूपमा आदर गरी यसप्रतिको कर्तव्य पूर्ण इमाानदारीपूर्वक पूरा गर्नुपर्छ ।

**मान्यता ३:** पृथ्वीबाट अन्य ग्रह र नक्षत्रतिर पलायन गरी अन्तरिक्षमा बस्ती, बसाल्ने आयोजनाले मानवीय अस्तित्वको संकट उन्मूलन हुँदैन, त्यसैले यस्ता अन्तरिक्ष अभियानहरूलाई मानवताविरोधी स्वीकार गरिनुपर्छ ।

**मान्यता ४:** पृथ्वीका प्रत्येक समस्या र प्रत्येक संकटको समाधान पृथ्वीमा नै खोजिनुपर्छ, यो नै मानव धर्म हो ।

**मान्यता ५:** विध्वांशात्मक शक्तिको उपासना विशेषगरी आणविक र पारमाणविक शक्तिको उपासना, इतिहासको सबभन्दा भयानक मानवीय रोग हो । यस मानवीय रोगलाई पूर्ण अस्तित्वविरोधी संक्रामक महारोगको दर्जा प्रदान गरी उपचार विधि खोजिनुपर्छ ।" (इथर पृ. ४४)

दासत्व स्वीकारेर बाँच्नु मानवतावादी होइन । आजको बदलिँदो परिस्थितिमा मानवतावादको वास्तविक स्वरूप पिँजडामा थुनिएको छ । आज सर्वत्र शक्तिशाली राष्ट्रवाद जीवनवाद बनेको छ । हिंसात्मक प्रवृत्तिमा संलग्न शक्तिसम्पन्न राष्ट्रवादलाई नाटककारले रक्तपिपासु र राष्ट्रवादका कीटाणु भनेका छन् । राष्ट्रवादका कीटाणुको भयावह स्थितिले मानवसभ्यतामा सन्त्रास र कोलाहल फैलिएको छ । यो सन्त्रासपूर्ण स्थितिले कुनै पनि पृथ्वीको परिक्रमा गडबडिन सक्छ। भीषण वैज्ञानिक प्रतिस्पर्धा रोकिनुपर्छ । पृथ्वी, जीव जन्तु र मानव सबैको अस्तित्व बँच्नुपर्छ भन्ने कुरा नाटककारले 'इथर' मा दर्साएका छन् ।

## ४.३ निमावीय नाटकको विश्लेषण

### ४.३.१ पृष्ठभूमि

**निमावीय** विज्ञान विषयको नाटक हो । नाटककार सरुभक्तको नाट्ययात्रामा लेखिएका विज्ञान नाटकहरूमध्ये निमावीय (२०५५) एक महत्वपूर्ण नाटक हो । प्रस्तुत नाटक विज्ञानलाई विषयवस्तु बनाएर लेखिएको छ । प्रस्तुत नाटकमा परिवेशचित्रण, कथावस्तुको संयोजन, चरित्र चित्रण, नाटकगत उद्देश्य विज्ञानसँग सम्बन्धित छन् । प्रस्तुत नाटकमा यन्त्रमानव, खगोल, वैज्ञानिक उपकरण रासायनिक सूत्र, भौतिक प्रभाव त्यसले मानिसलाई यान्त्रिक र जडवत् बनाउँदै लगेको विषयलाई मुख्य रूपमा उठाइएको छ । आजको दुनियाँमा विज्ञानले देखाएको चमत्कार, भविष्यमा विज्ञानको प्रगतिले छुन सक्ने खतरा जस्ता विषयलाई प्रस्तुत नाटकमा गम्भीरतापूर्वक उठाइएको छ । प्रस्तुत नाटकमा ध्वस्त र विघटन हुँदै गएको मानवीय संसारमा देखापरेका समस्याहरूलाई नाटकमा प्रस्तुत गरिएकाले  नाटक समस्यामूलक नाटक पनि बनेको छ । विज्ञान र त्यसको समुचित प्रयोग गर्न नजान्नाले भविष्यको कुनै समयमा पृथ्वी ध्वस्त हुन्छ र मानवीय अस्तित्व समाप्त भई निमावीयहरुको अस्तित्व मात्र हुने गम्भीर खतरा प्रस्तुत नाटकमार्फत व्यक्त गरिएको छ । प्रस्तुत नाटकमा विज्ञानको कारण साँघुरिदै गएको विश्व र जडवत् मानव र प्राणीमाथि तीव्र व्यङ्ग्य गरिएको छ ।

प्रस्तुत नाटक कथानक, पात्र, चरित्रचित्रण, परिवेशको प्रयोगमा स्वैरकल्पनाको प्रयोग गरिएकाले प्रस्तुत नाटक स्वैरकल्पनात्मक भएको छ । प्रस्तुत नाटकको रङ्गमञ्च युद्ध र अन्तरिक्षमा अवस्थित वेधशाला ॐ को परिकल्पना गरिएको जसमा ताराहरुको नदीपृष्ठ प्रवेशमा देखाइएको छ । प्रस्तुत नाटकमा वैज्ञानिक विषयजन्य विषयको सूक्ष्म कथानकको प्रयोग गरिएकाले प्रस्तुत नाटक स्वैरकल्पनात्मक छ । प्रस्तुत नाटकका पात्रहरु सांकेतिक, सूत्रात्मक, विज्ञानका सूक्ष्म कुरा जनाउने, साह्रै झिनो, जडवत् ध्वनितत्व वा मानवहरुबाट पात्रको नाम राखिनु पनि

स्वैरकल्पनात्मक रहेको छ । प्रस्तुत नाटकका पात्रहरुको कुनै निजी नाम छैन । उनीहरुको नाम साझा किसिमको परिकल्पना गरिएको र चरित्र पनि सोही किसिमको निर्धारण गरिएकाले प्रस्तुत नाटक स्वैरकल्पनात्मक बनेको छ । प्रस्तुत नाटकको दृश्य वा परिवेश गतिशील किसिमको छ । यस नाटकको परिदृश्य आफै परिवर्तन हुन्छन् । जस्तैः पृष्ठप्रदेशमा ताराहरुको नदी जम्मिन्छ याने मूल फुट्छ र प्रवाहित हुँदै जान्छ । यस आधारमा हेर्दा प्रस्तुत नाटक स्वैरकल्पनात्मक किसिमको देखिन्छ ।

प्रस्तुत नाटकमा स्वैरकल्पनाजन्य आनन्दलाई वा चमत्कारलाई देखाउनु भन्दा विज्ञानको सकारात्मक कुरालाई मानवले कसरी उपयोग गर्न सकेको छ भन्ने देखाउनु नै प्रमुख विषय भएको र नाटकको प्रवृत्तिगत उद्देश्य पनि विज्ञान नै रहेकाले प्रस्तुत नाटक विज्ञान नाटक हो ।

यस प्रकार विज्ञान मानवले समुचित प्रयोग गरे उपहार हुने र दुरूपयोग गरे अभिशाप हुन्छ भन्ने कुरालाई प्रस्तुत नाटकमा मुख्य रूपले उठाइएकोले प्रस्तुत नाटक रोचक र पठनीय रहेको छ । विज्ञानमा मानिस अभेद्य भएर टासिएको सारा मानवत्व विज्ञानलाई सुम्पिएर मानव एउटा विज्ञानकै हतियार बन्दै गएको कुरालाई रोचक तरिकाले प्रस्तुत गरिएकाले प्रस्तुत नाटक रोचक र कुतूहलपूर्ण रहेको छ ।

### ४.३.२. शीर्षकको सार्थकता

प्रस्तुत नाटकको शीर्षक 'निमावीय' एक शब्दबाट राखिएको छ । 'निमावीय' शब्द मानव निर्मित मानव अर्थात् निर्मित मानवको छोटकरी रूप 'निमा' र 'निमा' को वहुवचन रूप बनाउने 'व' को मेलबाट निमाव बनेको छ । जसको अर्थ मानव- निर्मित मानव वा निर्मित मानव, यन्त्रमानवहरु भन्ने अर्थ व्यक्त गर्दछ । 'निमाव' शब्द विशेषण जनाउने 'ईय' प्रत्यय लागेर 'निमावीय' निर्मित भएको छ । 'निमावीय' शब्द नेपाली शब्दकोशमा प्रयुक्त नभएको र स्वयं नाटककारले निर्माण गरेको शब्द भएकाले यसको कुनै यकिन र ठोस अर्थ छैन । 'निमावीय' शब्दले निर्मित मानव, मानव निर्मित, मानव वा यन्त्र मानवको चरित्र, तत्जन्य विशेषता भन्ने अर्थ व्यक्त गरेको छ ।

प्रस्तुत नाटकमा निर्मित मानवहरुको चारित्रिक क्रियाकलाप प्रस्तुत गरिएको छ । प्रस्तुत नाटकका अधिकांश पात्रहरु निर्मित मानव 'निमा' नै रहेका छन् तर नाटकको मुख्य चरित्र 'मानव' निमा भन्दा अझ यान्त्रिक छ । ऊ मेसिन जस्तो छ । उसको नाम विज्ञानको सूत्रबाट राखिएको छ । ऊ मानवत्व भन्दा जडत्व विज्ञानको यान्त्रिकता मन पराउँछ । उसको नाम डाक्टर अल्फा ($\alpha$) हो । अल्फा हिसावको सूत्र हो । उसको कार्य पनि सूत्रवत् र जडवत् रहेको छ ।

प्रस्तुत नाटकका सम्पूर्ण पात्रहरु विज्ञानमा प्रयोग हुने विभिन्न सूत्रका नाम बाट नामाङ्कन गरिएको छ । ती पात्रका मानहरु हुँदैनन् । प्रस्तुत नाटकका पात्रहरु सम्पूर्ण विज्ञानसँग सम्वन्धित रहेका छन् । नाटकमा विज्ञानको उच्चतम प्राप्तिका क्रममा वैज्ञानिकहरुले पत्ता लगाएका अति गहन र अतिसूक्ष्म सूत्रबाट पात्रको नामाङ्कन गरिएको र उनीहरुको चरित्र नै प्रधान बनाइ 'निमावीय' शीर्षक राखिएको छ । 'निमावीय' मानवनिर्मित चरित्रहरुको प्रधानता रहेको नाटक हो ।

यसमा मानवीय र निमावीय दुवै किसिमका पात्र भए पनि उनीहरुको चरित्र एकै किसिमको हुने भएकाले 'निमावीय' शीर्षक राखिएको छ।

प्रस्तुत नाटकमा निर्मित मानवहरुको चरित्र, कथावस्तु र उद्देश्य प्रमुख रूपमा उठाइएको छ । प्रस्तुत नाटकको सञ्चालन निमावीयहरुबाटै भएको छ । ती पात्रहरु सामान्य मानवस्वभावभन्दा फरक छन् । ती पात्रहरु विज्ञानको समयका उच्चतम प्राप्तिका अवस्थामा जन्मिएका छन् र उनीहरुले आफ्नो नामअनुसारको चरित्र निर्वाह गरेका छन् । यसरी हेर्दा प्रस्तुत नाटकमा चरित्रगत प्रधानताका आधारमा 'निमावीय' शीर्षक सार्थक छ ।

प्रस्तुत '**निमावीय'** नाटकको कथावस्तुगत दृष्टिले पनि शीर्षक उपयुक्त देखिन्छ । प्रस्तुत नाटकमा पृथ्वीभन्दा बाहिर घट्न सक्ने घटनालाई प्रमुख वस्तु बनाई नाटकलाई अघि बढाइएको छ । निमावीयमा मानवनिर्मित अन्तरिक्षको वासस्थानमा कुनै एक समयमा घट्ने भनी कल्पना गरिएको कथानकको प्रयोग भएको छ । यस नाटकमा कुनै समयमा पृथ्वी भन्दा बहिर कुनै ग्रहबाट शत सूर्य आएको र पृथ्वी ध्वस्त हुन लागेको, पृथ्वीको आयु घट्दै गएको त्यस्तो अवस्थामा डा. अल्फाले उक्त ज्वारलाई पृथ्वीमा आउनबाट बचाएको कथानकद्वारा निमाहरुले नै पृथ्वीलाई ध्वस्त पार्न वा बचाउन सक्छन् भन्ने कथानक प्रमुख रहेकाले प्रस्तुत नाटकको कथावस्तुका आधारमा पनि शीर्षक सार्थक रहेको छ ।

प्रस्तुत नाटकको नाटकीय उद्देश्यका आधारमा पनि शीर्षक सार्थक रहेको छ । आजभोलि मानिस विज्ञाननिर्मित साधनका कारण जडवत् हुदै गएको छ । मानिसले विज्ञानका सामग्रीकै कारणले अराजकता, फुट, गुट निर्माण गरेको छ । मानिसले विज्ञान बनाए पनि उसले ती सामग्रीहरुलाई उपयुक्त किसिमले प्रयोग गर्न सकेको छैन । विज्ञाननिर्मित सञ्चारको साधनका कारण मानिसले जीवनभोगाइ र सामाजिक नीति र नियमलाई विसङ्गतिको खाडलमा धकेल्दै गइरहेको छ । मानिसले विज्ञाननिर्मित हातहतियारद्वारा स्वयम् पृथ्वीलाई नै ध्वस्त पार्न लागिरहेछ । यस्तो अवस्थामा विज्ञानले मानवसभ्यता र संस्कृतिको उन्नतिको लागि कृत्रिम समाज र वैज्ञानिक कोलाहल होइन, स्वस्थ समाज र प्राकृतिक वातावरण निर्माण गर्नुपर्छ । विज्ञानलाई अभिशाप होइन उपहारका रूपमा मानवले स्वीकार गर्नुपर्छ । पृथ्वीमा मानव रहुन्जेल मानवीयता पनि बाँच्नुपर्छ भन्ने कुरालाई नाटकमा मुख्य उद्देश्य बनाइएको छ । प्रस्तुत नाटकमा विज्ञानको प्रयोगमार्फत मानिसले नै पृथ्वी जोगाउन सक्छ भन्ने सन्देश व्यक्त गरिएकाले शीर्षक सार्थक छ । प्रस्तुत नाटकमा विज्ञानको उन्नत विकाससँग लोप हुँदै गएको मानवीय अस्मितालाई मानवयन्त्रले खोस्दै गएको यथार्थलाई स्वैरकल्पनाद्वारा प्रस्तुत गरिएकाले शीर्षक सार्थक रहेको छ ।

प्रस्तुत '**निमावीय**' नाटकको शीर्षक परिवेशगत दृष्टिबाट पनि सार्थक रहेको छ । प्रस्तुत नाटकको परिवेश मानवद्वारा अन्तरिक्षमा निर्मित ॐ वेधशाला पृथ्वी भन्दा माथि रहेको छ । यहीँबाट डा. अल्फाले पृथ्वीमा आएका 'रे' हरूलाई रोक्न सफल हुन्छ । पृथ्वीको आयु यही वेधशालाबाट निर्धारित हुन्छ । यस नाटकमा विज्ञानको तीव्र विकासले मानवीय परिवेशमा परिवर्तन भई मानिस पनि 'निमा' वा निर्मित मानव भएको, मानवको अस्तित्व वा अस्मिता पनि यन्त्र मानवले लिँदै गएको परिवेशको चित्रणबाट प्रस्तुत नाटकको शीर्षक सार्थक रहेको छ ।

समग्रमा **'निमावीय'** नाटकले विज्ञान र मानवको सम्वन्ध देखाई आजको विज्ञानको युगमा मानव-मानवका वीच भएको अत्यन्त विकराल अवस्थाको चित्रण गरिएको र निर्मित मानवहरुले मानवको स्थान लिदै गएको छ भनी निर्मित मानवहरुको चरित्रलाई प्रमुख विषय बनाई नाटक निर्माण गरिएकाले प्रस्तुत नाटकको शीर्षक अभिधात्मक र ध्वन्यात्मक तहमा सार्थक छ ।

**४.३.३. कथावस्तु :**

प्रस्तुत 'निमावीय' नाटकको कथावस्तु स्थूल नभई झिनो रहेको छ । यस नाटकमा भू वा अन्तरिक्षविज्ञान र भौतिक विज्ञानको तीव्र विकासले मानव समाजमा पारेको प्रभावलाई मुख्य कथावस्तु बनाइएको छ । प्रस्तुत नाटकको कथावस्तु साङ्केतिक, बिम्वात्मक र प्रतीकात्मक रहेको छ । कथावस्तुले युग जीवनको विकरालता, विकृतिपूर्ण मानवको मानसिकता, मानवको ध्वंसात्मक, फुटजन्य प्रवृति, मानवबाटै मानवले पाएको भयप्रद जीवन र भोगाईको वास्तविकतालाई ज्यादै सूक्ष्म ढङ्गमा चित्रण गरिएको छ । नाटकमा विज्ञानले निर्माण गरेको स्रोत-साधनलाई समाप्त पार्ने र जीवन्तता दिने वा अभिशाप र उपहार दुवै हुन सक्छन् भन्ने कुरालाई प्रमुख कथानकका रूपमा प्रयोग गरिएको छ ।

**'निमावीय'** नाटकको कथावस्तु वा घटना अन्तरिक्षको वेधशालासँग सम्बन्धित छ । नाटकको पहिलो दृश्यमा फोनले विटालाई फोन आएकोले आउन आग्रह गर्छ । विटा त्यहाँ जाँदा फोनमा आवाज मात्र आउँछ, पर्दामा कोही देखिँदैन । विटा फोन विग्रिएछ, यो फोन हाँसिरहन्छ, फुटाइदिन्छु भनी कराउँदा फोनले आफू आत्माले पुरानो देह फेरेजस्तो शरीर फेर्न पाउँदा खुसी हुने कुरा सुनाउँछ । विटाले डा. अल्फाले फोन गरेको कुरा पत्ता लगाउँछे । विटाले आफू फोनदेखि डराएको कुरा गर्दा अल्फाले तिमीलाई यो अन्तरिक्षबाट कसैले लान नसक्ने र आफू पनि त्यसमा सजग रहेको कुरा जानकारी गराउँछ । अल्फाले आफू अन्तरिक्षमा बस्न नचाहेकोले पृथ्वीमै फर्कन्छु र छोरी पनि साथै लिएर जा भन्दा अल्फाले आफू पनि पृथ्वीमै जन्मेकाले आफू पनि जान सक्ने बताउँछ । यसबेला विटाले आफूलाई लोग्नेले नहेरेको, ब्राहमण्डको अवलोकनमै व्यस्त रहेको, आफूलाई त मान्छेको समाज चाहिएकोले त्यस्तो कृत्रिम वातावरणमा बाँच्च नसक्ने कुरा व्यक्त गर्छे । उसलाई निमाहरु यान्त्रिक लागेको कुरा पनि बताउँछे । अल्फाले विटालाई-"तिम्रो सोच विचार, व्यवहार सब कुरा परम्परा, धर्म, इतिहास र मनोविज्ञानका केही साँगुरा सर्किटहरुमा घुमिरहेको (निमावीय पृ. १२३) याने पछि छोरी लिएर पृथ्वी जान्छु भनी छोरी खोज्न थाल्छे । छोरी कतै देखिन्न । विटा अल्फादेखि रिसाउँछे । अल्फाले छिट्टै फकाउँछ । ऊ अल्फाको फोन राख्छे ।

विटा छोरी खोज्न थाल्छे । निमाले छोरी निमा-४ सित डेल्टा एस्टोरायड र ॐ वेधशालाबीचको अन्तरिक्ष-मैदानमा खेल्न गएको बताउँछ । विटाले निमा ४ यान्त्रिक मानव भएर पनि मानवजस्तो नलागेको र त्यसको वोलीवचन, हाउभाउ, रूपरङ्ग, शरीर सब कुरा मान्छेसँग मिल्ने गरेकोले त्यो मन नपरेको कुरा सुनाउँछे र आफूलाई 'श्रीमती अल्फा' नभनी नाम 'विटा' बाट बोलाउन आग्रह गर्दछे अनि आफूले अन्तरिक्षमा निमाहरुबाट मानवीय व्यवहार स्नेह, भ्रातृत्व, भगीनीत्व खोजेको कुरा व्यक्त गर्छे । निमा-१ ले आफू ई. सं. २०१० मा जापानमा जन्मेको पुरानो मोडलको नेपाली-निमा भएकाले मानवीय व्यवहार अनुभव गर्न नसक्ने तर बुझ्न सक्ने

कुरा बताउँछ तर निमा-४ इं. स. २०४० मा नेपालमै उत्पादन गरिएको भएकाले मानव अनुभव, स्नेह, संवेदना व्यक्त गर्न सक्ने कुरा व्यक्त गर्दछ । विटा निमा ४ लाई सौता ठान्छे । त्यसैले विटा आफूलाई एकछिन पनि वेधशालामा बस्न मन नभएको कुरा व्यक्त गर्छे । तर निमा-१ ले उसको मनको कुरा अनुभव नै गर्न सक्दैन । निमाको व्यवहारले विटा आत्तिन्छे, आँखाभरि आँसु पारेर रुन थाल्छे र छोरीको पढाइ विग्रिएको गुनासो निमा-१ लाई सुनाउँछे । निमा-१ सत्यवादी बन्छ । ऊ बिटाको आग्रहलाई नकार्न सक्दैन र कम्प्युटरबाट ओमेगाको खोजी गर्न थाल्छ । ओमेगा निमा-४ सँग हाँस्दै अन्तरिक्षमा दगारिरहेकी हुन्छे । विटा विक्षिप्त भई रिसाउँछे । विटा निमा-४ लाई आफ्नी छोरी बनाएको भन्ने आरोप लाउँछे ।

विटा विक्षिप्त बनेपछि अल्फा कक्ष 'ग' बाट ओर्लन्छ । विक्षिप्त विटालाई "मस्तिस्क परिपथमा कुनै गडबडी उत्पन्न" भएको भन्छ । अल्फा निमा-१ लाई पनि अस्वस्थ भएको भन्छ । निमा-१ आफूमा मानिसको जस्तो शरीरमा हाइड्रोकार्वन कम्बसन च्याम्वर नभएकाले भाइरसद्वारा आक्रान्त हुनु नपर्ने र मानिस मानिस नभएर पशु मानिस भएको हो । मानिसमा भय दया, माया हुन्छ भन्ने कुरा व्यक्त गर्छ । त्यही समयमा विक्षिप्त अवस्थामा विटा पस्छिन् । विटाको विक्षिप्त अनुहारलाई अल्फा अवैज्ञानिक अज्ञात अणुका बादल निर्माण भएको भन्छ तर उसको मनको कुरा बुझ्ने चेष्टा गर्दैन । विटाले प्यारी छोरी ओमेगालाई बोलाउन आग्रह गर्दा पनि अल्फा उसको धुर्कीलाई अलौकिक क्रिया भनी हाँसोमा उडाउँछ । अल्फा आफूले ब्रह्माण्डका रहस्यहरु खोज्दा थाकेको मन-मस्तिष्कलाई न्यानो स्पर्शगर्न परिवार बनाएको कुरा व्यक्त गर्छे । विटाले आफूले मन-मस्तिष्कद्वारा त्यसरी माया, सुख-दुख खोजिरहेकाले निमाबाट त्यो प्राप्त हुन नसक्ने भएकाले पृथ्वीतिर फर्कन चाहेको कुरा भन्दा अल्फा त्यस अलौकिक कुरालाई घृणा गर्छ र बह्माण्डको खोज गर्न उडेर हिड्छ ।

निमाले खाना तयार पार्छ र विटालाई बोलाउँछ । निमा-४ र ओमेगालाई घर फर्कन कम्प्युटरमार्फत भन्छ । निकै जिद्धी गरेपछि ओमेगा र निभा ४ दौडेर आउँदै हुन्छन् तर भऱ्याङमा आइनपुग्दै उनीहरुवीच सम्वन्ध टुट्छ । त्यही समयमा निमा-२ र निमा ३ आइ पुग्छन् । निमा २ र निमा ३ आ-आफूले अल्फालाई ब्रह्माण्ड खोज्न सघाएको बारे दुवै स्मृति सुनाउँछन् । निमा १ निमा २ निमा ३ संसारका सबैकुरा गर्न सक्ने तर अनुभव भावना, भोक, प्यास जस्ता कुरा गर्न नसक्ने आ-आफ्नो अवस्थिति सुनाउँछन् । उनीहरु एकआपसमा हाँस्छन् र ख्यालठट्टा गर्छन्, बस्छन् र माइक्रोफिल्म परीक्षणहरु हेर्छन् । ओमेगालाई खोज्न गएकी विटा आवेशपूर्वक खुट्टा बजार्दै आएर निमा ४ लाई साफसँग झपार्छे । निमा ४ मुखमुखै लाग्छ । विटा निमा ४ लाई अंखरमाली उत्पादन केन्द्रमा फिर्ता नपठाई छोड्दिनँ (पृ. १३९) भन्दै डाक्टर भोजन गर्न नआएकोमा रुन थाल्छे । उसको रुवाइको निमाहरु अनुभव गर्न सक्दैनन् नत बुझ्न नै सक्छन् । निमाहरु भावनात्मक कुरामा पति-पत्नीको सम्बन्धगत मनोविज्ञान बुझ्दैनन् । उनीहरु अल्फाको आँखाको आँसुलाई आँखाका लाक्रिमल ग्लान्डस (Lachrymal Glands) बाट सोडियम क्लोराइड, सोडियम बाइकार्वोनेट र म्युको प्रोटिनको सम्मिश्रण बनेको भन्छन् । त्यही समयमा ओमेगा

आइपुग्छे । ओमेगा चञ्चले  हुन्छे । ऊ आमा बिटा रिसाएदेखि स्टयान्डि बन्ने धारणा व्यक्त गर्छे । निमा १, निमा २ निमा ३ ओमेगासँग ख्याल ठट्टा गर्छन् ।

डा. अल्फा निमा ४ लाई विद्युत चुम्वकीय पत्र लेख्दैछन् भन्ने खवर विटाले सुनेपछि विटाको मन-मस्तिष्कको शङ्काको घेरा अनन्त हुन्छ । निमा १ अल्फालाई भोजन टेवुलमा ल्याउने दृढता व्यक्त गर्छ । निमा २ र निमा ३ अब निमाहरुले मान्छेले गर्ने सबै चिज गर्न सक्ने  तर यौनक्रिडा गरेर सन्तानोपत्ति गर्न चाहिँ नसक्ने कुरा व्यक्त गर्छन् र निमाहरु सत्यवादी हरिश्चन्द्र हुन् भन्छन् । त्यही समयमा अल्फा आउँछ । हाँसिरहेका निमाहरुलाई अपराध गरेको आरोप लाउँछ । उनीहरुवीच हाँसो चल्छ । अल्फा भोजन गर्न भन्छ । निमाहरुले भोजन नगर्ने भनेपछि विटा रिसले मुर्मुरिन्छे । त्यही बेला ओमेगा बाइस लाख हजार प्रकाश-वर्ष टाढाको तारा हराएकोले आत्तिदै आउँछे । ऊ निमा ४ लाई तारा खोजिदिन आग्रह गर्छे । उता विटा रिसले चुर हुन्छ । निमा १ को छातीमा टाँसिएर ओमेगा गएपछि विटा रिसले कालो हुन्छे र बाहिर निस्कन्छे । अल्फा भने केही भन्दैन । निमा २, ३ र ४ मुस्कुराउँदै माइक्रोफिल्म पत्रिका हेर्न थाल्छन् ।

**दृश्य**

निमा १ ओमेगालाई लिएर प्रकोष्ठ 'घ' मा प्रवेश गर्छ । ओमेगा साह्रै चञ्चल हुन्छे । ऊ यताउता दौडन्छे । कार्यकक्षभित्र पुग्दछे र विभिन्न प्रश्न गर्छे । निमा १ प्रश्नका उत्तरहरू दिँदै जान्छ । उनीहरुको हाउभाउ देखिन्छ तर बोली सुनिदैंन । निमा १ ओमेगालाई छातीमा टाँसिराख्न सफल हुन्छ । ओमेगाको चञ्चलताले ऊ दुर्घटनाको आशङ्का गर्छ । ओमेगा सबै कोठामा पुग्छे  र आमा ओमेगा भए ठाउँमा पुग्छे । सबै निमाहरु कम्प्युटरमा व्यस्त भएका हुन्छन् । त्यही बेला नेपालबाट पृथ्वीको फोन जान्छ । फोनमा हेल्लो ....हेल्लो गरी निमा ४ बोल्दा बोल्दै फोन काटिन्छ आलोक हराउँछ ।

**दृश्य**

यो दृश्य 'ईथर ड्रिप्थ' को हो । त्यही समयमा 'ख' प्रकोष्ठमा आलोक आउँछ । त्यही बेला 'क' प्रवेश गर्छिन् । फोन र विटाबीच भनाभन हुन्छ । विटाले फोनलाई हकारेपछि फोन आफूले मान्छे, निमा, फोन सबैसँग बोल्न खोज्दा कसैसँग बोल्न पनि नदिएकोमा गुनासो पोख्छ । विटा आफूलाई संसारको सबभन्दा बढी दुःखी भएको ठान्छे तर भन्ने बेलामा "दुनियाँमा सबभन्दा बढी सुखी स्वास्नी मान्छे म नै हुँ भनेर व्यङ्ग्य गर्दछे" (निमावीय पृ १४१) विटा स्विटर बुनिरहेकी हुन्छे । फोन आफूले कैयौंसँग बोलेको पूर्वअनुभव सुनाउँछ । त्यसै बेला फोनले पृथ्वी जाँदै गरेको प्रकाश वा अन्तरङ्ग पत्ता लगाएको खवर सुनाउँछ । त्यही बेला वेधशालामा सङ्कटकालीन अवस्था सुरु हुन्छ । डा. अल्फा आफ्नो प्रकोष्ठबाट व्यापक कार्य गरिरहेको हुन्छ । सबैतिर सङ्कटकाल लाग्छ । ओमेगा चारैतिर दौडन्छे, आत्तिन्छे । त्यही बेलामा ओमेगा आमा विटा छेउमा आएर बस्दा विटा प्रसन्न हुन्छे । त्यही बेलामा पृथ्वीमा आएको प्रकाश १०७×१० मिलियन लाइट इअर टाढा भएकाले अब सङ्कट आएको छ भन्ने खवर फोनले ओमेगालाई दिन्छ । छोरी ओमेगा उफ्रदैं नाच्दै यताउता दगुर्न थाल्छे । त्यस बेला विटा छोरीलाई बहुलाही भन्छे । त्यस बेला निमा ४ ले फोन

गर्छे । विटाले कफी बनाउँछे । कफी खाने बेलामा आल्फा हुँदैन । ऊ केही तनावमा पर्छे । अल्फा वेधशालामा व्यस्त हुन्छ । निमा २ र ४ टेलिभिजनको समाचार सुन्न आउँछन् । उनीहरु अन्तरिक्षमा र पृथ्वीमा सङ्कट आइपरेको कुरा व्यक्त गर्छन् । त्यही बेलामा निमाहरु असत्य बोल्न नसक्ने भएकाले यिनीहरु मानिसभन्दा फरक हुन्छन् भन्छन् । उनीहरु सत्य र असत्यलाई धनात्मक र ऋणात्मक चार्जहरू हुन् भन्ने निष्कर्षमा पुग्छन् ।

यस समयसम्म सङ्कटकालीन अवस्था सकिएको हुँदैन । अन्तरिक्षबाट पृथ्वीमा फोन सम्पर्क पनि हुँदैन । त्यही समयमा उनीहरु हेर्न थाल्छन् । समाचारमा अल्फाद्वारा शतसूर्यको मार्गबाट घुसपैठ गरिरहेको एक अज्ञात तरङ्ग समातिएको (निमावीय पृ. १४९) र पृथ्वीमा सङ्कटकालीन स्थिति रहेको, राष्ट्रहरूबीच एकीकरण वार्ताको आरम्भ भएको समाचार प्रसारण हुन्छ । यस्तो खबरले निमाहरुलाई केही प्रभाव पार्दैन तर विटा भने आत्तिन थाल्छे । ऊ रुन थाल्छे । निमा ४ विटालाई मानव गन्दैन । विटा निमा ४ को दृश्य खोज्न थाल्छे । ओमेगा र निमा ४ बीच घनिष्ठ सम्बन्ध हुन्छ । उनीहरु एकआपसमा छुट्टिन सक्दैनन् । ओमेगा लाडिन्छे । ऊ आमाको काखमा जाँदा विटा आफूलाई साँच्चै आमा भएको अनुभव गर्छे र मातृवात्सल्यभाव म्वाइ खाएर व्यक्त गर्छे । विटा  आफू छोरीलाई पाएर निकै हर्षित भएको अनुभव गर्छे र  सारालाई भुल्छे ।

शब्दहीन दृश्य परिवर्तन हुने बित्तिकै निमाहरु र अल्फा कार्यमा व्यस्त हुन्छन् ।

दृश्यमा आलोक आइसके पछि विटाको फोन आउँछ । विटालाई नभेटेपछि फोन बन्द हुन्छ । निमा ३ आफू मानवजातिले प्राप्त गरेको ज्ञान प्राप्त गर्न चाहेको कुरा व्यक्त गर्दछे । निमा ३ निमा २ र १ लाई लाटा, छेरुवा, हरिशचन्द्रको आरोप लगाउँदै निमामा अब मानवीय हस्तक्षेप हुनुहुँदैन भन्दै डा. अल्फालाई भन्दा निमा १ लाई सम्मान गर्नुपर्छ भन्छन् ।

उनीहरु यान्त्रिक हुन नसकेको र मानवीय संवेदना ग्रहण गर्न नसकेकोमा ग्लानि व्यक्त गर्छन् र आफ्नै संसार बनाउनु पर्छ भन्ने कुरा व्यक्त गर्छन् । विटा आफूलाई यान्त्रिक ठान्छे । ऊ निराशावादी ठान्छे र डिच्च दाँत देखाएर हाँस्छे । विटा आफू यन्त्र हुँदै गएको ठानी निमा २ र ३ लाई घृणा गर्दछे । विटा निमा ४ लाई गाली गरिरहन्छे । विटा वेस्सरी रिसाउँछे । ओमेगा निमा ४ को पछि दौडन्छे । निमा ४ सँग ओमेगा नगएपछि विटा निमा ४ लाई लखेट्दै जान्छे । नभेटेपछि विक्षिप्त भई आफैलाई लुछ्न, कोपर्न थाल्छे । निमा २ रोक्न खोज्छ । निमा ३ पनि विक्षिप्त हुन्छ । त्यही वेला निमा ४ पनि विक्षिप्त भई बिग्रन्छ । विटा आत्तिन थाल्छे । निमा ४ के मलाई मन पराउनुहुन्छ ? भन्दा भन्दै निमा र अल्फा आइपुग्छन् । निमा ४ को अवस्थ र विटाको अवस्था देखेपछि निमा ४ लाई किन अन्याय गरेको भनी सोध्छ तर विटा अल्फाको केही कुरा बुझ्दिनन् । विटा अर्धपागल, बौलाहा, बहिरी भएकी हुन्छे ।

केही समय पछि विटा अल्फालाई पृथ्वीको खबर सोध्छे । अल्फा पृथ्वीमा फोन गर्छ । विटा अल्फालाई खाना खान बोलाउँछे । त्यही बेला अल्फा निमाहरुसँग घुम्न जाने कुरा व्यक्त गर्छे । निमा १ निमाहरुको हत्या मानवबाट हुन सक्छ । अल्फा पृथ्वी केही समयमै विनाश हुने र त्यसलाई आफूले रोकेको कुरा पृथ्वीका मानवलाई नबताउन निमाहरुलाई भन्छ  तर निमाहरु

सत्यवादी हुने र पृथ्वीका मानववीच एकीकरण पनि नहुने भएकाले निमाहरुबाट सत्यकुरा उद्घाटित हुने शङ्का व्यक्त गर्दछ । निमा १ले आफू असत्य कुरा पनि भन्न सक्ने कुरा व्यक्त गर्दागर्दै निमा १ को हत्या हुन्छ र कथानकको अन्त्य हुन्छ ।

'**निमावीय**' नाटकमा अन्तरिक्ष जगत्मा घट्न सक्ने घटनालाई मुख्य कथावस्तु बनाइएको छ । नाटकको विज्ञानको चरम विकाससँगै मानवमा पर्न सक्ने प्रभावलाई प्रमुख कथावस्तु बनाइएको छ । भविष्यमा मानिस कसरी विज्ञानको दास हुन्छ र मानवमा कसरी मानवत्व हराउँदै जान्छ भन्ने कथ्यलाई प्रमुख कथावस्तु बनाइएको छ ।

**'निमावीय'** नाटकको कथावस्तु सूक्ष्म किसिमको छ । यस नाटकको कथावस्तु आदि, मध्य र अन्त्य क्रमिक रूपमा अवस्थित रहेको छ । अल्फासँग विटाले अन्तरिक्षमा आफूलाई बस्दा बस्दादिक्क लागेकोले पृथ्वीतिर  फर्कन्छु भनी जोरी खोज्दा अल्फाले कुनै चाह नगर्नु नाटकको आदि विन्दु हो । यही आदिविन्दुबाट नाटक अगाडि बढ्छ । विटाको माइत (पृथ्वी) जाने चाह पूरा नहुनु, विटाले निमा ४ लाई सौता मान्नु, निमा ४ र ओमेगा फर्केर आउनु, निमा ४ लाई विटाले झम्टनु र नभेटेपछि आफै चिथोरिनु, नाटकको मध्य भाग हो । अल्फाले शतसूर्यलाई रोक्नु, पृथ्वीमा विटाको चहलपहल सुरु हुनु र विटालाई भोकले तीव्ररुपमा चाप्नु नाटकको उत्कर्ष भाग हो । निमाहरु आफ्नो छुट्टै संसार बनाउन लाग्नु, निमाहरु आफूहरूलाई मान्छेदेखि खतरा रहेको कुरा बताउनु, निमाहरु सत्यवादी हुन्छन्,  त्यसैले अल्फाले लगाएको शतसूर्य एकहजार वर्ष पछि पृथ्वीमा आइपुग्ने भएकाले यस्तो कुरा पृथ्वीवासी मूर्ख मानवलाई सुनाउन हुँदैन भनी भन्नु तर कुनै न कुनै कारणले निमाहरुले सुनाउन सक्ने भयले आशंकाले निमा १ को हत्या गर्नु नाटकको अन्त्य भाग हो ।

यस नाटकमा प्रत्येक पात्रका आ-आफ्नै कथा छन् तर अन्तिममा अल्फा र निमाको कथा नै प्रधान भएर आएको छ ।

### ४.३.४. पात्र विधान

**'निमावीय'** नाटकमा केन्द्रीय पात्र डा. अल्फालाई बनाइएको छ । डा. अल्फाकै केन्द्रमा अन्य पात्रहरुको भूमिका रहेकाले अल्फा प्रमुख पात्र हो । अल्फाकै परिवृत्तमा नाटकको घटना घटेकाले प्रस्तुत नाटकको केन्द्रीय पात्र अल्फा बनेको छ । प्रस्तुत नाटक थोरै पात्रद्वारा निर्माण गरिएको छ । नाटकमा एउटा परिवारका सदस्यहरु नै पात्रका रूपमा आएका छन् । डा. अल्फा परिवारको प्रमुख पात्र हो । उसकी पत्नी विटा र छोरी ओमेगा छन् । निमा १, निमा २, निमा ३ र निमा ४ डा. अल्फाका सहयोगी पात्र हुन् । यस नाटकका पात्रका नाम विज्ञानमा प्रयोग हुने सूत्रका आधारमा राखिएका छन् । नाटककारले पात्र विवरणमा उल्लेख गरेका बाहेक अन्य पात्रहरु पनि छन् फोन, टिभी । प्रस्तुत नाटकमा आएको पात्रहरुको विवरण यस्तो छ :

"डाक्टर अल्फा ($\alpha$) = मानव, अन्तरिक्ष वैज्ञानिक, खगोलशास्त्री"

विटा ($\beta$) = स्त्री मानव, डा, अल्फाकी श्रीमती

ओमेगा ($\omega$) = बालिका, मानव, डा. अल्फा र विटाकी छोरी ।

निमा १ = मानवनिर्मित मानव अर्थात् निर्मित मानव छोटकरीमा -'निमा'

निमा- २ । निमा- ३ । निमा- ४ । (निमावीय पृ. १२१)

फोन-

टिभी-

कम्प्युटर-

यसरी हेर्दा अन्तर्नक्षत्रीय नक्षत्रमण्डलका प्रथम स्थायी नागरिक तथा तटस्थ ब्रहमाण्डका आविष्करकर्ता अन्तरिक्ष वैज्ञानिक (खगोल शास्त्री) डाक्टर अल्फा, उनकी श्रीमती विटा, उनकी बालिका छोरी ओमेगा यी तीन मानव पात्र र चार निमा र निर्मित मानव वा यन्त्रमानव गरी जम्मा सात पात्रहरुलाई लिएर लेखिएको-यो नाटक त्रि दृश्यात्मक छ (उपाध्ययाय २०६१: २३४) । यस नाटकका पात्रात्मक चरित्रकै आधारमा नाटकको शीर्षक राखिएकाले प्रस्तुत नाटक चरित्रप्रधान रहेको छ । प्रस्तुत नाटकका पात्रहरुको चित्रण यस प्रकार गरिएको छ :

**डा. अल्फा**

डा. अल्फा प्रस्तुत 'निमावीय' नाटकको प्रमुख पात्र हो । उसैको परिधिभरि नाटकको घटनाचरित्र घुमेको छ । डा. अल्फा अन्तर्नक्षत्रीय नक्षत्रमण्डलको प्रथम स्थायी नागरिक तथा तटस्थ ब्रहमाण्डका आविष्कर्ता अन्तरिक्ष वैज्ञानिक (खगोल शास्त्री) हो । उसको श्रीमती विटा हो । उसकी एउटी छोरी ओमेगा हो । उसका अनुसन्धान वेधशालाका सहयोगीहरुमा निमा-१ निमा -२, ३ र निमा -४ रहेका छन् ।

डा. अल्फाले आफ्नो अन्तर्नक्षत्रीय नक्षत्रमण्डलमा अवस्थित आवासगृह उसलाई वेधशालाको शक्तिशाली यन्त्रद्वारा शतसूर्यको मार्गबाट घुसपैठ गरिएको एक अज्ञात तरङ्गले समातेको र त्यसबाट कुनै बाहिरी लोकबाट पृथ्वीमाथि अप्रत्यासित रूपमा आक्रमण हुने सम्भावना रहेको कुरा पत्तो लगाएको छ । ऊ अत्यन्त व्यस्त पात्र हो । ऊ एक किसिमको रमाइलो गर्ने आफ्नै विचारधारा भएको पात्र हो । अल्फा एउटा शङ्कालु पात्र हो । ऊ भौतिक वस्तु वा यन्त्रहरुको सम्पूर्ण कार्य गर्न सक्षम छ । ऊ मान्छेलाई दानव ठान्छ र श्रीमतीसँग आफूले फोन गर्दा अल्फा डराउँछ । त्यसबेला ऊ सुदूर अन्तरिक्षमा मेरी श्रीमतीलाई कसैले भगाउन वा फकाउने सम्भावनादेखि म पूर्णरूपले सतर्क छु (निमावीय पृ. १२२) भनी आफ्नो मानसिक कमजोरीको परिचय दिन्छ । ऊ श्रीमतीले माइत जान्छु भन्दा पठाउन सक्दैन । ऊ आफूदेखि श्रीमती सन्तुष्ट छैन भन्नेमा ज्ञात छ र आफू विज्ञानको यन्त्रको काम गर्ने भए पनि श्रीमती र छोराछोरीबाट टाढा रहन नसक्ने र आफू पनि पृथ्वीमै जन्मेको परिचय यसरी दिन्छ, 'मलाई पनि लिएर जाऊ...... म मात्र किन बसुँ यहाँ ? म पनि जन्मले अर्थियन हुँ ।' (निमावीय पृ. १२३) अल्फा यन्त्रको बारेमा मात्र जान्दछ । उसमा माया, ममता, मानवीय भावना सबै हराएर गइसकेका छन् । ऊ भन्छ, "हो, तिम्रो सोच-विचार, व्यवहार सब कुरा

परम्परा, धर्म, इतिहास र मनोविज्ञानका केही साँघुरा सर्किटहरुमा घुमिरहेका छन् । त्यसैले निमाहरुमा यान्त्रिकता खोज्छौ ।" (निमावीय पृ. १२३) विटाले माइत जान्छु भन्दा ऊ जान दिँदैन । ऊ घुर्की लाउनुलाई 'अभियान्त्रिक क्रिया' (निमावीय पृ. १२४) प्रेमलाई 'फिजिकल + केमिकल कम्बिनेसन (निमावीय पृ. १२४) भन्छ र बेलाबेलामा फोन गर्ने आश्वासन दिँदै श्रीमतीलाई माइत जानबाट रोक्छ ।

डाक्टर अल्फा मान्छेलाई पशु भन्छ । ऊ निमा -१ सँग "मान्छेलाई मान्छे बनाएको होइन, पशुलाई मान्छे बनाएको हो" (निमावीय पृ. १२८) भन्छ । ऊ वास्तवमा यान्त्रिक छ । ऊ शरीरले मात्र मानव छ । उसका सारा प्रवृत्तिहरु यान्त्रिक छन् । ऊ मानवीय शङ्का, ग्लानि, चिन्तालाई "अज्ञात अणुका वादलहरु" (मानवीय पृ. १२८) भन्छ । ऊ आफू स्वास्नीबाटभन्दा निमाहरुबाट बढी सन्तुष्ट रहेको कुरा यसरी भन्छ "हो साह्रै नै भाग्यमानी, किनभने तिमीहरुलाई स्वास्नीको घुर्की सहनु पर्दैन (निमावीय पृ. १२९) ऊ छोरीलाई एउटा यन्त्र मानव जस्तो बनाउन चाहन्छ । उसलाई सबै मानवलाई चाहिने सुख शान्ति चाहिँदैन । यन्त्रको काम गर्दा नै ऊ आनन्द हुन्छु भन्छ । ऊ आफ्नो यथार्थ श्रीमतीसँग यसरी भन्छ "क्षमा गर, म विनापरिवार घरमा सुख-शान्ति हुन्छ भन्ने 'हाइपोथेटिकल ट्र्याप' मा फस्न चाहन्न ।" ऊ केवल भोगलाई नै आनन्द ठान्छ र भन्छ "ब्रह्माण्डका रहस्यहरु खोज्दाखोज्दै थाकेको मेरो मन-मस्तिष्कलाई परिवारको न्यानो स्पर्श चाहिन्छ । एक्लो भएँ भने म पागल बन्नेछु ......" (निमावीय पृ. १२९) ऊ आफू 'मानवीय समस्याहरु परिवारिक दुःखहरु र भावनात्मक बोझहरुदेखि मुक्त छ र श्रीमतीलाई पनि त्यस्तै बनाउन खोज्छ । ऊ आफूभित्र पनि प्रेम चाहिँ मरिसकेको छैन भन्ने कुरा "खगोल-वैज्ञानिकको मनमा पनि प्रेमको अन्तरिक्ष हुन्छ जहाँ घृणाले पीडा दिन्छ" (निमावीय पृ. १३०) भन्ने कथनद्वारा आफू भित्रको यथार्थलाई व्यक्त गर्छ । ऊ आफ्नी श्रीमती, भोक, भोजनभन्दा पनि निमाहरुको आफ्नै संसार बनाउने कुरालाई महत्व दिन्छ । ऊ खाना खानुलाई पेटको आज्ञा पालन गरेको मान्छ । ऊ छोरीलाई सहानुभूतिको लागि मात्र प्यार गर्छ ।

पृथ्वीभरि डा. अल्फाले गरेको कार्यको चर्चा हुन्छ । उसले शतसूर्यको मार्गबाट घुसपैठ गरिरहेको एक अज्ञात तरङ्ग समाती कुनै बाह्य लोकद्वारा पृथ्वीमा अप्रत्यासित आक्रमणको सम्भावनालाई जोगाउँछ वा टार्छ । निमाहरुका अनुसार "मान्छेको भाग्य र पृथ्वीको भविष्य डा. अल्फाको एकाग्रतामा भर परेको छ । (निमावीय पृ. १२३)

अल्फा श्रीमतीले माइत जान साह्रै आग्रह गरेपछि ऊ फर्केर त प्रकोष्ठमा आउँछ तर श्रीमतीको कुरामा भन्दा निमाहरुको कुरामा ध्यान दिन्छ । ऊ आफूले पत्ता लगाएको प्रकाश अबको एकहजार वर्षपछि पृथ्वीमा आई पुग्ने भएकोले यस्तो खवर पृथ्वीमा नपुऱ्याउन निमाहरुलाई भन्छ तर निमाहरु सत्य मात्र भन्दछन् । सत्य भन्दा पृथ्वीका मानवहरुमा हुन लागेको एकता टरेर जाने भएकाले सत्य नभन्न आग्रह गर्छ तर उसलाई निमाहरुप्रति ठूलो शङ्का जाग्छ र निमा १ को हत्या गर्छ ।

यसरी हेर्दा डा. अल्फा स्थिर पात्र हो । ऊ बौद्धिक छ । ऊ मानवत्व भन्दा यान्त्रिकतालाई बढी मन पराउँछ । विज्ञान अनुसार भन्ने हो भने ऊ + अथवा पोजेटिभ

चार्ज भएको पात्र हो । उ दृढ छ । ऊ आफ्नो कुरालाई कार्यान्वयन गर्न जस्तोसुकै हत्याकाण्ड अपनाउन पनि पछि पर्दैन ।

**विटा**

विटा प्रस्तुत नाटककी पहिली मानव स्त्री चरित्र हो । ऊ डा. अल्फाकी श्रीमती तथा ओमेगाकी आमा हो । ऊ पतिको त्यस यान्त्रिक वा बनावटी समाजमा रहन मन नपराउने मानवीय सम्वेदना भएकी पात्र हो ।

नाटकको सुरु हुँदा विटा फोनसँग कुरा गर्छे । फोनले बोलाई अल्फाको फोन आएको सङ्केत दिन्छ । फोनको पर्दामा केही नदेखेपछि ऊ रिसाउँछे । एक छिन्पछि अल्फा भन्ने थाहा पाएपछि उसका शङ्का र भयहरु समाप्त हुन्छन् । विटा छोरीलाई लिएर पृथ्वीतिर जाने कुरा गर्छे । ऊ आफूलाई श्रीमान्ले वास्ता नगरेको र वेधशालाको बसाइ कृत्रिम भएको कुरा यसरी गर्छे-"हजुरलाई सहयोगी निर्मित मानवहरु भए पुगिहाल्छ नि ! मलाइ त मान्छे जातिको समाज चाहिन्छ ....यस्तो कृत्रिम समाज र वातावरणमा म बाँच्न सक्तिनँ" (निमावीय पृ. १२३) ऊ निमाहरुलाई "मानवीय उत्कष्ठारहित" (निमावीय पृ. १२३) भन्छे । ऊ अल्फासँग पृथ्वी फर्कन अनेक आग्रह गर्दा पनि अल्फाले सुनेको नसुन्यै गरेपछि रिसाउँछे र फोन राख्छे । ऊ निमासँग छोरी ओमेगाको बारेमा सोध्छे । निमाले ओमेगा निमा ४ सँग खेल्न गएको कुरा गरेपछि ऊ आगो हुन्छे । ऊ अरूले "श्रीमती अल्फा" भनेर सम्बोधन गरेको मन पराउँदिन र "छि, यो निमा दाइ त खाली श्रीमती अल्फा भन्नु हुन्छ , मेरो नाम छैन र ? विटा भन्नोस् न, माइ नेम इज विटा ( निमावीय पृ. १२५) अल्फा यान्त्रिकशालामा बस्दा बस्दा दिक्क भएकी छे । ऊ आदर भन्दा पनि स्नेह खोज्छे । ऊ निमा १ लाई दाइ भन्न रुचाउँछे । ऊ कसैले आफूलाई दिदी बहिनी भनेको मन पराउँदिन र उसले भने जस्तो केही पउिन सक्तिन । ऊ  निमा ४ लाई सौता भनी घृणा गर्छे । ऊभित्र मानवीय संवेदना र पीडा छ । ऊ, मानवीय हार्दिकता, भावनात्मक नाता खोज्छे र भन्छे " मलाई यहाँ एकछिन पनि बस्न मन छैन" (निमावीय पृ. १२६) विटा आफ्नी छोरीको भविष्य र वर्तमानप्रति चिन्तित छे । उसलाई छोरीको पढाइ विग्रेकोमा चिन्ता लागेको छ । विटालाई आफ्नी छोरी निमा ४ ले आफ्नी बनाइसकेकोमा चिन्ता लागेको छ । विटा अल्फासँग बस्दा सुख शान्ति नपाएको गुनासो सुनाउँछ तर अल्फाले यी सबै अवैज्ञानिक कुरा हुन् भनेपछि झन् आत्तिन्छे । विटालाई सबै मानवलाई लाग्ने जस्तो भोक प्यास लाग्छ । ऊ नेपाली हिन्दू महिलाहरुले जस्तै खाना खाने बेलामा पतिलाई पर्खन्छे तर अल्फा खाना खान नआएपछि उसको रिस उग्र हुन्छ । विटाभित्र मानवीय मातृवात्सल्य प्रेम छ । ऊ आफ्नी छोरीलाई काखमा लिन म्वाई खाना चाहन्छे तर ती सब भताभुङ्ग हुन्छन् ।

तेस्रो दृश्यमा फोनले विटासँग कुरा गर्छ । फोनका अनावश्यक कुराले विटालाई रिस उठ्छ । ऊ फोनसँग आफ्ना भावना, दुःख पोख्छे तर फोनले त्यो अनुभव नै गर्न सक्दैन र व्यङ्ग्यात्मक रूपमा आफ्नो दुःखी मनस्थितिको कुरा सुखी छु सुखी! मलाई केको दुःख हुन्थ्यो ? दुनियाँमा सबैभन्दा बढी सुखी स्वास्नीमान्छे म नै हुँ !' भन्छ । (निमावीय पृ.१४१) उसको व्यङ्ग्यात्मक कुरा फोनले नबुझेपछि विटा क्रुद्ध हुन्छे । विटा एक गृहिणी हो । उसको काम घर

व्यवहारको कार्य हो । उसलाई विज्ञान र प्रविधिको खासै ज्ञान थाहा छैन । ऊ हाते स्वीटर बुन्छे । एक पटक ऊ ओमेगा आइ पुग्दा आफूलाई आमा भएको अनुभव गर्दै छोरीलाई काखमा लिन्छे, म्वाइ खान्छे तर छोरी एकै छिनमा हराएपछि अझ निराश र भावुक हुन्छे । ऊ आफूलाई बन्दी भएको महसुस गर्छे । उसलाई वेधशालामा लागेको सङ्कटकालीन अवस्थाले पोल्नसम्म पोलेको छ । ऊ भन्छे " किन चिन्ता नमानूँ ? घरभरिका सबै मान्छे सङ्कटकालीन सायरनको गतिमा दौडादौड गर्दा के म आनन्द मनाऊँ ?" (निमावीय १४५) ऊ विज्ञानको विज्ञान बुझ्दिन तर पनि विज्ञानको मनोविज्ञान बुझ्छे ।

विटालाई पृथ्वीमा सङ्कटकालीन स्थिति आएको राष्ट्र-राष्ट्रवीच एकीकरण वार्ताको आरम्भ भएको खवरले दुःख र खुसी एकैचोटि दिन्छ । यसैकारणले ऊ आफूलाई सबैले हेला गरेको भान गर्छे । ऊ अल्फाले खाना खाएर बस्न खबर पठाउँदा पनि नखाई बस्छे । विटा छोरीले आफूलाई मम्मीको भन्दा ड्याडीको माया र त्यो भन्दा पनि निमा ४ को माया बढी लाग्छ भनेपछि तीन दङ् पर्छे । ऊ सारा संसार शून्य देख्छे । ऊ निमाहरुसँग भन्छे "म दिनरात एक्लै भएको छु दाइ म दिनरात एक्लै के गरी बसूँ ? यो एकलास ठाउँ मलाई झ्यालखाना भएको छ दाइ ! तपाईहरू सबै भएर पनि नभए बराबर छ । प्रत्येक दिन, प्रत्येक रात मेरो मन मस्तिष्कमा शून्यताको महाविस्फोट हुन्छ । विटाको संसार भनेको प्रकोष्ठ क, ख र ग हुन् । ऊ त्यही ओहोरदोहोर गरिरहरन्छे । ऊ आफू संसारदेखि निराश बन्दै गएको र आफ्नो सारा अङ्ग उपाङ्ग गलेर लखतरान भएको कुरा सुनाउँछे । ऊ निमा ४ लाई नखरमाउली भन्छे । निमा ४ ले ओमेगालाई लिएर अन्तरिक्षमा जान्छु भनेपछि ऊ रुन थाल्छे । ऊ निमा ४ लाई लखेट्छे । ऊ निमा ४ लाई "तेरो खुट्टासुट्टा भाँचिदिन्छु म ......बाहिर जा त ! " (निमावीय पृ. ५९) भनी आक्रोश पोख्छे । छोरी ओमेगा चाहिँ विटातिर गएपछि ऊ आफैलाई कोपर्न थाल्छे र विक्षिप्त हुन्छे । विटा पति आएपछि पतिलाई पृथ्वीमा फोन गर्न आग्रह गर्छ तर अल्फाले कुनै ध्यान नदिएपछि ऊ रिसले क्रुर हुन्छे र चुपचाप निस्केर हिँड्छे ।

विटा प्रस्तुत नाटककी सहायक पात्र हो । ऊ मानवीय स्वभाव भएकी पात्र हो । उसमा असीमित मानवीय भावनाहरु छन् । ऊ हार्दिकता, स्नेह, सद्भाव चाहन्छे । ऊ वेधशालालाई यान्त्रिक र जेलजस्तो ठान्छे । ऊ सम्पूर्ण मानव नारीहरुको प्रतिनिधि पात्र हो । विज्ञानको सूत्रअनुसार ऊ- निगेटिभ चार्ज भएको पात्र हो । ऊ अल्फासँगै युनिटबाट उत्पत्ति भएकी पात्र हो । ऊ स्थिर अचर, मानवीय, बद्ध, यथार्थ पात्र हो ।

**ओमेगा**

ओमेगा प्रस्तुत निमावीय नाटकको सहायक पात्र हो । ऊ डा. अल्फा र विटाकी छोरी हो । ऊ चञ्चले स्वाभाव भएकी पात्र हो । ऊ आफ्नी आमालाईभन्दा निमा-४ लाई नजिकको ठान्छे । ऊ निमासँग नै घुम्न, रमाउन चाहन्छे । ऊ अध्ययनशील छे । ऊ यन्त्रमानवको नवीन रूप जस्तै छे । ऊ प्रत्येक पललाई ख्याल गर्छे । ऊ निमा १ र २ लाई अङ्कल भनि बोलाउँछे । ऊ निमा २ सँग झुमिन्छे । उसलाई निमा ३ ले पढाइ विग्रन्छ भनि सम्झाउँदा "म अङ्कलसित बोल्दै बोल्दिन" (निमावीय पृ १३४) भनी च्याँठिएर हिँड्छे । ऊ एकछिन खेल्न बाहिर जाँदा एउटा 'तारा

हरायो' भन्दै आउँछे । ऊ, तारा हरायो अँ अँ बाइस लाख हजार प्रकाशवर्ष टाढाको तारा हरायो ( निमावीय पृ. १३८) भन्छे यसबाट ऊ अत्यन्त तीक्ष्ण बुद्धि भएकी पात्र हो । ऊ आफ्नो ड्याडीलाई चाँडै त्यो खोजिदिन आग्रह गर्छे तर अल्फाले उसको आग्रहलाई हाँसोमा उडाइदिन्छ ।

ओमेगालाई निमा १ ले बोकेर हिँड्छ । ऊ अत्यन्त चञ्चले छ । निमा १ ले बोक्न खोज्दा ऊ यन्त्रशालामा जतातते दौडन्छे र एउटा यन्त्रको वटम थिचिदिन्छे । वेधशालामा र पृथ्वीमा सङ्कटकाल लाग्छ । सबै मानिस कम्प्युटरमा तल्लीन हुन्छन् ।

ओमेगा आफूले देखेर हराएको ताराको खोजीमा लाग्छे तर विटालाई कुनै ध्यान दिन्न । ऊ आमा विटासामू आउँदा अत्यन्त लाडे हुन्छे । ऊ विटाको कार्यलाई सघाउँछे र ड्याडीले बोलाउँदा आउँदिन भनी उत्तर दिन्छे ।

प्रस्तुत नाटकमा ओमेगाको निश्चित स्थिर भूमिका छैन । ऊ चञ्चल र अस्थिर पात्र हो । ओमेगा विज्ञानका अनुसार विटा र अल्फाका बीचबाट उत्पन्न काम नलाग्ने तत्वगत पात्र हो । ऊ नै यहाँ समस्याको सुरुवात ठम्याइदिने र समाधानको खोजीनीति गर्न उन्मुख गराउने कारक तत्वको रूपमा छे । उसमा प्रतिभा छ ।

**निमा १**

मानव निर्मित मानव अर्थात् निर्मित मानव हो । ऊ निमा १ इस्वी संवत् दुई हजार दश सालमा ओसाका जापानमा बनेको नेपाली निमा हो । ऊ मानवीय सम्बन्ध र जातीय राष्ट्रिय अभियानका कुराहरुको अनुभव गर्न सक्दैन तर बुझ्न सक्छ । ऊ निमा - २ निमा ३ र निमा ४ भन्दा पुरानो छ । ऊ पुरुष पात्र हो । ऊ विटालाई बहिनी भन्छ । ऊ डा. अल्फाको सहयोगी पात्र हो । ऊ सत्य जान्दछ । ऊ सत्यभन्दा केही जान्दैन । ऊ विटाले तपाईं सायद दुःखी हुनुहुन्छ (निमावीय -१२५) भनी सोद्धा म सिद्धार्थले झैं दुःख अनुभव गर्न सक्तिन, बुद्धले झैं दुःख बुझ्न सक्छु (निमावीय १२५) भनी उत्तर दिन्छ । ऊ निमा २, निमा ३ र निमा ४ आफूभन्दा पछि उत्पादन गरिएकाले उनीहरु मानवीय कार्यकलाप गर्न सक्ने तर आफू त्यस्तो अनुभव गर्न नसक्ने कुरा व्यक्त गर्छ । ऊ "निमाहरुको इतिहासमा भविष्यको इज्जत हुन्छ । हामी उत्पादन सिरिज नम्बरमा सबभन्दा पछिल्लोलाई सबभन्दा बढी इज्जत गर्छौं (निमावीय १२५) भनी आफ्नो निमा वर्गको कुरा गर्दछ । ऊ सबभन्दा बढी आधुनिक र कार्यकुशल हुन्छ । ऊ विटा रिसाउँदा र चिन्तित हुँदा सम्झाउँदै एउटा थोत्रो यन्त्रले सम्झाउनु नपरोस् भन्दै सम्झाउँछ । ऊ खाली सत्यको पक्ष लिन्छ । उसलाई अल्फाले किन आफैंमा अल्मलिइरहेको, मस्तिष्क परिपथमा कुनै गडबडी उत्पन्न त भएन ? (निमावीय १२८) भनी सोद्धा 'म स्वस्थ छु' भनी उत्तर दिन्छ । ऊ सारा मानवीय सुख-दुःखबाट टाढा छ । ऊ असत्य बोल्नै जान्दैन । ऊ मानवविना पनि चल्न सक्छ । ऊ ब्रहमाण्डको अस्तित्व पत्ता लगाउँदा डा. अल्फाको सहयोगी थियो । ऊ असत्य कुरा बोल्न र भन्न सक्दैन । ऊ विटाको नजिक रहेको छ । ऊ ओमेगादेखि अत्यन्तै नजिक रहेको छ । ऊ बेलाबेलामा उन्मत्त हुन्छ । ऊ त्यही बेला ओमेगालाई छातीमा टाँसेरै लिन्छ । निमा १ पाक कलामा पनि सिपालु छ । ऊ अल्फाको खवर विटासामु पुऱ्याउने काममा सहयोग गर्छ ।

निमा १ सत्यवादी हरिश्चन्द्र जस्तो छ । त्यसैले ऊ अल्फाको आँखाको तारो हुन्छ र अल्फाबाट वेधशालाको प्रकोष्ठमा चिच्याउँछ र ऊ एकहोरो एकसुरले बोलाइरहन्छ । अन्तिममा उसको मृत्यु हुन्छ ।

यसरी हेर्दा निमा १ आदर्श, व्यक्तिगत, मानवेतर, पुरुष, अनुकूल, बद्ध, मञ्चीय र चर पात्र हो (गुरुङ्ग २०५५; ६४) ।

**निमा २**

निमा-२ 'निमावीय' नाटकको सहायक पात्र हो । ऊ डा. अल्फाको कार्यकक्षको सहयोगी पात्र हो । ऊ निमा-१ भन्दा पछि निर्मित भएको यन्त्रमानव हो । ऊ अरूको भन्दा अल्फाको कुरा गर्छ । ऊ प्रेमलाई सबैभन्दा बढी घृणा गर्छ । ऊ "मान्छेले खाना नखाएर प्रेम प्रकट गर्छ" ( निमावीय २०३२) भनी आफ्नो भाव व्यक्त गर्छ । ऊ निमाहरूको छुट्टै संसार बनाउनु पर्छ भनी लाग्न चाहने निमा हो । ऊ मानवका भावात्मक, हार्दिक, दया, माया जस्ता कुरा पनि कुन कारणले भयो होला भनी गम्भीर खोजी गर्छ । ऊ पतिपत्नी सम्बन्धको मनोविज्ञान बुझ्दैन । ऊ डरपोक छ । उसलाई सबभन्दा बढी मान्छेदेखि डर लाग्छ । ऊ माइक्रो फिल्म पत्रिका पढ्छ । ऊ मानवीय चेतना अब निमामा हुनुपर्छ भन्छ । ऊ सारा निमाहरूलाई आवश्यक कार्यका लागि उत्पादित निमा हौ भन्छ । उसमा विस्तारै मानवीय संवेदनाहरू प्रवेश हुन थालेको छ । उसलाई कता-कता शरीर झमझमाएजस्तो हुन थालेको छ । ऊ पनि मानवले झैं फुर्सदमा भएर रमाइलो गर्न चाहन्छ तर सङ्कटकालमा वैज्ञानिकहरूले अभिन्न सहयोगीलाई फुर्सद नदिने भएकाले ऊ जबर्जस्ती अल्फालाई सहयोग गर्न बाध्य छ । ऊ विटाका संवेदनाहरूलाई बुझ्न अनुभव गर्न खोज्छ तर उसमा त्यो बुझ्न सक्ने मस्तिष्क नभएकाले ऊ झन् अनुभव गर्न सक्दैन । थकाइ लागेको अनुभव गर्छ । ऊ सबै निमाहरूमध्ये अरूलाई बढी आदर गर्ने किसिमको छ । निमा ३ विग्रन खोज्दा ऊ आत्तिन्छ र बाहिर अन्तरिक्षमा जाऔं भन्छ । ऊ अल्फालाई विस्तारै अभिन्न देख्न थाल्छ ।

यसरी हेर्दा निमा २ निमा भए पनि मानवीय संवेदना ग्रहण गर्न खोज्ने अल्फाको सहयोगी हो । यो स्थिर चरित्रको पात्र हो ।

**निमा ३**

निमा-३ 'निमावीय' नाटकको अल्फाको सहायक पात्र हो । ऊ अल्फाको निकटतम सहयोगी हो । ऊ निमा २ भन्दा आधुनिक छ । ऊ अरूभन्दा ब्रह्माण्डको खोज गर्न बढी तल्लीन हुन्छ । ऊ अरूको आलोचना गर्न पनि पछि पर्दैन । ऊ निमाको पछाडि पछाडि कुरा काट्छ । ऊ विटाको आँखाको आँसुलाई सोडियम क्लोराइड, सोडियम कार्बोनेट र म्युको सम्मिश्रण मान्छ । ऊ अरूसँग निस्कन जान्दैन र हामीले झन् कुरा गर्न हुँदैन भन्छ । निमा ३ अल्फाको मस्तिष्कको अनुकरण गर्न खोज्छ र अब निमाहरूले मानवको उत्पत्ति गर्नुपर्छ भन्छ । ऊ मानिसको उपचार गर्ने दिमागका सारा कारण पत्ता लगाउँदैन । ऊ काम गर्न सिपालु छ । ऊ असत्य बोल्न पनि जान्दछ । ऊ १ र २ लाई सत्यवादी हरिश्चन्द्र हौ भनेर भन्छ । ऊ अल्फाको साह्रै हेरचाह गर्छ र

सन्चो बिसन्चो सबै सोध्छ । ऊ निमाहरू निर्माण गर्न पनि सक्छ । ऊ अब निमाहरूले नयाँ गुरुत्त्वआकर्षणशक्ति पत्ता लगाउनु पर्छ भन्छ । ऊ वाक्यका अर्थ पनि गहन गरी बुझ्न र अर्थ लगाउन सक्छ । ऊ निमा २ भन्दा चलाख छ । ऊ निमा २ लाई सङ्केत गरेर भन्छ, श्रीमती अल्फा ! यसले यो दृष्टान्त बुझ्ने कुनै सम्भावना छैन (निमावीय पृ. १६४) । ऊ एक-एक भनेका बुँदा बुझ्न सक्छ । ऊ निमा २ र १ लाई निमाहरूको आधुनिक मान्न निर्देशन दिन्छ । निमा ३ एउटा शासक जस्तो छ । ऊ मान्छेले धुम्रपान गरेको मन पराउँदैन । ऊ धुम्रपान गर्ने मानिसलाई मर्यादा नभएका मानिस भन्छ । ऊ एउटा नेताको जस्तो व्यवहार गर्छ र निमा २ सँग भन्छ "कुरा म गर्छु तिमी डराउनु पर्दैन । असत्यको विरोध ढुङ्गाले पनि गर्नुपर्छ (निमावीय १४६) । ऊ हामीलाई दक्षता बमोजिमको काम चाहिन्छ भन्छ । (निमावीय, १५७) ऊ निडर पनि छ ।

यसरी हेर्दा निमा ३ स्वसत्ताको निम्ति, निजी हक र अधिकारको निम्ति क्रान्ति चाहने जोशिलो पात्र हो । उसले मानवका नराम्रा कुराहरूमाथि गम्भीर प्रश्न उठाएको छ । निमा ३ रिसाउने र हाँस्ने अनि पठित भएकाले पढाइ र अन्य कुराहरूबारे रुचि लिन्छ । ऊ मानवले मर्यादाक्रम भङ्ग गरेको कुरा दह्रो गरी उठाउँछ । ऊ टेलिभिजनमा समाचार हेर्न फुर्सद दिइए बापत मर्यादाक्रम मानवले भङ्ग गरेर नियमको उल्लङ्घन गरेको ठान्छ । उसमा हीनताग्रन्थि छ । ऊ मानव चेतना नजिक रहेको मानवनिर्मित यन्त्रमानव हो ।

**निमा ४**

निमा-४ '**निमावीय**' नाटकको सहायक पात्र हो । चरित्रगत दृष्टिले हेर्दा यो खराब, भँडुवा, ईर्ष्यालु स्वभावकी मानव निर्मित स्त्री निमा हो । निमा ४ ओमेगा र अल्फाकसँग मिल्ने पात्र हो । निमा ४ नाटकमा प्रयुक्त सम्पूर्ण निमाहरूभन्दा कान्छो निमा हो । यो इस्वी सम्वत् दुई हजार चालीसमा उत्पादन गरिएको निमा हो । ऊ नेपालमै बनेको हो । ऊ ओमेगासँग अन्तरिक्षमा खेल्न जान्छ । निमा १ ले कम्प्युटरबाट हेर्दा निमा ४ ओमेगासँग हाँस्दै अन्तरिक्षमा दगुरिरहेका हुन्छन् । निमा ४ ले ब्लाउज र सारी लगाएकी हुन्छे । बिटाका अनुसार उसले ओमेगालाई आफ्नी छोरी बनाएकी छे । विटाले आफ्नी छोरी लिएर जाने ओमेगाका बारेमा केही पनि सुन्न चाहन्न । ऊ अन्तरिक्षमा हिँड्दा चुम्बकको सहायताले निमा १ सँग कुरा गर्छे । ऊ ओमेगालाई आफ्नो बसमा राख्न चाहन्छे । निमा ४ ले ओमेगालाई अँगालोमा लिँदा निमा १ ले बटम थिचेर सम्बन्धविच्छेद गरिदिन्छ । निमा २ का अनुसार निमा ४ साँच्चै आज्ञा उल्लङ्घनकर्ता हो । निमा ४ यताका कुरा उता र उताका कुरा यता सुनाउँछ । ऊ समाजमा अराजकता फैलाउँछ । ऊ अक्सिजन लिन सक्छ तर कार्वनडाइअक्साइड चाहिँ फ्याक्दैन । निमा ४ ओमेगाले तारा हरायो भन्दा त्यति जाबो कुरा भन्छ । ऊ बिटालाई श्रीमती अल्फा भनेर सम्बोधन गर्छ । ऊ विटालाई सबभन्दा बढी हेला गर्छ । विटाका अनुसार ऊ विटाकी सौता अल्फाकी सहधर्मिणी हो । ऊ आफ्नो आकृतिदेखि दिक्क भएको कुरा फोनसँग राख्छ । ऊ विटालाई खेलौना जस्तो ठान्छ र जिस्क्याउँछ । विटा मुख छोपेर रुँदा निमा ४ विटालाई भोजन गरेर बस्न आदेश दिन्छ । त्यसबेला ऊ आफूलाई हृदय र आफ्नो जस्तै हृदय आफूबाहेक अरूमा नभएको बताउँछ । विटा हप्काउँछे । निमा ४ मान्छेले यन्त्रलाई यस्तो प्रश्न गर्न सुहाउँदैन भन्छे र ओमेगालाई लिएर बाहिर जान्छे । संकटकालीन अवस्था

आउँदा ऊ कम्प्युटरमा अत्यन्त व्यस्त हुन्छ र अल्फालाई सहयोग गर्छ । ऊ विटालाई घृणा गर्छ र आफ्नो आदेश नमानेकोमा हप्काउँछ । विटा रिसाउँछे, हप्काउँछे, लखेट्छे र निमा ४ भाग्छे । निमा ४ विटालाई अल्फाअनुरूप हुन आदेश दिन्छ र ओमेगालाई लिएर घुम्न जान खोज्छ तर ओमेगा नगएपछि निमा ४ विक्षिप्त हुन्छ । विक्षिप्त हुँदाहुँदै श्रीमती अल्फा अल्फा भन्दै फ्रिज हुन्छ ।

यसरी हेर्दा निमा ४ डा. अल्फाकी मनोविनोदी पी.ए. हो । ऊ आफ्नो आदेश नमानेकोमा वाक्क भई हीनताबोधले ग्रस्त बनेर आफैलाई कोपरेर भयावह स्थितिमा पुग्छ र वाक्क भएर ठिङ्ग भएर उभिरहन्छ र आफै अन्त्य हुन्छ ।

**फोन**

प्रस्तुत नाटकमा फोन एउटा स्थिर तर मानवीय स्वभाव भएको एक ठाउँको स्वर अर्को ठाउँमा पुऱ्याउने सञ्चारको साधन हो । ऊ अन्तरिक्ष र पृथ्वीबीचको खबर सञ्चार गर्छ । फोन गौण पात्र हो । ऊ आफूलाई अत्यन्त आधुनिक बनाउन चाहन्छ । ऊ विटासँग चर्चरी बाझ्छ ।

**टिभी**

टिभी '**निमावीय**' नाटकको गौण पात्र हो । ऊ पृथ्वीको खबर अन्तरिक्षसम्म पुऱ्याउँछ । ऊ मेसिन भए पनि मानवीय व्यवहार गर्न नसक्ने स्थिर, विना लिङ्ग भएको पात्र हो ।

### ४.३.५ द्वन्द्वविधान

**'निमावीय'** द्वन्द्वप्रधान नाटक हो । यस नाटकमा सरुभक्तले मानव र मानव निर्मित यन्त्र मानवबीच रहेको द्वन्द्वलाई मूल रूपमा अघि सारेका छन् । यस नाटकमा प्रत्येक पात्रपात्रबीच द्वन्द्व रहेको छ । नाटकको सुरुमै फोन र विटाबीच द्वन्द्व चल्छ । यो द्वन्द्व बाह्य र आन्तरिक दुवै किसिमको हो । प्रस्तुत नाटकमा निमाहरू मानव नभए पनि उनीहरूमा मानसिक संवेग रहेको छ । यसैले उनीहरूको एकआपसमा द्वन्द्व पर्दछ । मानसिक अन्तर्द्वन्द्वले गर्दा यस नाटकका मुख्य पात्र विकृतपूर्ण मनोदशामा रुमल्लिएका छन् ।

प्रस्तुत नाटकमा रहेका द्वन्द्वहरूलाई यसरी देखाइएको छ :

विटा र अल्फाबीच मानसिक द्वन्द्व मानव र यन्त्रमानव हृदयता र यान्त्रिकता, आत्मीयता र भौतिकता, नारी र पुरुष, पुरातन र नवीनताको द्वन्द्व रहेको छ ।

विटा र निमा ४ बीच पुरातन र आधुनिकता, मानव र अत्याधुनिक यन्त्रमानव, मातृत्व र जडत्व, सौता-सौता प्रेम प्रणय र लोभ ईर्ष्या, पूर्वीय हिन्दू नारी संस्कृति र पाश्चात्य मेसिनरी नारी सभ्यता प्राकृतिकता र भौतिक यान्त्रिकता, मानवीयता र कम्प्युटरीय मानवताको द्वन्द्व रहेको छ ।

निमा ३ र निमा ४ बीच पुरातन र अत्याधुनिकताको द्वन्द्व रहेको छ । निमा १ र अन्य निमाबीच पुरातन र अत्याधुनिकताको द्वन्द्व रहेको छ ।

विटा र अन्य पात्रहरू = मानवता र पाषाण यान्त्रिकताका बीचको द्वन्द्व रहेको छ । विटाको द्वन्द्व निमा २ निमा ३ निमा ४ ओमेगा अल्फा सबैसँग रहेको छ । यहाँ अल्फाभित्र पनि

आन्तरिक द्वन्द्व रहेको छ । उसमा विश्वएकीकरण गर्ने उच्च आकाङ्क्षा निमा १ को समाप्तिपछि नै साकार हुने हो कि होइन भन्ने द्वन्द्व र अन्यौल पाइन्छ । विटाभित्र आधुनिक यान्त्रिकता र पुरातनताको द्वन्द्व छ । ऊ निमा ४ ले पतिप्रेम, सन्तानप्रेम खोसेकोमा ईर्ष्या र द्वेष गर्छ र निमा ४ र पतिलाई हेय दृष्टिले हेर्छ । यसमा निमाहरूमा वैचारिक संघर्ष पाइन्छ । निमा १ मा उच्चतर ग्रन्थि विकसित भएकाले अमूल्य उत्सर्ग गर्छ । निमा ३ को अन्तर्द्वन्द्व जागृत हुन्छ, किनकि मानवीय विसङ्गति र अव्यवहारिकताले आफू मिचिएको ठान्नु निमा ४ लावण्यवती युवती हुनाले अन्तर्पीडाको मात्रा बढेपछि आफैलाई चिथोर्नु आन्तरिक द्वन्द्वको परिणति हो ।

### ४.३.६ भाषाशैली

**'निमावीय'** नाटकमा जटिल किसिमको भाषाको प्रयोग गरिएको छ । विज्ञान र प्रविधिका विविध शब्दावलीको प्रयोगले गर्दा नाटक जटिल बनेको छ । नेपाली बाहेकका अङ्ग्रेजी त्यसमा पनि विज्ञानका गहिरा र सूक्ष्म अर्थ बोकेका शब्दावलीको अत्यधिक प्रयोगले नाटक सर्वसाधारण पात्रले बुझ्न नसक्ने किसिमको भएको छ । विज्ञान र प्राविधिक सूत्रहरूका सूक्ष्म सङ्केतलाई पात्रका रूपमा उभ्याई उनीहरूमार्फत् विज्ञानका जटिल सिद्धान्तयुक्त वाक्य बोल्न लगाइएकाले प्रस्तुत नाटकको भाषा जटिल र सूत्रात्मक छ । प्रस्तुत नाटक विज्ञान र प्रविधिसँग सम्बन्धित नाटक हो । त्यसैले यसको भाषाशैली पनि विज्ञानको जस्तै ठाडो, निर्देशनात्मक र रुखो छ ।

प्रस्तुत नाटकमा कतैकतै बोलचालको भाषाशैली पनि प्रयोग भएको छ । यहाँ छोटा कथनदेखि लामा वाक्यहरू पनि प्रयोग गरिएका छन् । प्रस्तुत नाटकमा अल्फा ($\alpha$), विटा ($\beta$) ओमेगा ($\omega$) अर्थियन, कम्बिनेसन, फिजिकल, केमिकल, डाक्टर, स्टेनलेस, स्टिल, मोडेल, एटोमिक, सिरिज, ह्युमनाइड, पोजिट्रोन, क्रोमोजोम, स्टेसन, वाकिङ्ग सुट, भायरस, च्याम्बर, कम्बसन, ओल्ड एज, डायनिङ रुम, बाथ रुम, नन् एटोमेटिक सेल, इन्स्योरेन्स एन्टेमुली, ए प्राइयोरी, हाइपोथेटिकल ट्र्याप, एन्टीयुनिभर्स, प्लाटिनम रेडियम, ब्रेनचिप्स, माइक्रो फिल्म, ग्यालेक्सी गेम्स, सोडियम, क्लोराइड, सोडियम वाइकार्बोनेट, म्यु, प्रोटिन, आयल, परिपथ, पेन रिसेप्टर्स, टेलिस्कोप रिफ्लेक्टिङ, क्लट्रोफोबिया, जोनोफोबिया, हाइड्रोफोबिया, बिटाफोबिया नन्कन्भेन्सनल सिग्नल, रसायन, एन्ड्रायड, सेरिबुम, डिस्म्यानटल, हड्रेड सन्स, ग्यालेक्सी, सोलार, ईथर ड्रिफ्थ, ल्युमेलिफेरोस ईथर, सापेक्षताको विशेष सिद्धान्त, गुरुत्व आकर्षणको नियम, लाइटयिअर, एक्स, गामा, अल्ट्रा भायलेट, इन्फारेड, सोर्सप्रोक्जिमा जस्ता विज्ञान प्रविधिमा प्रयुक्त शब्दहरू प्रयोग गरिएको छ ।

यस नाटकमा आदेश तथा निर्देशनात्मक भाषाको प्रयोग गरिएकाले यहाँको भाषा वौद्धिक प्रकारको छ । विभिन्न अङ्ग्रेजी र कठोर नसुनिएका नेपाली भाषाको प्रयोग भएकाले यस नाटकको भाषा बुझ्न कठिन रहेको छ । सुन्दर प्रतीकात्मक वाक्य र शब्दहरूको प्रयोगले नाटक पठनीय भएको छ । कतै पूर्ण कतै अपूर्ण वाक्यहरूको प्रयोग गरिएकाले प्रस्तुत नाटकको भाषा प्रयोगात्मक किसिमको रहेको छ ।

### ४.३.७ संवाद

'**निमावीय**' नाटकमा परिमार्जित संवादद्वारा पात्रको स्वभावको अनुकूलन गरिएको छ । यस नाटकको संवाद कथावस्तु अनुकूल छ । संवादले पात्रहरूको चरित्रको क्रमिक विकास गरेको छ । संवादले नाटकको उद्देश्यप्राप्तिमा पनि सहयोग गरेको छ । यस नाटकको संवादमा देशकाल वातावरणको बोधसहित नाटककारले आफ्नो कुशल नाट्यकला प्रदर्शन गरेका छन् । संवादलाई नाटक र पात्रको अन्तअनुभूतिको माध्यम बनाउँदै घटनाको प्रकृतिलाई संवादद्वारा नाटकमा देखाएका छन् । इन्द्रिय अनुभवलाई संवादले नाटकमा निर्माण गर्दै पात्रको आन्तरिक सङ्घर्षबाट संवाद सुरु भएको छ । पहिलो पटक नाटकको आरम्भ हुँदा फोन र विटाबीच संवाद सुरु भएको छ । नाटकको संवाद केही जटिल, सजीव, प्रभावोत्पादक र कलात्मक छ भने केही संवादमा पात्रको अन्तष्चेतना प्रकट भएको देखिन्छ । सुगठित, व्यञ्जनात्मक र मनोविश्लेषणात्मक संवादलाई महत्व दिने सरुभक्तले कतैकतै लामालामा, कथोपकथन, आलङ्कारिक र पण्डित्यपूर्ण शब्दाडम्बर र क्लिष्ट संवादको पनि नाटकमा प्रयोग गरेका छन् । विटाको संवादमा जीवनप्रतिको जिजीविषा, अल्फाको संवादमा जड यान्त्रिकता, नैराश्य, आवेशात्मकता, स्वप्निल, निमा ४ को संवादमा लाचारीपना, ओमेगाको संवादमा केटाकेटीपन तर गम्भीरपना, निमा ३ को संवादमा जाली र राजनीतिक संवाद प्रयोग भएको पाइन्छ । समग्रमा **निमावीय** नाटकको संवादयोजना प्रभावोत्पादक रहेको छ ।

### ४.३.८. अङ्क र दृश्य प्रयोग

यस नाटकमा विभिन्न दृश्यको प्रयोग गरिएको छ । नाटकमा प्रयोग भएका दृश्यहरूमा कुनै अङ्कन वा चिह्न नदिई दृश्य शब्दको प्रयोग गरिएको छ र नाटकका दृश्यहरु आफै परिवर्तन हुन्छन् । (पहिलो) दृश्य खुल्दा रङ्गमञ्चको पर्दा खुल्दै जाँदा वेधशालाको कुनै अस्तित्व देखिँदैन । अन्धकारमय रङ्गमञ्चको पृष्ठप्रदेशमा ताराहरूको नदी जन्मिन्छ, याने मूल फुट्छ र प्रवाहित हुँदै जान्छ । यो प्रवाह स्थिर भएपछि विस्तारै 'ख' उज्यालिँदै जान्छ । (निमावीय, पृ. १३२) भनी दृश्यको वर्णन गरिएको छ ।

दोस्रो भागलाई दृश्य भनिएको छ । यसमा कुनै पात्रले वाचिक अभिनय नगरी कायिक अभिनय मात्र प्रयोग गरेका छन् । यसमा ओमेगाको चञ्चल स्वभावको चित्रण गरिएको छ ।

मूल दृश्यपछिको दृश्य फोन र विटाको वार्ता, ओमेगा आफ्नी आमाको काखमा आउनुदेखि विटा आफ्नो जीवनदेखि निराश र एक्लो हुनुसम्मको घटना वर्णित छ ।

शब्दहीन दृश्य निमाहरू सङ्कटकालीन अवस्थामा कम्प्युटरमा व्यस्त रहेको र अल्फाले चार-पाँच घुट्को कफी पिएको कार्य देखाइएको छ ।

शब्दहीन दृश्यपछिको दृश्यमा निमा १ को अन्त्यसम्मको घटना घटेको देखाइएको छ ।

### ४.३.९.अभिनेयता

प्रस्तुत नाटकको रङ्गमञ्च अत्याधुनिक किसिमको रहेको छ । प्रस्तुत नाटक अभिनयका दृष्टिले त्यति सरल र सहज देखिदैन । प्रस्तुत नाटकमा विभिन्न प्रकाश र ध्वनियन्त्रहरुको र त्यस्ता स्थलविशेषको आवश्यकता पर्ने हुदाँ अत्याधुनिक रङ्गमञ्चमा मात्र मञ्चन गर्न सकिन्छ । त्यसैले सुदूर अन्तरिक्षमा अवस्थित 'रङ्गमञ्च देखाउनु पर्ने हुनाले परम्परित रङ्गमञ्चभन्दा भिन्न खालको रङ्गमञ्चको आयोजना गर्नुपर्ने आवश्यकता पर्दछ । "प्रस्तुत नाटकको संवाद कतै लामा र कतै छोटा छन् । छोटा सम्वाद भएको ठाउँमा अभिनय सम्भव भए पनि लामा संवाद प्रयोग गर्न सकिन्न । यो नाटकको भाषा अत्यन्त परिष्कृत र गहन भएकाले यो सर्वसाधारण दर्शकश्रोताको अनुकूल छैन ।त्यसैले प्रस्तुत नाटक अभिनेयभन्दा पनि बढी पठनीय रहेको छ ।

### ४.३.१०. विचारपक्ष

'**निमावीय**' नाटकमा विज्ञानले मानव समाजमा सकारात्मक उपकरण मात्र निर्माण नगरेर नकारात्मक उपकरण पनि निर्माण भएको तथ्य प्रकट भएको छ । विज्ञान निर्मितवस्तु पहिलो र दोस्रो विश्वयुद्धको कारक तत्व हो । विज्ञाननिर्मित यन्त्र टेलिफोनले विश्व ज्यादै साँघुरो बनाएको छ । आज स्वतन्त्ररूपमा घरको कोठामा बसेर मानिसले देश विदेशका व्यक्तिसँग विचार आदानप्रदान गर्छन् । आफ्ना धारणा यसरी व्यक्त गर्छन् । आत्मसन्तुष्टिको लागि विज्ञाननिर्मित वस्तुमा होइन  प्राकृतिक वस्तुमा रमाउन सक्नुपर्छ । प्राकृतिक साधन र स्रोतलाई तुच्छ ठान्ने विज्ञान ज्ञानवादप्रति यस्तो नकारात्मक दृष्टिकोण राख्छ ।

विज्ञाननिर्मित वस्तु जुन रूपमा प्रयोग गर्न चाह्यो त्यो वस्तु त्यही रूपमा प्रयोग हुन्छ । मानिसले टेलिफोनलाई सदुपयोग मात्र होइन, दुरूपयोग पनि गरेका छन् । उच्छृङ्खल युवायुवती फोनको माध्यमबाट अपरिचित व्यक्तिसँग सम्बन्ध गाँसी जीवनभोगाइ र सामाजिक नीतिनियमलाई विसङ्गतिको खाडलमा धकेल्न उद्यत रहेका छन् । फोनको माध्यमबाट युवा वर्गले किशोर युवायुवतीलाई निर्जन  ठाउँमा पुऱ्याइ उनीहरूको यौवनत्व लुटेका छन् भने तस्करहरूले फोनको सहायताले समाजमा लुटपाट र अपराधमूलक घटना घटाइरहेका छन् । "सुदूर अन्तरिक्षमा मेरी श्रीमतीलाई कसैले भगाउने वा फकाउने सम्भावनादेखि म पूर्णरूपले सचेत छु ।" (निमावीय पृ. १२२) भनी नाटककार सरुभक्तले टेलिफोनले मानव जीवनमा पुऱ्याएको नकारात्मक पक्षमाथि व्यङ्ग्य गरेका छन् । गुफा कालमा गन्तव्य यात्राको खोजमा भौंतारिएको मानव आज विज्ञानको सहायताले चन्द्रलोक परिक्रमा गर्न सफल भएको छ । यो विज्ञानको उपलब्धि हो । विज्ञानले समाजमा मानव उपलब्धिपूर्ण वस्तुमात्र निर्माण नगरेर वैज्ञानिक वस्तुद्वारा समाजमा ध्वंसात्मक र हिंसात्मक वातावरण पनि सृजना गरेको छ । विज्ञानको ध्वंसात्मक र हिंसात्मक क्रियाकलापले आजका मानव मानवत्वहीन अवस्थामा बाँच्न बाध्य भएका छन् । मानवसभ्यता र संस्कृतिको उन्नतिको लागि कृत्रिम समाज र वैज्ञानिक कोलाहल होइन स्वस्थ समाज र प्राकृतिक वातावरण चाहिन्छ भन्ने पक्षमा नाटककार छन् र उनी भन्छन्-

"मलाई त मान्छेजातिको समाज चाहिन्छ .... यस्तो कृत्रिम समाज र वातावरणमा म बाँच्न सक्तिन" (निमावीय पृ. १२३) आज विश्वमा वैज्ञानिक अस्त्रशस्त्रले तेस्रो विश्वयुद्धको पूर्व तयारी गरिरहेको छ । शक्तिसम्पन्न राष्ट्रले साना राष्ट्रको स्वतन्त्रता र अस्तित्व लुटी विश्वमा एकीकरणको अभियान आरम्भ गरेका छन् । तेस्रो विश्वयुद्धले मानवको निर्मम हत्या र समाजमा सङ्कटकालीन स्थिति सृजना गर्न सक्ने सम्भावनालाई 'निमावीय' नाटकमा उल्लेख गरिएको छ । मानिस अनुभूति र व्यवहारले असल हुनुपर्छ । कृत्रिमता र बाह्य आडम्बरले मानिस शिष्ट र मर्यादित हुँदैन भन्ने दृष्टिकोण सरुभक्तको छ र उनी भन्छन्-

"खाना पर्खेर कोही पतिव्रता हुँदैन" (निमावीय, पृ. १५३) मानिसको दाम्पत्य जीवन पतिपत्नीबीचको सद्भाव र सहष्णुतामा निर्भर रहनुपर्छ । मानिस आत्मसन्तुष्टिको लागि विज्ञाननिर्मित वस्तुमा होइन, प्राकृतिक वस्तुमा रमाउन सक्नुपर्छ । प्राकृतिक साधन र स्रोतलाई तुच्छ ठान्ने विज्ञान ज्ञानवादप्रति यस्तो नकारात्मक दृष्टिकोण राख्छ ।

"लठेब्रा हरिश्चन्द्रहरू कति कुरा बुझ्दैनन्, छेरुवा हरिश्चन्द्रहरू कति कुरा सुन्दैनन्" ( निमावीय, पृ. १५५) ।

समाज र प्रकृतिपरक वैज्ञानिक उपलब्धिलाई मानवले स्वीकार्नुपर्छ । समाज र प्रकृतिको ध्वंसात्मक र हिंसात्मकतामा केन्द्रित अस्वस्थ विज्ञानवादतर्फ उन्मुख वैज्ञानिक आविष्कारमा संलग्न हुनु हुँदैन । विज्ञानको हिंसात्मक प्रवृत्ति त्रासपूर्ण बन्दै गएको छ । समाज र प्रकृतिको संरक्षणार्थ आणविक अस्त्रशस्त्रलाई विश्वका मानव एक भई रोक्नुपर्छ र प्रकृति र समाजमा शान्ति र विश्ववन्धुत्वको भाव जगाउनुपर्छ भन्ने जीवनचेत सरुभक्तका विज्ञान नाटकमा व्यक्त भएको छ । नाटककार भन्छन्- "पृथ्वीवासी मानिसहरू एक जुट भई प्रतिरक्षात्मक उपायतिर लागे भने ती यानहरूलाई ग्यालेक्सी बाहिर नै रोक्न सकिन्छ" (निमावीय, पृ. १६४) ।

मानव विकासको उच्चतम स्थितिमा पुगिसक्दा पनि पुरुषवर्गमा निहित नारीप्रतिको परम्परामुखी दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन । समाजमा पुरुषवर्गले नारीवर्गलाई आफ्नै इच्छानुसार चल्न बाध्य गराएका छन् । वैज्ञानिकहरू यान्त्रिक समाजको निर्माण गरी यही यान्त्रिक समाजमा रमाइरहेका छन् । वैज्ञानिक यान्त्रिकताले प्रकृति र मानववर्गमा सन्त्रास र कोलाहल फैलाएको छ । वैज्ञानिक सन्त्रास र कोलाहलमा आजका मानवले मृतवत जीवन भोगिरहेका छन् । अन्तरिक्षमा वैज्ञानिक उपलब्धिले स्थापना गरेको मानवबस्तीले शान्तिको अनुभव गर्न सकेको छैन। विज्ञान नाटकमा सरुभक्त प्रकृति र मानवको विखण्डन नीतिनियम र कार्यविभाजनको विरोधमा र प्रकृति र मानवका स्वतन्त्रता, सहअस्तित्व र सौन्दर्यको पक्षमा रहेका छन् ।

## ४.४ 'समयगीत' नाटकको विश्लेषण

### ४.४.१ पृष्ठभूमि

**'समयगीत'** नाटक विज्ञान विषयको नाटक हो । नाटककार सरुभक्तको नाट्ययात्रामा लेखिएका विज्ञाननाटकहरूमध्ये समयगीत (२०६१) एक महत्त्वपूर्ण नाटक हो । प्रस्तुत नाटक विज्ञानलाई विषयवस्तु बनाएर लेखिएको छ । प्रस्तुत नाटकमा परिवेश चित्रण, कथावस्तुको

संयोजन, चरित्रचित्रण, नाटकगत उद्देश्य सबै विज्ञानसँग सम्बन्धित छन् । प्रस्तुत नाटकमा यन्त्र, मानव विज्ञानको तीव्र विकासले मानव मानवबीच बढाएको दूरी, विज्ञानका नाममा यान्त्रिक र जडवत् बन्दै गएको मानिस र मानिसलाई विज्ञानले पुऱ्याएको सहयोगलाई मुख्य विषयका रूपमा उठाइएको छ । मानिसले विज्ञानको सहाराले विश्वमा ल्याएको चमत्कार, त्यसले मानवलाई अस्तित्वहीन बनाउँदै लगेको विषयलाई प्रस्तुत 'समयगीत' नाटकमा गम्भीरतापूर्वक उठाइएको छ । प्रस्तुत नाटकमा ध्वस्त र विघटित हुँदै गएको मानवीय अन्तः संवेदनालाई मूल रूपमा उठाइएको छ ।

यस नाटकमा नेपालजस्तो गरिब विपन्न देशले भोगेको बेरोजगार र गरिबीको समस्यालाई मूल रूपमा उठाइएको छ । प्रस्तुत नाटकमा शिक्षाको कारणले सर्वसाधारण, गरिब र धनीवर्गका बीच देखापरेको खाडललाई प्रमुख रूपमा उठाइएको छ । यसमा विज्ञान र खोज अनुसन्धानका नाममा मानिस यान्त्रिक बन्दै गएको, मानिसलाई भन्दा उसको परिश्रमलाई बढी महत्व दिने विज्ञानवादी समाज, मानवमा हराउँदै गएको मानवीय अस्तित्व र विज्ञानको कारण कमजोर बन्दै गएको मानवीय संवेदनाको रहेको छ ।

### ४.४.२ शीर्षकको सार्थकता

**'समय गीत'** शब्द समयको गीत भन्ने षष्ठी तत्पुरुष समासबाट निर्मित भएको छ । 'समय गीत' ले समयमा गाइने, कुनै खास समयमा अत्यधिक प्रचलित रहेको लोकप्रिय गीत भन्ने अर्थ दिन्छ । 'समय' शब्दले मिनेट घण्टा, दिन, रात, हप्ता, महिना, वर्ष, युग, आदिलाई जनाउने शब्द काल २ घटना भएको बेलावखत, ३. मौका, अवसर्, ४. फुर्सदको स्थिति, अवकाश, ५. जमाना परिस्थिति (अधिकारी र अन्य २०४२, पृ. ९७६) भन्ने अर्थ दिन्छ । 'गीत' शब्दले गे + त बाट निष्पन्न भई गाउन सकिने लय, मिलेको रचना, गाना, गान (अधिकारी र अन्य, २०५२: २५१) भन्ने अर्थ दिन्छ । 'समयगीत' शब्द नेपाली शब्दकोशमा प्रयुक्त नभएको र स्वयं नाटककारले समास गरी निर्माण गरेको शब्द भएकाले यसको कुनै यकिन र ठोस अर्थ छैन तर षष्ठी तत्पुरुष समासका आधारमा कुनै समय वा परिवेशमा कुनै वर्ग वा समूहमा अत्याधिक प्रचलित, लोकप्रिय रहेको गाना वा गान भन्ने अर्थ निर्धारण गरेको छ ।

नाटकमा नेपाली जनसमुदायमा व्याप्त शिक्षित र अशिक्षित, सहरिया र गाउँलेका बीच रहेको खाडलको चित्रण प्रस्तुत गरिएको छ । प्रस्तुत नाटकको शीर्षक अभिधात्मक रूपमा नराखी व्यङ्ग्यात्मक वा प्रतीकात्मक रूपमा राखिएको छ । प्रस्तुत नाटकमा कुनै गीत प्रयोग गरिएको छैन । तर व्यङ्ग्यात्मक रूपमा हेर्दा विज्ञानको आजको समयमा प्राकृतिक रूपमा बाँचेका, शिक्षाको ज्योतिबाट ओझेल परेका, नेपालजस्ता देशका गरिब जनताहरू कसरी उपहासका पात्र, दास हुन्छन् भन्ने अर्थ व्यक्त गरेको छ । अर्कोतिर विज्ञानको विकास हुँदै जाँदा मानिस कसरी विज्ञानको दास हुँदै जान्छ र मानिसले आफ्नो मानवीयता पनि कसरी बिर्सँदै जान्छ भन्ने कुरालाई प्रस्तुत नाटकमा व्यक्त गरिएको छ । नाटकको शीर्षक भावगत गहिराइबाट राखिएको छ । त्यसैले शीर्षक पहिला हेर्दा फरक भए पनि पछि सार्थक हुन्छ । नाटकमा विज्ञानको तीव्र विकासले मानवलाई पारेको सकारात्मक र नकारात्मक दुवै पक्षलाई 'समयगीत' भनी सामान्यीकरण गरिएको छ ।

### ४.४.३ कथावस्तु

**'समयगीत'** नाटकको कथावस्तु स्थूल नभई झिनो रहेको छ । यस नाटकमा पुरातत्व विज्ञान र भौतिक विज्ञानका तीव्र विकासले परम्परित मानव समाजमा पारेको प्रभावलाई मुख्य कथावस्तु बनाइएको छ । प्रस्तुत नाटकको कथावस्तु साङ्केतिक बिम्बात्मक र प्रतीकात्मक रहेको छ । कथावस्तुले युग जीवनको विवशता, विकृतिपूर्ण, मानवको मानसिकता, मानवको मानवबीच रहेको असामञ्जस्य, विभेदको अवस्था, विज्ञानबाट मानवले पाएको सकारात्मक र नकारात्मक जीवनभोगाइको वास्तविकतालाई ज्यादै सूक्ष्म ढङ्गमा चित्रण गरिएको छ । यस नाटकमा नेपाली समाजमा व्याप्त गरिबीले मानिस विदेश पलायन हुने र उनीहरूले विदेशमा गर्नुपरेको भोग्नु परेका यन्त्रवत् नाटकीय जीवनको चित्रण गरिएको छ । नेपालीहरू पैसा कमाउन विदेशमा मेसिन जस्तो भएर तल्लोभन्दा तल्लो स्तरको काम गर्न पनि बाध्य छन् । उनीहरूको जिन्दगीको हाँसो, सुख भनेको पैसामै निर्भर रहेको छ भन्ने कुरालाई प्रमुख रूपमा उठाइएको छ ।

यो नाटक एउटा कुनै ऐतिहासिक पुरातत्व (चिहान) उत्खनन् गरिएको स्थानमा भएका घटनामा आधारित रहेको छ र नाटकको घटना मानव पुरातत्व (चिहान) खन्दै गरेको खाल्डोको वरपरको परिवेशबाट सुरु हुन्छ । नेपालको मध्यपश्चिम क्षेत्रबाट कामका लागि विदेश गएका निम्नवर्गीय  मजदुर कामदारहरू डोको बोकेर रङमञ्चमा प्रवेश गर्छन् । त्यहाँ खनिएको एउटा खाल्डोको अर्को छेउमा तम्बू हुन्छ । ती मजदुरहरू खाल्डो देखेपछि हामीलाई यही खाल्डो खन्न ल्याएका रहेछन् भन्दै सहरमा मान्छेले ज्याला दिने हुन् कि होइनन् ? भन्दै आफ्ना घरपरिवारका कुरा सम्झन्छन् । यी मजदुरहरूको कुनै नाम हुँदैन । उनीहरूमध्ये पात्र ५ ले आफ्नो ठूलो कान्छो छोरो बिरामी परेको, औषधि गर्न नसकेको कुरा गर्छ । उनीहरू नेपालका किसान हुन् । उनीहरुका घरखेत साहुले खाइदिएकाले उनीहरू जसरीतसरी परिवार पाल्न सहर आएका हुन् । उनीहरू निकै दिनदेखि कामको खोजीमा हुन्छन् । उनीहरूले सगोलमा ल्याएको मकै भटमास पनि कमकमै हुन्छ । उनीहरु एकएक मुट्ठी भटमास र मकै चपाउन थाल्छन् । उनीहरूले गाउँ कहिल्यै नछाडेकाले सबै कुरा अचम्मलाग्दो छ । उनीहरूको मस्तिष्कमा परम्परागत संस्कार छ । उनीहरू मान्छेका हड्डी, खप्पर कपडा भएको तम्बू हेर्न जान्छन् । त्यो देखेपछि उनीहरूको सातो जान्छ । उनीहरू त्यो ठाउँलाई अघोरी बस्ने मसान जगाउने ठाउँ रहेछ र यहाँ त काँचा वायुसायुले छोए भने वित्यास पार्छ भन्दै भाग्न खोज्छन् । उनीहरूले त्यहाँ मान्छेको मुटु कलेजा पनि देख्छन् । त्यही बेला निमा आउँछ । निमालाई र उसको आवाज सुन्नेवित्तिकै उनीहरूको सातो जान्छ । निमा '०' हो । मजदुरहरू डरले भाग्ने कोशिस गर्छन् । तर निमाले रोक्ने प्रयास गर्छ । ऊ मरेका मान्छेहरू डरलाग्दा हुँदैनन्, माया लाग्दा हुन्छन् भन्छ तर मजदुरहरू भाग्ने निकै कोशिस गर्छन् । तर निमा '०' ले मजदुरसँग काम गरे पनि नगरे पनि एकपटक मानव विज्ञानीद्वयलाई भेटेर जानुहोला भनेपछि उनीहरू छक्क पर्छन् । तर पनि अरू थोक भन्दा त ज्यानै ठूलो हो भन्ने निर्णय गरी भाग्न आँट्दा 'क', 'ज्ञ' आउँछन् । 'क' मजदुर ६ को देउकोटा गाउँका पाँचहाते बूढो खड्काको नाति हो । उसलाई उहिल्यै एउटा कुइरेले विदेशमा पढाउन लगेको थियो । 'क' ले मजदुरहरूलाई

फर्काउँछ र काम गर्न आग्रह गर्छ । उसले मजदुरीको उच्च मूल्याङ्कन गर्नेछौं र वैज्ञानिकहरू शोषण गर्न जन्मेका हुँदैनन् भनेपछि मजदुरहरू ढुक्क हुन्छन् ।

यही क्रममा मजदुर 'छ' र 'क' बीच परिचय हुन्छ । छ ले कलाई बाल्यकालको सम्झना गराउँछ । 'क' ले आफ्नो पूर्वस्थिति र कामको व्यस्तताले घर फर्कन नपाएको कुरा सुनाउँछ । 'क' ले मानव विज्ञान पढेकाले ऊ त्यही मानव अवशेषको अध्ययनमा लगेकोले यो खाल्डा खनेको हो भने पनि मजदुरहरू उसका कुरा बुझ्दैनन् । त्यसलाई 'ज्ञ' ले हाम्रा पुर्खाहरूको बारेमा जान्न बुझ्न यस्ता खाल्डाहरू खनी उहाँहरूका पवित्र हड्डीहरू र समानहरू झिक्नुपर्छ भन्ने सल्लाह दिन्छ र त्यसो गर्दा एकातिर पुर्खाहरू केकस्तो हुनुहुन्थ्यो भन्ने हामीलाई थाहा हुन्छ भने अर्कोतिर हामीलाई ठूलो धर्म पनि हुन्छ अनि पुर्खाहरूको आत्माले शान्ति पाउँछ उद्धार हुन्छ । हामीहरूले उहिलेउहिलेका पुर्खाहरूको उद्वार गरी पुण्यधर्म कमाउने कि यी मरेका मान्छेका हड्डीखप्पर हुन्, छुनु हुन्न, पाप लाग्छ र अरू केके भनी डराएर मात्र बस्ने ? भने पछि कामका ठाउँमा काम धर्मका ठाममा धर्म हुने भन्दै उनीहरू कामका लागि तयार हुन्छन् । 'ज्ञ' ले मजदुरहरूलाई खाल्डो खन्न मात्र लगाउँछन् तर हड्डीचाहिँ अर्को निकाल्ने कुरा गर्छिन् । 'क' ले मजदुरहरूको साथी वा काममा सघाउने सहयोगीका रूपमा निमा '०' लाई खटाइ दिन्छ र 'क' र 'ज्ञ' आआफ्नो अनुसन्धान गर्नका लागि तम्बूतिर लाग्छन् ।

मजदुरहरू काम सुरु गर्नुभन्दा अघि मकै भटमास खान थाल्छन् । निमा '०' लाई 'तपाईं केही खानुहुन्न ? भनी सोध्छन् । निमाले "मलाई त भोकै लाग्दैन" भनेपछि मजदुरहरू तीन छक्क पर्दछन् । निमा खाल्डो खन्ने साधनहरू लिएर आउँछ । सबै खाडल खन्नतिर लाग्छन् । नाटकको पहिलो वा मूक दृश्यबन्धको अघिको घटना यहीँ सकिन्छ ।

नाटकको मूक दृश्यबन्धमा निमा मजदुरहरूलाई खाल्डोको छेउको जमीन देखाई त्यहाँ के कसरी खन्ने भन्ने बारेमा सम्झाउँछ । उनीहरू बीचबीचमा टाउको हल्लाउँछन् । मजदुरहरू खन्न थाल्छन् । निमा निर्देशन दिइरहन्छ ।

उता 'क' र 'ज्ञ' पनि व्यस्त हुन्छन् । त्यही बेलामा उनीहरूकी नोकर्नी 'न' को प्रवेश हुन्छ । 'न' तरुणी र चञ्चली हुन्छे । यतिकैमा मूक दृश्यबन्ध समाप्त हुन्छ ।

मूक दृश्यबन्ध समाप्त भएपछि 'न' तम्बूतिर हेर्दै 'क' र 'ज्ञ' को व्यस्तताप्रति निकै रोष प्रकट गर्दै ऊ 'आज बिहाको दिनमा पनि ....... कमैकाम ....... कामै नपाएजस्ता खाना सेलाइ सक्यो । नबोलाऊँ भने बिहान बनाएका सबै चिसो हुने भयो भन्दै निमा '०' लाई 'क' र 'ज्ञ' लाई सबै भोज तयार भइसक्यो भनिदिनु पऱ्यो भनि दिनोस्न भनी आग्रह गर्छे । तर ऊ डर लाग्छ भनी तर्कन्छ । मजदुरहरू 'न' का बारेमा कुरा गर्छन् । 'ती नानी किन रिसाकी ? भनी सोध्छ । '०' उहाँको रिसाउने स्वभाव जस्तो छ भनी 'न' को स्वभावका बारेमा भन्छ । 'न' भने पृष्ठ भागबाट झाडू बोकी आउँछे र खाल्डोको बीच भागमा झाडु लाउन थाल्छे । तर निमा उसलाई महत्व नदिई आफ्नै काममा व्यस्त हुन्छ । अन्ततः उसको झाडु लगाउने उत्साह हराउँछ, झाडु एकापट्टि राखी थुचुक्क बस्छे । मजदुरहरूलाई काम गर्दागर्दै खरो हुन्छ । मजदुर १ले पानी पिउन भनी 'न'

लाई भन्दा '०' ले 'न' लाई अह्राउँछ । 'न' ले पानी ल्याएर दिन्छे । सबैले पानी पिउँछन् । 'न' म जति पनि पानी ल्याइदिन्छु नि, पानीको के दुःख भन्छे । मजदुरहरूले 'न' सँग गफ गर्न खोज्दाखोज्दै निमा '०' ले काममा लाग्न निर्देशन दिन्छ । 'न' निमाको हेराइलाई खाउँला झैं गरेर हेरेको हेराइ भन्छे । निमा '०' जैविक मान्छेहरू खाने कुराको कुरा बढी गर्छन् । हामी अर्धतात्विक रासायनिक मान्छेहरू रासायनिक शक्ति परिचालन र विद्युत उर्जा प्राप्तिका कुरा त्यति धेरै गर्दैनौं भनी आफू निमाहरू मानिसभन्दा उच्चस्थानमा रहेको कुरा गर्छ । त्यही बेलामा 'क' आएर खन्ने काम कस्तो भइरहेको छ भने सोध्छ । 'ज्ञ' ले अहिले आफैहरू कालक्रमिकतालाई सुनिश्चित गर्ने क्रममा फरकेन-१४, पोटोशियम-४० र अरू केही थपेर मिसन ट्रक इत्यादि प्रक्रियामा रहेको कुरा गर्छे । निमा '०' ले मजदुरहरूले खाल्डो खनी सकेकोले अब तपाईंहरूको काम बाँकी छ भन्ने जानकारी दिन्छ । मजदुरहरू आराम गर्न थाल्छन् । त्यहाँ हड्डीचाहिँ निस्किएको हुँदैन ।

त्यहीबेला 'न' आइपुग्छे । 'न' मालिकनीलाई खाना सबै तयार भइसकेको जानकारी दिन्छे । 'क' ले मजदुरहरूलाई खाना खान पठाउँछ । 'क' र 'ज्ञ' झोलाबाट ब्रस, बेल्चा आदि निकालेर खाल्डोभित्र पस्छन् । दृश्य परिवर्तन हुन्छ ।

दृश्य परिवर्तनपछिको अवस्थामा 'क' र 'ज्ञ' तम्बुभित्र उत्खननमा प्राप्त नयाँ खप्पर-हड्डीहरूको अध्ययन र परीक्षणमा व्यस्त हुन्छन् । वार हालिएको क्षेत्रभित्र '०' को निर्देशनमा मजदुरहरू नयाँ खाल्डो खन्ने काममा व्यस्त हुन्छन् । त्यही बेलामा 'न' पानी लिएर आउँछे । मजदुर 'न' ले पानी ल्याएकोमा खुसी हुन्छ र पानी खान्छ । मजदुरहरु भतिजोको बिहा रहेछ खुब भोजन खाइयो भनेर कुरा गर्न थाल्छन् र पानी पिउने र पसिना पुछ्ने काम एकैचोटि गर्छन् । मजदुर '५' ले 'न' को घर सोध्छ 'न' ले आफ्नो कुनै घर नभएको सानैदेखि टुहुरी भएको कुरा गर्छे र आफूलाई 'क' ले काम लगाइदिएको पुराना कुरा सुनाउछे । मजदुर '६' निमा '०' लाई भतिजो भनेर बोलाउँछ । त्यसो भए भतिजोसँग चिनाजानी राम्रैसँग भएको हरेछ होइन त भनेर सोध्दा 'न' लजाउँछे र त्यहाँबाट भाग्छे । मजदुरहरू हाँस्छन् । '०' सोचमग्न हुन्छ । मजदुरहरू यी नानी 'न' लाई गाउँमा नदेखेको वा देखे पनि यादै नभएको कुरा गर्छन् । उनीहरू कसै गरी पनि सो कुरा सम्झन सक्दैनन् । मजदुरहरू खान व्यस्त हुन्छन् । त्यही बेला निमाको जोडमा उतै कम्प्युटरीकृत घन्टी बज्छ र ऊ फटाफट लम्बूतिर लाग्छ । बाटोमा 'न' उसको ध्यान तान्न मस्कन्छे तर '०' कुनै ध्यान दिँदैन । 'न' मुख बङ्ग्याउँछे अनि ठम्ठम् गरी खाल्डो खनिरहेको ठाउँतिर लाग्छे । '०' तम्बूमा पुगी 'क' र 'न' सित गम्भीर वैज्ञानिक विमर्शमा व्यस्त हुन्छ ।

मजदुर 'छ' 'न' लाई 'अब घर बसाल्ने बेला भो के गर्नु ? भन्दा 'न' लाजले भुतुक्क हुन्छे । ऊ आफ्ना चार भाइ छोरापछि जन्मेकी एउटी छोरी खसेकी र उसको याद आएको कुरा गर्छ । ऊ आँसु र पसिना एकैचोटी पुस्छ । मजदुर १ सम्झाउने कोशिस गर्छ । '६' 'न' लाई छोरी जस्तै मान्छ । र "... बरु चाइए हामी भतिजो बाबुसित कुरो गर्दिन्छम्!" भन्दा 'न' भाग्छे । अरू हाँस्छन् ।

उता 'क' र '०' वैज्ञानिक अनुसन्धानका बारेमा विमर्श गर्छन् । उनीहरू निमा '०' कृत्रिम रासायनिक भन्दा बढी जैविक संवेदनशील हुन थालेको कुरा गर्छन् । '०' सदा गणनामा समर्थ हुँदैन । किनभने मजदुरहरूले खाल्डो खन्न प्रयोग गर्नुपर्ने एउटा ठूलो कार्य समय त्यत्तिनै आपव्यय

गरिदिएको र मानिसभन्दा निमाहरू नै खट्न र काम गर्न सक्ने कुरा निमा गर्छ । 'क' हामी प्राकृतिक मान्छेहरूलाई समयको आय गर्न समयको व्यय गर्नुपर्ने भएको भनी प्राकृतिक मानव निमाभन्दा काम गर्न, खट्न पछि हुन्छ भनी टिप्पणी गर्छ । तर यस्तो कुरा '०' बुझ्दैन । '०' ले उक्त कुरा नबुझेपछि 'ज्ञ' ले पूर्वप्रसङ्ग भङ्ग गर्छे र विवाहको कुरा ल्याउँछे । 'ज्ञ' सँग 'तिमीले सहरमा मजदुरहरू खोज्न जाँदा हाम्रा साथीहरूलाई बिदाको सूचना दियौ कि त ?' भनेर सोध्दा सूचना दिएकोले अहिले कुनै बेला आउन सक्नुहुन्छ भनी उत्तर दिन्छ । उता 'न' भने '०' सँग मान्छेहरूदेखि मलाई त बाँच्नै झ्याउ लागिसक्यो । कोही मेरो वास्ता गर्दैनन् । मर्नु-बाँच्नु एउटै छ ! भनी आफ्नो निराश जीवनको गम्भीर, अवस्थाको वोध गराउँछे । ऊ आफू टुहुरा-टुहुरी भएको सबैले हेला गरेको अनुभव गर्छे र के टुहुरा-टुहुरीले कसैको माया पाउन सक्दैनन् ? सानो घरको सपना देख्न सक्दैनन् ? के यो .... यो सोच्नु अपराध हो ? भनी आफ्ना अन्तः संवेदनाहरू पोख्छे । यसमा निमा '०' यो एक जैविक संवेदनाको कुरा हो भन्दै आफूले त्यस्तो संवेदना थाहा नपाउने कुरा गर्छ । 'न' भने ० लाई 'नामर्द' भन्छे । उसको भनाइलाई कसैले वास्ता गर्दैनन् । 'न' अनायासै सुकसुकाउन थाल्छे । नेपथ्यमा गाडीको आवाज आउँछ । 'न' सम्हालिन्छे र तम्बूतर्फ हेरी सहरबाट मान्छे आएको कुरा गर्छे तर उसका कुरा कसैले सुन्दैनन् । ऊ तम्बूतर्फ दगुर्छे । सबै आआफ्ना काममा लाग्छन् । 'न' सहित एक हूल व्यक्तिहरूको प्रवेश हुन्छ । ती नवआगन्तुक 'च' 'छ' 'ज' 'झ' 'ज्ञ' लाई 'क' आफ्नो ठाउँमा स्वागत गर्छ । आगन्तुक 'च' लौ हेर ! विहा गरेको दिनमा पनि यस्तो ताल ! यो कस्तो विहा हो ? भनी सोध्छ । 'छ' चाहिँ विहामा स्वागत नगरेकोमा रिसाउँछ । 'न' उसलाई सम्झाउने प्रयास गर्छे । 'ज' 'क' लाई तिमीहरूले विहा गरेको त हो ? भनेर उनीहरूको विहाको बारेमा शङ्का गर्छ । 'क' विश्वास दिलाउन लाग्छ । 'झ' फेरि भन त .... कसरी विहा गर्‍यौ ? भनी अझ आशङ्का गर्छ । 'ञ' विहाको कुनै कर्मकाण्ड नपुर्‍याएको बारे कुरा गर्छ । 'क' प्रश्नमाथि प्रश्न परेपछि अहँ त्यो हामीले आवश्यक ठानेनौं किनभने बिहा भनेको विहा हो कुनै विधि वा कर्मकाण्डको खेल होइन भनी उत्तर दिन्छ । 'न' मुख छोपेर खाल्डोतिर जान्छे र ऊ त्यहाँ काम गरिरहेका सबैको ध्यान तम्बूतिर तान्छे । 'क' र 'ज्ञ' हाँस्दै काम छोडी बाहिर निस्कन्छन् । 'क' र 'ज्ञ' साथीहरू आएको खुसीमा बिदा लिन्छन् । उनीहरू मध्यान्तरमा विहाभोज गर्ने कुरा गर्छन् । त्यहीबीच सबै व्यक्तिहरू 'क' र 'ज्ञ' लाई सँगै उभ्याएर फूलगुच्छा र उपहारहरू दिन्छन् । 'क' ले विवाहको उपलक्ष्यमा साथीहरूलाई विशेष उपहार दिन सक्ने अवस्थामा आफूहरू पुगेको कुरा गर्छ तर उसको कुरा कसैले बुझ्दैनन् । अन्तमा ऊ आफ्नो विवाहको उपलक्ष्यमा मानवजातिको विकासको एक नयाँ सिद्धान्त "होमो स्यापियन्स" भन्दा उच्च मानवताको विकासको एक नयाँ सिद्धान्त उपस्थित मानवहरूलाई उपहार दिन चाहेका कुरा सुनाउँछ । 'क' आफ्नो सिद्धान्त उत्पादन गर्न सहयोग गर्ने सबैलाई धन्यवाद दिन्छ । ऊ ब्रह्माण्डको जन्म, महाविस्फोटदेखि ब्रह्माण्डको मृत्यु-महासंवरण सम्मका केही न केही कुरा अवश्य थाहा पाउनु पर्छ भन्ने कुरा गर्छ । ऊ विज्ञान, पृथ्वी त्यसको इतिहासबारे भन्दै जान्छ । अरूहरू टाउको हल्लाउँदै जान्छन् । ऊ मानवको विकास गुरिल्ला, चिम्पान्जी आदिबीच सम्बन्ध भई मानवको जन्म भएको धारणा राख्छ । सबै उत्साहित हुन्छन् तर मजदुरहरू वाल्ल परिरहेका हुन्छन् । 'क' आफू पूरा मानवको हड्डी, खप्पर आदि जोडेर पूर्व मानवरूप तयार पार्न लागेको कुरा

गर्छ र ऊ प्राप्त भएका मानवअस्थिहरूबाट मानवको विकासको काल निर्धारण गर्न योजनामा रहेको सुनाउँछ । सबै छक्क पर्छन् । 'क' आफ्नो सिद्धान्त स्वीकार गर्न आदेश दिन्छ । 'च' बिहाको उपलक्ष्यमा पनि भयानक उपहार ! डरै लाग्यो ।" भनी डराउँछ । 'क' फेरि मानव अस्तित्वसित सम्बन्धित कुरा सधैँ महान् हुन्छ, भयानक हुँदैन भनी आफ्नो सिद्धान्तको बचाउ गर्छ । ऊ सुहागरात भन्दा सिद्धान्त महत्वपूर्ण ठान्छ । ऊ यदि प्रेम छ भने सुहागरात कहिले पनि मर्दैन भनी प्रेमको अमरताको कुरा गर्छ । सबै भोज खान जान्छन् । मजदुरहरू आफूले केही नबुझेको कुरा गर्छन् । कथानक समाप्त हुन्छ ।

**'समयगीत'** नाटकमा भविष्यमा घट्न सक्ने घटनालाई मुख्य कथावस्तु बनाइएको छ । नाटकको मुख्य कथा संसारमा विज्ञानको विकास हुँदै जाँदा मान्छेका संस्कृति संस्कार पनि परिवर्तन हुँदै जान्छन् । यसले मानिसलाई सकारात्मक र नकारात्मक दुवै प्रभाव पार्दछ भन्ने कुरालाई प्रमुख कथावस्तु बनाइएको छ । भविष्यमा मानिस कसरी विज्ञानको दास हुन्छ । परम्परित संस्कार भएका मानिसहरूमा आधुनिक शिक्षाको ज्योति पर्न नसकेर कतिसम्म पछि परेका छन् जस्ता विषय यस नाटकमा कथानक बनेका छन् । वैज्ञानिक शिक्षा र विज्ञानको तीव्र विकाससँग हराउँदै गएको मानवीय सम्वेदनालाई पनि यस नाटकमा देखाइएको छ ।

**'समयगीत'** नाटकको कथावस्तु सूक्ष्म किसिमको छ । यस नाटकको कथावस्तु आदि, मध्य र अन्त्यको क्रमिक रूपमा रहेको छैन । यस नाटकको कथावस्तु मध्यबाट सुरु भएर मध्यमै समाप्त भएको छ ।

### ४.४.४ पात्रविधान

**'समयगीत'** नाटकका आयाम वा नाटकको संरचनाअनुरूप बहुल पात्रको प्रयोग भएको नाटक हो । यस नाटकमा सङ्केतात्मक पात्रहरू प्रयोग गरिएका छन् । यस नाटकका पात्रहरूको कुनै नाम छैन । उनीहरूको नामकरण सङ्ख्याक्रम र अव्यवस्थित व्यञ्जनाक्षरद्वारा राखिएको छ । यस नाटकको भूमिकाका आधारमा मानवविज्ञानी 'क' लाई प्रमुख पात्र बनाइएको छ । उसकै परिवृत्तमा नाटकको घटना अघि बढेको छ । यस नाटकमा मानवविज्ञानी 'क' उसकी श्रीमती 'ज्ञ' सहयोगी, निर्मित मानव वा यन्त्र मानव '०', घरको काम गर्ने नोकर्नी 'न', मजदुरहरू १, २, ३, ४, ५, ६ नवआगन्तुकहरू च, छ, ज, झ, ञ रहेका छन् । यस नाटकका पात्रहरू नेपाली परिवेशका छन् भने निमा चाहिँ जापानमा निर्मित भएको छ । यस नाटकमा आएका पात्रहरूको विवरण यसरी दिइएको छ :

'क' - प्रमुख मानव विज्ञानी, 'ज्ञ' को बेहुलो/पति
'ज्ञ' - प्रमुख मानव विज्ञानी, 'क' की बेहुली/पत्नी
'०' - 'क' र 'ज्ञ' द्वारा निर्मित मानव यन्त्र दुवैको सहयोगी
'न' - 'क' र 'ज्ञ' को घरमा काम गर्ने नोकर्नी
१, २, ३, ४, ५, ६ - नेपालबाट विदेशमा काम गर्न गएका सर्वहारा वर्गका मजदुरहरू
च, छ, ज, झ, ञ - 'क' र 'ज्ञ' को विवाहमा बोलाइएका आगन्तुकहरू

**'क'**

'क' **'समयगीत'** नाटकको प्रमुख पात्र हो । 'क' नेपालको पश्चिम क्षेत्रमा पर्ने कुनै जिल्लाको देउकोटा गाउँमा जन्मेको पाँचहाते बूढो खड्काको नाति हो । उसलाई ऊ सानै छँदा कुनै विदेशी कुइरेले विदेशमा पढाउन ल्याएको हो । उसलाई च्यान्टे काका पात्र ६ ले हुर्काएको हो । ऊ पुरुष पात्र हो । ऊ एउटा मानवविज्ञान विषय लिएर मानवको व्यापक खोज अनुसन्धानमा लागेको पात्र हो । ऊ अत्यन्त विलक्षण प्रतिभा भएको विज्ञानी वा वैज्ञानिक हो । उसले 'ज्ञ' को सहयोगमा मानव यन्त्र निमा '०' को निर्माण गरेको छ । ऊ अत्यन्त लगनशील र मानवहरूका पुर्खा र मानवको विकाससम्बन्धी गहन अध्ययनमा लागेको पात्र हो ।

'क' आधुनिक जमानाको व्यक्ति हो । उसको न त कुनै थर छ कुनै विशेष अर्थसूचक नाम छ । ऊ अमूर्त नामधारी पात्र हो । उसको नाम विश्वका कुनै भाषामा हुन सक्छन् । त्यसैले उसले अनुसन्धान गर्ने बस्ने ठाउँका बारेमा पनि कुनै निश्चित गरिएको छैन । ऊ उच्च सभ्य र शिक्षित छ । ऊ मानवको भावात्मक र शारीरिक दुवै कुरालाई उच्च महत्व दिन्छ । ऊ निमा ० सँग मजदुरको बारेमा सोध्छ : "उहाँहरूको यहाँ बस्ने, खाने र दैनिक मजदुरीसम्बन्धी सबै व्यवस्था निश्चित गरिसक्यो ?" (समयगीत) ऊ आफ्नो स्वभावका बारेमा भन्छ "हामी तपाईंहरूको मजदुरीको उच्च मूल्याङ्कन गर्नेछौं । वैज्ञानिकहरू शोषण गर्न जन्मेका हुँदैनन् (समयगीत) । ऊ आफ्नो देशलाई पनि माया गर्छ । उसमा आफ्नो पारिवारिक संस्कार उस्तै छ । ऊ मजदुर ६ वा च्यान्टे काकासँग "धेरै वर्षपछि काकासित भेट्न पाउँदा मलाई असाध्य खुसी लागेको छ । गाउँमै पुगेजस्तो भएको छ । धेरै वर्ष विदेश बसियो ... " (समयगीत) जस्तो कथनबाट त्यसको पुष्टि हुन्छ । ऊ अत्यन्त संवेदनशीलभन्दा संवेदनशील काम गर्न पनि पछि पर्दैन । उसकी सहयात्री 'ज्ञ' हो । उसले सोही दिन 'ज्ञ' सँग विवाह गरेको छ । उसको बोल्ने शैली आदेशात्मक र कठोर छैन । उसको भाषा सरल र मीठो छ । ऊ आफूभन्दा अग्रजलाई सम्मान गरेर बोल्छ । 'क' अत्यन्त लगनशील छ । ऊ आफ्नो लक्ष्यमा लागेपछि एक पाइलो पनि पछि पर्दैन । ऊ तम्बूभित्र उत्खननमा प्राप्त नयाँ खप्परहड्डीहरूको अध्ययन परीक्षणमा व्यस्त हुन्छ । ऊ 'ज्ञ' सँग गम्भीर वैज्ञानिक विमर्षमा व्यस्त हुन्छ । ऊ मान्छे र निमाबीच भिन्नताको आधार छुट्याउँछ । ऊ गहन दार्शनिक र आलङ्कारिक भाषा बोल्छ । ऊ निमासँग भन्छ "हामी प्राकृतिक मान्छेहरूलाई समयको आय गर्न समयको व्यय गर्नुपर्ने हुन्छ । यसलाई अपव्यय भन्न मिल्दैन ।" (समयगीत) 'क' का यस्ता गम्भीर दर्शन कोही बुझ्दैनन् ।

'क' आफ्ना साथीहरूमा पनि निकै प्रिय छ । उसको विवाहमा अनेक साथीहरू आएका छन् । ती प्रत्येकलाई ऊ सम्मान गर्छ । उसका विचार दर्शन अत्यन्त राम्रा छन् ऊ जे भन्छ त्यो सत्य भन्छ ऊ तब आगन्तुक 'ञ' ले 'तिमीहरूले बिहा गरेको त हो ? पक्का ? आर यू स्योर ? मलाई त विश्वास लागेन है ... वैज्ञानिकहरूका कुरा क्या हो क्या हो !' भन्दा "विश्वास गर्न सिक । अविश्वास आजको सबभन्दा डरलाग्दो रोग हो" (समयगीत) भन्छ । ऊ परम्पराका अनावश्यक कुरालाई अँगाल्दैन । ऊ संस्कारलाई सभ्य रचनामा अनुसन्धानमा लगाउन चाहन्छु भन्छ । ऊ संस्कृति र संस्कार मान्ने शैलीमा फरक ल्याउन चाहन्छ र भन्छ "हिजो हामीलाई एक अर्कोसित

बिहा गर्नुपर्छ भन्ने अनुभूति भयो, आज हामी विहा गऱ्यौं । कुरा सजिलै छ (समयगीत) । उसले विवाहको उपलक्ष्यमा विश्वलाई एउटा विशिष्ट उपहार दिने योजना गरेको छ । ऊ आफ्नो विवाहको उपलक्ष्यमा आमन्त्रित, मजदुरहरूसँग भन्छ "यो उपहार पृथ्वीमा मानवजातिको विकासको एक नयाँ सिद्धान्त हो जसलाई हामीले होमोस्यापियिन्सभन्दा उच्च मानवताको सिद्धान्त भन्ने नामकरण गरेका छौं । ..... यो परिकल्पना ठोस अनि प्रत्यक्ष प्रमाणहरुद्वारा परिपुष्ट छन् ।" उसलाई विज्ञानका अत्यन्त गहनभन्दा गहन विषयका बारेमा जानकारी छ । ऊ भन्छ "तिमीहरु सबैलाई ब्रह्माण्डको जन्म महाविस्फोट देखि ब्रह्माण्डको मृत्यु महासंवरण सम्मका केही न केही कुरा अवश्य थाहा हुनुपर्छ । .... महाविस्फोट र महासंवरणबीच तारामण्डलहरुको जन्म, सौर्यमण्डलको जन्म, पृथ्वीको जन्म र पृथ्वीमा जीवजन्तुहरुको जन्म भएको छ । ऊ आफ्नो अध्ययनबाट प्राप्त कुरालाई लामो कुरापछि भन्छ .... अहिले यसभन्दा केही भिन्न प्रकृतिको एक नयाँ र संभवतः सर्वाधिक महत्त्वपूर्ण तथ्य, जसले मानवजातिको विकासप्रक्रियालाई नयाँ ढङ्गले अध्ययन गर्न प्रेरित गर्छ, यस उत्खननमा फेला परेको छ ।" ऊ यति गम्भीर प्रकृतिको वैज्ञानिक छ कि ऊ भन्छ -"यी खप्परका टुक्राहरु कपिमानव, पूर्वमानव र आधुनिक मानवभन्दा भिन्न छन् अनि मष्तिष्कसंरचना आधुनिक मानवको भन्दा ठूलो र विकसित देखा पर्छ ।" ऊ सत्य अनुसन्धान गर्छ भने कुरा यसरी भन्छ :..... "पृथ्वीमा मानवविकासको इतिहासमा जहिले पनि अविकसित, कम मस्तिष्क क्षमताका मानवहरु विकसित र बढी मस्तिष्क क्षमताका मानवहरुद्वारा विस्थापित भएका छन् ।" उसको यस्तो अनुसन्धानमा अरू डराएका छन् कसैले बुझेकै छैनन् 'च' भन्छ "विहा गरेको उपलक्ष्यमा यति भयानक उपहार ! डरै लाग्यो ।" ऊ मानव हृदयलाई उच्च सम्मान गर्छ र उच्च महत्त्व दिन्छ । ऊसँग 'ज्ञ' ले "विहा गरेपछि सुहागरात भन्ने कुरा पनि हुन्छ । काममा व्यस्त भएर विर्सेला फेरि" विर्से पनि केही छैन । सुहागरातभन्दा काम महत्त्वपूर्ण हुन्छ । यदि प्रेम छ भने सुहागरात कहिले पनि मर्दैन ।" यसरी हेर्दा 'क' पात्र प्रस्तुत नाटकको स्थिर पुरुष पात्रका रूपमा देखापरेको छ । ऊ मानवीय संवेदना भएको पात्र हो । ऊ विश्वका वैज्ञानिकहरुको प्रतिनिधिको रूपमा आएको छ । 'क' पात्र नाटककारको मुख्यपात्र पनि हो ।

**'ज्ञ'**

'ज्ञ' पात्र 'समय गीत' नाटककी सहायक पात्र हो । ऊ स्त्रीलिङ्गी पात्र हो । 'ज्ञ' 'क' की नवविवाहिता दुलही मानवविज्ञानी हो । उसको कुन स्थानमा जन्म भएको हो त्यसको कुनै परिचय दिइएको छैन । उसको नाटकका अन्य पात्रका प्रवृत्तिका आधारमा त्यति महत्वपूर्ण स्थान त छैन तर पनि 'क' का साथमा 'ज्ञ' आएकी छे । उसको नाम 'ज्ञ' बाट राखिएको छ । ऊ नारी भएर पनि अत्यन्त लगनशील र परिश्रमी छे । ऊ भर्खरै 'क' की सहधार्निणी भएकी छे । ऊ 'ज्ञ' का प्रत्येक कुरालाई सहयोग गर्छे । ऊ 'क' भन्दा जटिल प्रश्नको सरल उत्तर दिन सक्छे । ऊ जस्तोसुकै मान्छेलाई पनि जटिल कुरा बुझाउन सक्छे । उसमा स्त्रीसुलभ गुण पनि छन् । ऊ 'क' सँग भर्खरै विवाहबन्धनमा बाँधिएकीले 'क' सँग हिड्दा उसको अनुहारमा अवशिष्ट हाँसो र लाज मिसिएका हुन्छन् । ऊ विज्ञान विषय लिएर पढेकी अत्यन्त तीव्र मस्तिष्क भएकी छे । ऊ भन्छे "निमा, अहिले हामी कालक्रमिकतालाई सुनिश्चित गर्ने क्रममा करकेन १४, पोटेशियम ४० र

अरू केही थपेर फिशन ट्रक आदि प्रक्रियाहरुमा छौ ....(समयगति,पृ.९२) । ऊ नारीहरुको परम्परित गृहिणी पेसा भन्दा पनि नयाँ नयाँ अध्ययन र अनुसन्धानमा रम्न चाहन्छे । ऊ 'क' सँग तम्बू र मानव हड्डी भेटिएको खाल्डोमा गएर गहन अध्ययन गर्छे । ऊ निमासँग वर्तमान समयको यसरी मूल्याङ्कन गर्छे,- 'यस्तो लाग्छ हिजो आज तिमी कृतिम रसायनिकभन्दा बढी जैविक सम्बेदनशील हुन थालेका छौं' । ऊ आफ्नो सहधर्मी 'क' लाई कति सम्मान गर्छे भन्ने कुरा उसका निम्न उल्लिखित भनाइबाट थाहा हुन्छ, 'होइन तपाइ नै भन्नुहोस् । यस सिद्धान्तको आविष्कारक तपाई हुनुहुन्छ । म सहयोगी हुँ ।' 'ज्ञ' मा उच्च र विशिष्ट धैर्य र सहनशीलता छ ।

**मजदुरहरू १, २, ३, ४, ५, ६**

प्रस्तुत 'समयगीत' नाटकका मजुदरहरू सहायकपात्र हुन् । उनीहरु मध्ये १, २, ३, ४, र ५ कार्यगत भूमिकाका आधारमा केही निष्कृय र ६ चाँहि बढी सक्रिय छ । मजदुरहरू निम्नवर्गीय कामदारहरू हुन् । उनीहरु नेपालको मध्य पशिचमाञ्चालबाट खाडीमुलुकमा काम गर्न गएका मजदुर हुन् । प्रस्तुत नाटकका मजदुरहरू आ- आफूले आफ्नो परिचय दिएका छन् ।

'१' यो पात्र सबै मजदुर भन्दा काँतर छ । उसमा परम्पारित संस्कार जस्ताको तस्तै छ । ऊ अरूको लहैलहैमा काम गर्ने पात्र हो । ऊ आफ्नै लवजको कथ्य नेपाली भाषा बोल्छ ।

'२' यो मजदुर अरूभन्दा बढी शङ्कालु छ । ऊ प्रत्येक कुरालाई शङ्काका परिधिमा हेर्छ । उसका आफ्नै अस्मिता छ । ऊ आफ्नो खेती, किसानी उडेकोमा अत्यन्त चिन्तित छ । ऊभित्र परम्पारित संस्कार धेरै अमिट भएर रहेको छ ऊ भन्छ "को हुने ..... मसान त तान्त्रिकले जगौंछन् । अघोरीले त मुर्दा मुन्छेका मासु कुपुकुपु खान्छन् ।"

'४' यो पात्र आशामुखी पात्र हो । उसको जाहान विरामी छ । उसको जीन्दगीभरी दु:ख नै दु:ख छन् । ऊ दु:ख सम्झन चाहँदैन । उसको दयनीय अवस्थाको परिचय ऊ आफै दिन्छ "..... एक दुई मुठ्ठी भए नि खाम् नत्र काम गर्दा पेट कटक्क खान्छ" ऊ मानवीय सम्वेदना उच्च भएको पात्र हो ।

'५' पात्र मजदुर ४ भन्दा अझ शङ्कालु पात्र हो । ऊ ४ भन्दा बढी दु:खी छ । ऊ गरीब छ ऊ आफै भन्छ "मेरा पनि ठूल्कान्छो छोरो विरामीका विरामी नै छन् । .... कति भो..... कार्ने, ओखतीमूलो अर्ने पैसो नभ र ...." । ऊ तम्बूमा कङ्काल देखे पछि सबैले भागम् भन्दा आफ्नो वास्तविता वा शङ्कालुपन यसरी पोख्छ "फेरि बाटो बिरेभने क्यार्ने ?"

'६' यो पात्र सबै मजदुर भन्दा सक्रिय पात्र हो । उसको नाम च्यान्टे हो । ऊ गाउँले काका हो । नाटकमा प्रस्तुत भएअनुसार ऊ सबैभन्दा पाको उमेरको छ । उसको गाउँ पुग्न तड्केर हिड्ने मान्छेलाई तीन दिन लाग्छ । उसका पुर्खाहरू खेतीवाल भएपनि साहु लागेर सबै खेती उडेपछि ऊ जीवन गुजारा चलाउँन र स्वास्नी छोराछोरीको गुजारा चलाउन विदेश भागिएको छ । ऊ अरू भन्दा निकै अनुभवी पनि छ । ऊ भन्छ "यता'ट भागम् चाँडो हुन्छ ? फेरो पनि पर्दैन ।" .... गाम् जाँदा औदा कति पल्ट हिड्या बाटो क्यारी बिर्सने भन्छु ।" ऊ 'क' लाई पूर्व स्मृतिका भरमा ठ्याक्कै चिन्छ । ऊ निकै हैसिलो छ । ऊ 'क' सँग भन्छ : ..... म त उहाँ

च्यान्टे काका हुम् नि .... केटाकेटीआँ काखँ लिँदा मेरो यी कछाडमा मुत्या बिर्स्यौ ?" ऊ बोलन डराउदैन नजानेका कुरा जान्न चाहन्छ । ऊभित्र मानव सम्वेदना छ र ऊ सत्य र यथार्थ जे छ त्यही भन्छ । त्यसैले ऊ कञ्चन मन भएको पात्र हो ऊ भन्छ "लौ त नि कसरी बुझ्ने हो ..... हामी परेम् क्यै नजान्ने पाखे ..... ।" ऊ समयअनुसार परिवर्तित पनि हुन खोज्छ । ऊ 'न' लाई नानी भनेर बोलाउँछ । ऊ पाको भएको कुरा उसलाई 'क' ले थाक्नुभयो ? काका? भनी सोद्धा स्वयं भन्छ "यतिले के थाकिन्थ्यो बाबु.... तर पैले जस्तो को ... उमेरले च्यापेसी... ।" अरूलाई भन्दा उसलाई निकै तिर्खा लाग्छ । ऊ 'o' सँग पनि कुरा गर्छ । ऊ काम गरुञ्जेल बोलिरहन्छ । ऊ 'न' को विवाह 'o' सँग गरिदिने कुरा गर्छ ।  ऊ 'न' लाई आफ्नै छोरीजस्ती रहिछौं भन्छ ।

यसरी हेर्दा मजदुरहरू यस नाटकका सहायक पात्र हुन् । उनीहरु नेपाली बेरोजगार पुरुषहरुका प्रतिनिधि हुन् । नेपालीहरु आफ्नो जीविकोपार्जनका लागि विदेशिनुपर्ने बाध्यतालाई यहाँ जस्ताको त्यस्तै समेटिएको छ । यहाँका मजदुर पात्रहरु नेपालका निम्नवर्गीय लगनशील वर्गका यथार्थ प्रतिनिधि हुन् । उनीहरु गतिशील पात्र हुन् ।

**'o'**

प्रस्तुत **'समयगीत'** नाटकको 'o' अर्धमानवीय पात्र हो । उसका अनुसार ऊ जापानको होकाइडोको एक महान् निमा उत्पादक केन्द्रबाट महान् ज्ञानी डाक्टर 'क' को आवश्यकताबमोजिम उत्पादन गरिएको छ । उसको काम डाक्टर क र ज्ञ को सहयोग गर्नु हो । ऊ मानव विज्ञानी क र ज्ञ का प्रत्येक काममा सहयोग गर्छ । ऊ मानवले गर्ने भन्दा जटिल र परिश्रमीक काम पनि गर्न सक्छ । 'o' मानवलाई विज्ञानका यन्त्रका आँखाले हेर्छ । ऊ मानवले गर्ने सम्पूर्ण काम गर्न सक्छ ऊ भन्छः मरेका मान्छेहरू डरलाग्दा हुँदैनन्, मायालाग्दा हुन्छन् । ऊ मजदुरहरूलाई खाल्डो खन्ने काममा लगाउँछ । ऊ मान्छेको भावनात्मक कुरा भन्दा कमै या परिश्रमलाई ध्यान दिन्छ । ऊ 'न' सँग भन्छ "कुनै जरुरी कुरा भए कृपया चाँडो भन्नुहोला मसित समय छैन" ऊ काम भन्दा अरू कुरा गर्न जान्दैन । ऊ आफूलाई मान्छेभन्दा उच्च र राम्रो ठान्छ र 'न' सँग भन्छ ! "मलाई आश्चर्य लाग्छ किन जैविक मान्छेहरू खानेकुराको कुरा बढी गर्छन् । हामी अर्ध - धात्विक रासायनिक मान्छेहरू रासायनिक शक्ति परिचालन र विद्युत्, ऊर्जाप्रप्तिका कुरा त्यति धेरै गर्दैनौं ।" ऊ उसले जानेका कुराभन्दा अन्य भावनात्मक कुरालाई  काल्पनिक कुरा भन्छ ।

'o' यात्रा वैज्ञानिक काम गर्न र सूक्ष्म भन्दा सूक्ष्म कुराहरु गर्न पनि सक्षम छ । ऊ अनुमानका कुरा जान्दैन । ऊ त प्रमाणका कुरा मात्र जान्दछ । ऊ मानवीय भाव, सम्वेदना, माया, स्नेह केही जान्दैन । नोकर्नी 'न' ले आफूजस्तो टुहुरा टुहुरीले कसैको माया पाउन सक्दैनन् ? भन्दा ऊ "मेरो यान्त्रिक सम्वेदनाभन्दा यी कुराहरु धेरै भिन्न छन्" भन्छ । उसले मानवजीवनमा खन्ने काममा 'क' र 'ज्ञ' लाई सहयोग गरेको छ ।

**'न'**

'न' प्रस्तुत 'संमयगीत' नाटकको सहायक स्त्री पात्र हो । ऊ मानवस्त्री हो । ऊ नाटकको भूमिका अनुसार १४ देखि १७ वीचकी छ । ऊ मानवविज्ञानी 'क' र 'ज्ञ' को घरमा काम गर्ने नोकर्नी हो । 'न' मानव विज्ञानीको घरमा खाना पकाउने काम गर्दछे र आएका मान्छेलाई खुवाउने काम पनि गर्छे ।

'न' आफ्नो अस्तित्व  खोज्ने पात्र हो । ऊ विज्ञानको युगमा परेकी नेपाली अशिक्षित नारीहरुको प्रतिनिधि पात्र हो । ऊ नेपालको कुनै ठाउँबाट कामको खोजीमा विदेश गएकी र त्यहीँ काम गर्न थालेकी छ । ऊ 'क' र 'ज्ञ' को व्यस्तता अनि आफूले नबुझेको विज्ञानदेखि वाक्क भएकी छ । ऊ भन्छे "जहिले पनि  कामैकाम .....कामै नपाए जस्तो...........। आज विहाको दिनमा पनि......अरू भए कति दिनसम्म केही कामै छुँदैनन् ।" उसलाई कसैले बोलाई दिए हुन्थ्यो जस्तो लाग्छ । ऊ कसैले उसलाई मायाँ-पीरतिका कुरा, घरजमका कुरा गरेहुन्थ्यो जस्तो लाग्छ । ऊ निमा '०' लाई मानव हो कि होइन छुट्टयाउन सक्दिन । उसलाई मजदुर छ ले नानी भनेर बोलाउँछ । ऊ अत्यन्त खुसी हुन्छे । ऊ रिस उठ्दा उग्र हुन्छे । '०' लाई फकाउँदा फकाउँदै पनि नमानेपछि 'खप्पर भनेको त्यही खाल्डोमा लगी जाक्नु पर्ने' भनी आफ्नो दानवत्व देखाउँछे तर उसको रिस '०' जान्दैन ।

'न' सानैमा बाआमा मरेकी टुहुरी हो । उसलाई 'क' का बाबुआमाले काम लगाइ दिएका छन् । ऊ निमा '०' लाई आफ्नो बनाउन चाहन्छे । तर निमा भने कुनै ध्यान दिंदैन । 'न' निमालाई फकाउने र आफूतिर आकर्षित गर्ने अनेक प्रयास गर्छे तर निमाले ध्यान नदिएपछि ऊ भित्रको अन्तःसम्वेदनाको विस्फोट हुन्छ । त्यही असन्तुष्ट भावले ऊ घुर्छे अनि अकस्मात् निराश हुन्छे र भन्छे " मान्छेहरूदेखि मलाई त बाँच्नै झ्याउ लागिसक्यो ! कोही मेरो वास्ता गर्दैनन् । मर्नु बाँच्नु एउटै छ ।" ऊ संसारमा माया, ममता र स्नेहलाई महत्व दिन्छे ।  ऊ वाल्यावस्था देखि मायाममतादेखि वञ्चित छे । ऊ आफ्नो अन्तसम्वेदना सँग पोख्दै भन्छे "के टुहुरा टुहुरीले कसैको माया पाउन सक्दैनन् ? सानो घरको सपना देख्न सक्दैनन् ? के यो.....सोच्नु अपराध हो ।" निमाले उसको हृदयस्पर्शी दर्दनाक कुरा जान्दैन । उसले नजानेपछि 'न' '०' लाई नामर्द भन्छे ।

'न' नेपालबाट विदेशमा काम गर्न गएकी नेपाली नारीको प्रतिनिधि पात्र हो । ऊ स्वभावका आधारमा अन्तर्मुखी छे । ऊ स्थितिका आधारमा गतिशील छे । उसमा वैसालु मनमा हुने माया पिरतीका भाव हुन्छन् ।

नवागन्तुकहरु छ, न, झ, ज, क र ज्ञ को विहेमा आमन्त्रित पात्र हुन् । उनीहरुको नाटकमा खासै भूमिका छैन ।

**४.४.५. द्वन्द्वविधान**

**समयगीत'** नाटक आन्तरिक द्वन्द्वप्रधान नाटक हो । यस नाटकमा सरुभक्तले मानवभित्र हुने चेतन र अचेतन मनको द्वन्द्वलाई विशेष रूपले प्रस्तुत गरेका छन् । यस नाटकमा मुख्य गरी

मजदुरहरू र विशेष गरी 'न' पात्रमा आन्तरिक द्वन्द्व प्रबल भएको छ । प्रस्तुत नाटकमा मानव विज्ञानी हृदयमा कुनै द्वन्द्व छैन । प्रस्तुत नाटकमा निमा '०' र मानवबीच रहेको भावना, संवेदना सहअस्तित्वको द्वन्द्व प्रवल रहेको छ ।

प्रस्तुत नाटकमा वर्गगत द्वन्द्व प्रधान रहेको छ । त्यस्तै शिक्षित वर्ग र अशिक्षित वर्गका बीचको द्वन्द्व पनि प्रमुख रहेको छ । यहाँ धनी र गरिब वर्ग बीचको द्वन्द्व पनि प्रमुख रहेको छ । अनि मजदुर र सर्वहारा वर्ग र शोषक शिक्षित वर्गका बीचको द्वन्द्व प्रस्तुत गरिएको छ ।

नेपालबाट कामको खोजीमा विदेशिन वाध्य नेपालीहरुको जीवनकथा प्रस्तुत गरिएको छ। यहाँ नाटकमा बाह्न्य द्वन्द्वभन्दा पनि आन्तरिक द्वन्द्व प्रवल रहेको छ । यसका मजदुरहरूमा यो गरौं कि त्यो गरौं यसो भनौं कि त्यसो भनौं, बसौं कि भागौं, बाटो भुलियो भने के गर्ने जस्ता कुरामा आन्तरिक अनिर्णय छ । मजदूर 'छ' का अनुसार ऊ सबै खेत साहुले उडाइदियो भन्दै नेपालमा रहेको शोषक र शोषित बीचको चरम द्वन्द्वलाई चित्रण गरिएको छ ।

यस नाटकमा मानव र मानवनिर्मित मानवबीच अन्तरिक द्वन्द्व रहेको छ । '०' र 'न' बीचको द्वन्द्व आन्तरिक द्वन्द्व हो । यसमा भौतिकता र आध्यात्मिकताका वीच द्वन्द्व पनि रहेको छ । यस नाटकमा त्यस्तै वैचारिक द्वन्द्व पाइन्छ । यसरी आन्तरिक र बाह्न्य दुवै खालको द्वन्द्व यस नाटकमा रहेकाले प्रस्तुत नाटक द्वन्द्व विधानमा सफल नाटक मानिन्छ ।

### ४.४.६ भाषाशैली

भाषाशैली विन्यासका दृष्टिले **'समयगीत'** नाटकमा कथ्य र लेख्य दुवै भाषको प्रयोग गरिएको छ । प्रस्तुत नाटकको भाषामा कलात्मकताको मात्रा कम रहेको देखिन्छ । प्रस्तुत नाटकमा नेपालीमा प्रचलित तत्सम, तद्भव, आगन्तुक, झर्रा नेपाली र अङ्ग्रेजी एवम् स्थानीय भाषाका शब्दहरुको प्रयोग भएको छ । प्रस्तुत नाटकमा मजदुरहरूले कथ्य भाषाको प्रयोग गरेका छन् । 'क' र 'ज्ञ' ले परिष्कृित भाषाको प्रयोग गरेका छन् । उनीहरुले विज्ञान र प्रविधिको भाषा बोलेका छन् । समग्रमा हेर्दा प्रस्तुत नाटकको भाषा सहज, सरल रहेको छ ।

**'समयगीत'** नाटकमा ह्याँ, खाल्टो,खन्यार'च, हाम्लाई, बोले'की ओखतीमूलो, गरीपगुर्वाहरू, छम्, गम, हण्डर, खान्थेम् खेतबारी औ, इति-नि लाइरा'च डोकाँ, मुन्छे, अर्ने, अघोरी, समोरी, रिसौने, कौचा, वायुसायु, वित्यास, जाहान छोर्छोरी, गाँठो फ्वाँक्क, बाउ, आमा, क्यार्ने, अर्दिए, काका, च्यान्टे, काख, कछाड जस्ता झर्रा खसानी नेपाली भाषाको प्रयोग भएको छ । नाटकमा भौगर्भिक, अर्थ-धात्विक रासायनिक, विद्युत, उर्जा, संगणन, परिपथ, जैविक, उर्जातरङ्गहरु महाविस्फोट, महासंवरण, तारामण्डल, सौर्यमण्डल, कपप्रजाति सदृश, विकासवाद जीवाष्म, कृषिशाखा, अष्ट्रेलोपिटेकस, उच्चस्तनधारी, पियकान्ट्रोपस, होमोइरेक्टर, जाभा, पेकिङ, नियापंडथल, क्रो-म्याग्नम्, होस्मोस्यापियन्स, मानव होमोस्यापियन्स जस्ता मानवविज्ञान र जीवविज्ञानसँग सम्वन्धित शब्दहरुको प्रयोग गरिएको छ ।

नाटकमा खन्यार'च, ल्या'का  बोले'सी, नभ'र, छम्, खान्थेम्, ह्यौ, मन्छे, डरा'का, अरम् र'च नजाओ जस्ता नेपाली भाषाको पूर्वेली भाषिकामा पर्ने खसानी उपभेदको प्रयोगले नाटकले आञ्चलिकता दिएको छ । जसले नाटककमा भाषाशैलीगत विशिष्टता ल्याएको छ ।

यसमा आदेश तथा निर्देशनात्मक भाषाको प्रयोग गरिएकाले यहाँको भाषा केही बौद्धिक पनि बनेको छ । नाटकको अन्तिमतिर विभिन्न मानवविज्ञानसम्बन्धी अङ्क अङ्ग्रेजी र कठोर नसुनिएका सिद्धान्तको भाषाको प्रयोग भएकाले भए पनि यस नाटकको भाषा सरल नै छ । सुन्दर प्रतीकात्मक वाक्य र शब्दहरुको प्रयोगले नाटक पठनीय भएको छ । कतै पूर्ण र कतै अपूर्ण वाक्यहरुको प्रयोग गरिएकाले प्रस्तुत नाटकको भाषा प्रयोगात्मक किसिमको रहेको छ ।

### ४.४.७. संवाद

**'समयगीत'** नाटकमा दुई किसिमको संवादको प्रयोग गरिएको छ । नाटकमा मजदूर १, २, ३, ४, ५, छ र न पात्रले कथ्य भाषामा संवाद गरेका छन् भने निमा ० मानवविज्ञानी क र ज्ञ ले परिमार्जित संवादको प्रयोग गरेका छन् । नवागन्तुक च, छ, ज, झ, ञ ले चाहि मिश्रित किसिमको भाषाको प्रयोग गरेका छन् । नाटकमा प्रत्येक पात्रको संवादद्वारा पात्रको आन्तरिक स्वाभावको उत्खनन गरिएको छ । यस नाटकको संवाद कथावस्तु र पात्रको शिक्षा अनुकूल छ । मजदूरहरूले सामान्य मजदूरले प्रयोग गर्ने स्थानीय गाम बेसीमा बोलिने संवादको प्रयोग गरेका छन् जस्तैः

१. लौ । क्यार्न मुन्छेका हड्डि जम्मा अर्ने, काम छैनन् ? कि मसान-ससान जगौने अघोरी सगोरी हुनुपऱ्यो !

२. काँ हुने... मसान त तान्त्रिकले जगौछन् । अघोरीले त मुर्दा मुन्छेका मासु कुपुकुपु खान्छन् ।

३. त्यस्ताले भन्दैनन् के क्यै...एकैपल्ट थाहापत्तै नहुने अरी मुटु-कलेजा ।

४. यत्तेरी ! खाल्डाँट मऱ्या मुन्छेका हड्डी खप्पर निकाल्ने पनि विद्या हुन्छन् ? घाटाँ गई मुर्दा थिचेका ढुङ्गो पल्टाए यस्ता हड्डी-खप्पर जति भने पनि भेटिन्छन् ए ! क्यार्न विद्या पढ्नु पर्यो ?

यस नाटकमा मानवविज्ञानी क र ज्ञ को संवाद परिष्कृत र परिमार्जित किसिमको छ । जस्तै :

'क' विर्से पनि केही छैन । सुहागरातभन्दा काम महत्वपूर्ण हुन्छ । यदि प्रेम छ भने सुहागरात कहिले पनि मर्दैन ।

'ज्ञ': !... यसले पृथ्वीमा कपिमावन र मानवहरु बाहेक अर्को एक छुट्टै मानव प्रजातिको अस्तित्व प्रमाणित गर्छ । (समयगीत)

नाटककारले प्रस्तुत नाटकमा संवादलाई नाटक र पात्रको अन्तः अनुभूतिको माध्यम बनाउँदै घटनाको प्रवृत्तिलाई संवादद्वारा नाटकमा देखाइएका छन् । इन्द्रिय अनुभवलाई संवाद

नाटकमा निर्माण गर्दै पात्रको आन्तरिक कुरालाई पटकपटक प्रस्तुत गरेका छन् । प्रस्तुत नाटकमा 'न' पात्रको सम्वाद केही छोटो भए पनि उसका संवाद भाव, स्नेह, आवेग बढी प्रकट भएको छ । सुगठित व्यञ्जनात्मक र मनोविश्लेषणात्मक संवादलाई महत्व दिने सरुभक्तले कतै कतै लामा-लामा कथोपकथन, आलङ्कारिक र कथ्य भाषाको प्रयोग गरेका छन् ।

### ४.४.८. अङ्क र दृश्यको प्रयोग

यस नाटकमा चार दृश्यहरु रहेका छन् । मूकदृश्य अघिको भाग, मूकदृश्यवन्ध, मूकदृश्यबन्धपछिको भाग गरी तीन भागको विधान गरिएको छ । मूक दृश्यपछिको भाग आन्तरिक दुई खण्डमा विभक्त छन् ।

नाटकमा अत्याधुनिक दृश्यविधानको प्रयोग गरिएको छ । मूकदृश्यबन्ध अघिको भागमा मजदूरहरू र निमा '0' को भेट, निमा '0' देखि मजदूरहरू मानव- विज्ञानी दृश्य क र ज्ञ सँगको भेट सम्मको घटना प्रस्तुत गरिएको छ । मूक- दृश्यवन्धमा निमाले मजदूरहरूलाई खाल्डो खन्ने निर्देशन दिएको, मजदूरहरूले टाउको हल्लाएको, क र ज्ञ पनि तम्बूभित्र व्यस्त रहेको, तरुणी र चञ्चली 'न' को मञ्चमा प्रवेश भएको घटनाको वर्णन छ । पहिलो घटना न, 'क' र 'ज्ञ' लाई खाना खान बोलाउन आएको कसैले ध्यान नदिएको, 'न' ले मजदूरलाई पानी दिएको, 'न' ले '0' लाई प्रेममय भावले हेरेको 'क' ले निमाको कामका लागि धन्यवाद दिएको र मजदूरहरू खानाखान गएको सम्मको घटना घटेको छ । दोस्रो दृश्य परिवर्तनमा 'क' र 'ज्ञ' उत्खननमा प्राप्त नयाँ खप्पर हड्डीहरुको अध्ययन र परीक्षणमा व्यस्त रहेको मजदूहरू असिनपसिन हुँदै अर्को नयाँ खाल्डो खन्दै गरेको , 'न' को घरजम बारे कुरा गरेको 'न' ले निमा '0' लाई आफ्नो बनाउन अनेक प्रयास गर्दा पनि नमानेपछि उसले '0' लाई नामर्द भन्नु, 'क' र 'ज्ञ' को विवाह उत्सव मनाउन आएका च, छ, ज, झ र ञ ले विवाहको उपहार दिनु 'क' र 'ज्ञ' ले विवाहको उपलक्ष्यमा "होमोस्थापियन्सभन्दा उच्च मानवताको सिद्धान्त" उपहार दिनु र सबै मिलेर भोज खान थाल्नु सम्मको घटना घटेको छ र यसरी नाटक समाप्त भएको छ ।

### ४.४.९.अभिनेयता

**'समयगीत'** नाटक अभिनेयताको दृष्टिले त्यति सफल छैन । नाटकको अन्तिम बाहेकका भागहरु अभिनय गर्न मिल्ने खालका छन् तर नाटकको अन्तिममा रहेको 'क' र 'ज्ञ' को संवाद चाँहि अभिनयका निम्ति त्यति सफल देखिदैन । यस नाटकको रङ्गमञ्च अत्याधुनिक किसिमको छ त्यसैले प्रस्तुत नाटकको अभिनयका निम्ति रङ्गमञ्चीयता सहज र सुलभ नहुने देखिन्छ । दृश्य-परिवर्तन सामान्य रङ्गमञ्चमा गर्न कठिन छ । यस नाटकमा प्रयोग भएका अत्याधुनिक सुविधायुक्त बैठक कोठा, खाल्डो, तम्बूको आवश्यकता रङ्गमञ्चका लागि पर्दछ । यहाँ स्थलका कामका आधारमा पनि अभिनय गर्न अप्ठ्यारो छ ।

### ४.४.१०.विचार पक्ष

**'समयगीत'** नाटकमा आजको विज्ञानको समयमा विज्ञानले मानवलाई दिएको सकारात्मक र नकारात्मक प्रभावको चित्रण गरिएको छ । विज्ञानले मानिसलाई दिएको अत्याधुनिक उपकरणे

जसले मानिसको जीविकोपार्जन गर्न सहयोग गरेको छ । मानिस आफूभन्दा बढी यन्त्र वा मेसिनमा भर पर्छ । मानिस मानिसलाई भन्दा यन्त्र वा कामलाई महत्व दिन्छ । विज्ञानको तीव्र विकासका कारण मानिस सूक्ष्मातिसूक्ष्म कुरा अध्ययन गर्न सफल भएको छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ

नाटकमा गरीबी अल्पशिक्षित नेपालीहरुले शोषण र दमनबाट पाएको सङ्कट, उनीहरुको करुण जीवन यापनलाई व्यक्त गरिएको छ । नेपालका अल्पशिक्षित र  अशिक्षित मानिसहरू बेरोजगार भएर कसरी विदेश पलायन भएका छन् । उनीहरुले गरेका सङ्कटपूर्ण अवस्थाको कारुणिक चित्र प्रस्तुत नाटकमा पाइन्छ । नेपाल छाडेर  खाडी मुलुक गई जीविकोपार्जन गर्न पुगेका नारी र पुरुषको कारुणिक जीवनको चित्रण पनि यसमा गरिएको छ । समय र वातावरण पाएमा नेपालीहरुले पनि विश्वलाई हाँक दिन सक्ने विज्ञानका सिद्धान्त प्रतिपादन गर्न सक्छन् भन्ने कुरा प्रस्तुत गरिएको छ ।

# पाँचौं परिच्छेद

# उपसंहार तथा निष्कर्ष

सरुभक्तको जन्म २०१३ सालमा पोखराको बागबजारमा भएको हो । पाँच दशक लामो जीवनयात्रा पूरा गरिसकेका मध्यमवर्गीय परिवारमा जन्मिएका सरुभक्तले बाल्यकालदेखि नै पठन-पाठनका लागि अनुकूल वातावरण पाएको देखिन्छ । २०३८ सालमा मुख्य विषय अर्थशास्त्र र सहायक विषय नेपाली र इतिहास विषय लिएर स्नातक पास गरेका सरुभक्तले विज्ञान विषयमा आइ.एस्सी. विभिन्न विषयमा स्नातकोत्तर तहको अध्ययन गरेको पाइन्छ ।

सरुभक्तले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । 'तीन मुक्तक र 'मलाई दुईटा सूर्य देऊ' कविता २०३४ सालमा प्रकाशित गरेर सरुभक्तले नेपाली साहित्यको यात्रा सुरु गरेको पाइन्छ । सरुभक्तका कविता, आख्यान, नाटक र निबन्ध विधामा कलम चलेको पाइन्छ । उनका रचनाहरूमा समसामयिक विषयलाई अत्यन्त सशक्तताका साथ उठाइएको पाइन्छ । उनले विभिन्न विधाका रचनाहरू- मध्ये नाटक विधामा उनले विशेष सफलता प्राप्त गरेका छन् ।

सरुभक्तको नाट्ययात्राको शुरुवात २०३० सालबाट भएको हो । उनको "असिना पग्लन्छ" (वि.सं.२०३०) अस्कलको छात्रावासमा रहँदा रचिएको सर्वप्रथम एकाङ्की हो । यस एकाङ्कीबाट सरुभक्तको नाट्ययात्रा विभिन्न लम्बाइमा लम्बिएको छ । उनको नाट्ययात्राका विभिन्न किसिमका नाटक लेखिएका छन् । उनका यी विभिन्न नाटकमध्ये विज्ञाननाटक प्रमुख नाटक हुन् । सरुभक्तले नेपाली नाट्य साहित्यमा विज्ञाननाटक लेखनको सुरुवात गरेका हुन् । उनले विज्ञान विषयलाई साहित्यको नाट्य विधासँग समन्वय गरेका छन् । यसभन्दा अघि नेपाली नाट्य क्षेत्रमा विज्ञान नाटकको सुरुवात भएको पाइदैन । विज्ञान नाटककार सरुभक्तका हालसम्म इथर (२०४४) निमावीय (२०५५) समयगीत (२०६१) विज्ञान नाटकहरू प्रकाशित छन् ।

सरुभक्तका विज्ञान नाटकले विज्ञानका कारण विश्वमा घटेका विभिन्न सकारात्मक र नकारात्मक कुरालाई प्रमुख विषय बनाएका छन् । सरुभक्तका विज्ञाननाटकका आधारमा उनका विभिन्न प्रवृत्तिहरू छुट्टिन्छन् । विज्ञान नाटककार सरुभक्तका विभिन्न प्रवृत्तिहरूमध्ये समसामयिकता एक प्रमुख प्रवृत्ति हो । उनका विज्ञान नाटकमा समसामयिक समयमा विश्वले भोग्दै गरेका समस्याहरूलाई मुख्य रूपमा उठाइएको हुन्छ । उनको 'इथर' (२०४४) नाटकमा विश्वमा आणविक शस्त्रास्त्रको र आणविक भट्टीको विकासले पृथ्वीको अस्तित्व समाप्त हुँदै गएको विषयगत अवस्थामा मानिस वा वैज्ञानिकले खेल्न सक्ने भूमिकालाई प्रमुख रूपमा उठाइएको छ । विश्वमा बढ्दै गएको मानव अत्याचारलाई कुनै बेला पृथ्वीले धान्न नसक्ने अवस्थामा पुग्नेछ र मानवीय अस्तित्वनै धरापमा पर्ने छ भन्ने कुरालाई मुख्य समस्याका रूपमा इथरमा उठाइएको छ । उनको 'निमावीय' नाटकमा विज्ञानको चरम विकासले मानवमा पर्ने सकारात्मक र नकारात्मक प्रभावलाई प्रमुख रूपमा उठाइएको छ । यस नाटकमा विज्ञानको तीव्र विकासले मानवको भविष्यमा झन् विकराल रूप लिन सक्ने समस्यालाई प्रस्तुत गरिएको छ । उनको 'समयगीत'

नाटकमा विज्ञानले मानवलाई दिएको विभिन्न उपहारमध्ये मानवको अस्तित्व वा मानव विकासको खोजलाई मुख्य विषय बनाइएको छ । यस नाटकमा नेपालको बेरोजगार, शोषण, दमन र गरीबवर्गहरूले विदेशमा रहँदा भोग्नु परेको समस्यालाई प्रमुख रूपमा उठाइएको छ ।

सरुभक्तको विज्ञाननाटकमा स्वैरकल्पनाको प्रशस्त प्रयोग गरिएको पाइन्छ । उनका विज्ञान नाटकका पात्र चरित्र, रङ्गमञ्च, दृश्यविधानमा स्वैरकल्पनाको प्रयोग गरिएको पाइन्छ । उनको 'इथर' नाटकमा डा.एक्सले ओमेगानन (द्रव्य-२) औषधी बनाई पृथ्वीको अस्तित्व बचाउनु स्वैरकल्पनात्मक घटना हो । निमावीयमा अन्तरिक्षमा ॐ वेधशालाको विधान र त्यहाँ घट्ने सम्पूर्ण घटना स्वैरकल्पनात्मक रहेका छन् । 'समयगीत' नाटकमा मानवअस्तित्वको खोजी गर्ने डा. क र ज्ञ ले गरेका कार्यहरू स्वैरकल्पनात्मक किसिमका छन् ।

सरुभक्तका विज्ञान नाटकमा रङ्गमञ्चको प्रयोगमा र दृश्य तथा अङ्कविधानमा प्रयोगवादीता अपनाइको हुन्छ । उनका नाटकका रङ्गमञ्च प्रयोग विविध किसिमका हुन्छन् । उनको विज्ञान नाटकमा वैज्ञानिक प्रयोगशाला, समग्र पृथ्वी, ब्रम्हाण्ड, अन्तरिक्ष रङ्गमञ्चमा आएका हुन्छन् । उनका 'इथर' र 'निमावीय' नाटकमा वैज्ञानिक रङ्गमञ्चका रूपमा आएका छन् । उनको 'समयगीत' नाटकमा पृथ्वीको कुनै ठाउँको मानव अस्तित्व खोज्न चिहान, खाल्डो रङ्गमञ्चमा देखिन्छन् ।

सरुभक्तका विज्ञाननाटकमा अङ्क र दृश्यको प्रयोगमा पनि प्रयोगशीलता पाइन्छ । उनका नाटकमा दृश्य र अङ्कको श्रृङ्खलित प्रयोग नभएर कतै योजनाबद्ध दृष्य परिवर्तन हुन्छन् भने कतै स्वतः दृष्य परिवर्तन हुन्छ । उनको 'इथर' नाटकमा योजनावद्ध दृश्य परिवर्तन भएको देखापरेको छ भने 'निमावीयमा' प्रकाशको उज्यालो अँध्यारो मार्फत दृश्य परिवर्तन भएको पाइन्छ । 'समयगीत' नाटकमा दृश्य परिवर्तन हुँदा पर्दा आफै हिडेर गएको छ । यस नाटकमा दृश्यले कुनै सङ्केत नगरी एक ठाउँमा घटना घट्दा घटदै अर्को ठाउँमा सरेको देखाइएको छ ।

सरुभक्तका विज्ञाननाटकको भाषा जटील र क्लिष्ट किसिमको रहेको छ । उनको नाटक अत्यन्त उच्च बौद्धिक क्षमता भएका यात्राहरूको मष्तिष्कसँग मात्र मेल खाने किसिमको छ । उनको 'इथर' नाटकमा रसायनविज्ञानसँग सम्बन्धित भाषाको प्रयोग गरिएको छ । उनको 'निमावीय' नाटकमा भू तथा अन्तरिक्ष विज्ञान र भौतिक विज्ञानसँग सम्बन्धित विज्ञानको भाषा प्रयोग गरिएको छ । उनको 'समयगीत' नाटकमा नेपालको खसानी उपभेदको भाषा र परिस्कृत मानक दुवै भाषाको प्रयोग गरिएको छ । उनको विज्ञान नाटकमा कठिन किसिमका विज्ञानका सूत्र, सिद्धान्तको प्रयोग गरिएकाले उनका विज्ञान नाटकको भाषा जटिल किसिमको छ ।

विज्ञान नाटककार सरुभक्तका तीनवटा विज्ञाननाटकहरू प्रकाशित रहेका छन्। उनको पहिलो विज्ञान नाटक **'इथर'** (२०४४) हो । यस नाटकमा मानिसका चाप, रापले नरसंहार, द्वन्द्व प्रतिद्वन्द्व विवादले पृथ्वीनै ध्वस्त हुन लागेको, सम्पूर्ण मानवसभ्यता नै सङ्कटमा पर्दै गएको बेला पृथ्वीको अस्तित्व र मानव बचाउन डा.एक्सले सञ्जीवनी बुटी बनाई मानवअस्तित्व जोगाउन गरेको प्रयासलाई प्रमुख कथावस्तु बनाइएको छ । यस नाटकको कथानक आदि, मध्य र अन्त्य

क्रमिकरूपमा अघि बढेको छ । यस नाटकको कथानक सूक्ष्म किसिमको रहेको छ । यस नाटकमा पृथ्वीमा मानिसहरूको सङ्कुचित भावनाका कारण मानवीय अस्तित्व नै समाप्त हुदै गएको यथार्थतालाई स्वैरकल्पनात्मक रूपमा नाटकमा रोचक ढङ्गले प्रस्तुत गरिएको छ ।

**'निमावीय'** (२०५५) नाटकको कथानक सूक्ष्म किसिमको छ । यसनाटकमा डा.अल्फाले पृथ्वीको मानवअस्तित्व कुनै बाह्य प्राकृतिक कारणले, पृथ्वीमा मानिसहरूकै आन्तरिक खिचातानी र फुटको साँघुरो, निषेधको राजनीतिले र मानिस भित्र पलाएको निराशावादी शुन्यवादी चिन्तनको सङ्कटमा पारेको कुरालाई प्रमुख रुपमा देखाइएको छ । यस नाटकमा विज्ञानका कारणले मानिस साधन मात्र बन्दै गएको उसका आन्तरिक भाव, स्नेह, माया, ममता सबै हराउँदै गएको यथार्थलाई स्वैरकल्पनात्मक रूपमा प्रस्तुत गरिएको छ । यस नाटकका प्रत्येक पात्रका आ-आफ्नै कथा छन् । यस नाटकमा विज्ञान मानिसका लागि अभिशाप र उपहार दुवै बन्दै गएको यथार्थलाई मुख्य रूपमा उठाइएको छ ।

**'समयगीत'** नाटकको कथानक सूक्ष्म किसिमको छ । यस नाटकमा नेपालबाट विदेशमा रोजगारको खोजीमा पुगेका शिक्षित र अशिक्षित, महिला र पुरुष, मजदुर र वैज्ञानिकहरूले पाएको दुःख, कष्ट, पीडालाई प्रमुख विषय बनाइएकोछ । यस नाटकमा विज्ञानले मानिसको अस्तित्वको खोजी गर्न पुऱ्याएको योगदानलाई उठाइएको छ । बीचबाट सुरु भई अन्त्यतिर ढल्कँदै अघि बढेको यस नाटकको कथानक मानवविज्ञानीद्वय 'क' र 'ज्ञ' को वरिपरि घुमेको छ ।

विज्ञान नाटककार सरुभक्तका विज्ञान नाटकमा पात्रहरूको प्रयोग विशिष्ट किसिमले गरिएको छ । उनका विज्ञान नाटकका पात्रहरू सार्वजनिक, सामान्य नामले बोलाउने नभई विज्ञानका विशिष्ट सूत्रहरू, वर्ण, अक्षर, अङ्क, चिन्हबाट संकेत गरिएको छ । उनका विज्ञान नाटकका पात्रहरुमा मानव र मानवनिर्मित यन्त्रमानव, टेलिफोन, टि.भी. आदि हुन्छन् । उनका विज्ञान नाटकका पात्रहरू कथानकअनुसार हुन्छन् । उनका विज्ञाननाटकका पात्रले कुनै पनि स्थान, जाति, भाषाको प्रतिनिधित्व नगरी समग्र विश्व, अन्तरिक्ष आदिको समेत प्रतिनिधित्व गरेका हुन्छन् ।

उनको **'इथरमा कोरिएको प्रेमपत्र'** नाटकको प्रमुख पात्र डा. एक्स हो । उसैको वरिपरि नाटकको कथानक घुमेको छ । यस नाटकमा आठ जना पात्रहरूको प्रयोग गरिएको छ । यस नाटकमा ०१, ०२, ०३, +०० डाक्टर एम् डा.एक्सकी युवा धर्मपत्नी र उसकी छोरी एक्स ० छन् । ०१, ०२, ०३ र +०० मानवनिर्मित मानव वा यन्त्रमानव हुन् । यी यन्त्रमानवहरू कृत्रिम र यान्त्रिक प्रकृति मात्र नभईकन, मष्तिष्कसहित मनको स्तरमा पनि विकसित छन् । यो रोवटहरू ( मानवनिर्मित मानव) हरूसित गणितीय मुटु पनि छन् । यिनीहरू मानिसभन्दा बढी काम गर्ने, स्मृति गर्ने क्षमता भएका छन् ।

सरुभक्तको **'निमावीय'** नाटकको प्रमुख पात्र डा.अल्फा हो । ऊ नेपाल सरकारद्वारा अन्तरिक्षमा बनाइएको ऊँ वेधशालाको प्रमुख अनुसन्धाता हो । प्रस्तुत नाटक यही अल्फाकै वरिपरि वृत्ताकारीय भएर घुमेको छ । उसले पृथ्वीमा मन्दबुद्धि भएका मानिसहरूबीच फुट र विभाजन हुन नदिनमा पृथ्वीलाई अन्य ग्रहबाट हुन सक्ने सम्भावित दुर्घटनाबाट जोगाउने निकै

ठूलो भूमिका खेलेको छ । यस नाटकमा मानव, निर्मित मानव, निमा र वैज्ञानिक साधनहरू पनि पात्रका रूपमा आएका छन् । यस नाटकमा थोरै पात्रको प्रयोग गरिएको छ । यस नाटकमा डाक्टर अल्फा ($\alpha$) उसकी श्रीमती विटा ($\beta$) उनीहरूकी छोरी ओमेगा (W) मानवपात्रका रूपमा आएका छन् । निमा -१, निमा-२, निमा-३ र निमा -४ मानवनिर्मित मानव अर्थात् निर्मित मानव हुन् । यस नाटकमा टि.भी., रेडियो, टेलिफोन पनि पात्रका रूपमा आएका छन् । यस नाटकमा मानव, विटा, ओमेगाभन्दा बढी निर्मित मानव निमा ४ को शक्ति बढी भएको उसले मानवभन्दा उच्च महत्व पाएको कुरा उठाइएको छ ।

**'समयगीत'** नाटकमा धेरै पात्रको प्रयोग गरिएको छ । यस नाटकमा मानव- विज्ञानी 'क' लाई केन्द्रीय पात्र बनाइएको छ । यस नाटकको सम्पूर्ण घटना 'क' पात्रकै परिधि वरिपरि धुमेको छ । यस नाटकमा मानवविज्ञानी 'क' को नवविवाहिता दुलही 'ज्ञ' मजदुरहरू १, २, ३, ४, ५, ६, 'क' र 'ज्ञ' द्वारा निर्मित मानवयन्त्र '०' 'क' र 'ज्ञ' की नोकरनी 'न' नवआगन्तुकहरू च, छ, ज, झ, ञ गरी १५ जना पात्रहरुको प्रयोग गरिएको छ । यस नाटकमा क प्रमुख पात्र हो भने ज्ञ, ०, न, मजदुरहरू नवआगन्तुकहरू सहायक पात्रका रूपमा आएका छन् ।

सरुभक्तका विज्ञान नाटकमा द्वन्दको विशिष्ट प्रयोग गरिएको छ । उनका विज्ञान नाटकमा द्वन्दलाई नै पहिलो प्राथमिकता दिइएको पाइन्छ । उनका नाटकमा आन्तरिक र बाह्य दुवै किसिमका द्वन्दको प्रयोग गरिएको पाइन्छ । उनका नाटकमा अशान्ति र शान्ति, जीवन र मृत्यु, प्रकृति र विज्ञान, यान्त्रिकता र आत्मीयता, शोषक र शोषित, शिक्षित र अशिक्षित, मानव र यन्त्रमानव, मानव र मानव, स्त्री र पुरुषबीच आन्तरिक र बाह्यद्वन्द्व पाइन्छ । उनका नाटकमा विशेष गरी आत्मिकता र यान्त्रिकता, अशान्ति र शान्ति नाटकका प्रत्येक पात्रका आन्तरिक द्वन्द्व रहेको पाइन्छ । सरुभक्तका सबै पात्रहरू आन्तरिक द्वन्द्वमा फसेका हुन्छन् । उनका नाटकका पात्रहरू आन्तरिक द्वन्द्वकै कारणले मर्नसम्म पछि परेका छैनन् । उनको 'इथरमा कोरिएको प्रेमपत्र' नाटकमा अशान्ति, ध्वंस, फूट र शान्ति, एकताबीच प्रमुखद्वन्द्व रहेको छ । यस नाटकमा मानवको अराजकताका कारण पृथ्वी ध्वस्त हुन लागेको र पृथ्वीलाई र मानव सभ्यतालाई बचाउन लागेको डा.एक्सको प्रयासलाई प्रमुख द्वन्द्वका रूपमा अघि सारिएको छ ।

**'निमावीय'** नाटकमा मानिसको प्राकृतिक किसिमले बाँच्न चाहने र यान्त्रिकतापूर्वक बाँच्नेहरूबीच द्वन्द्व देखाइएको छ । यस नाटकमा स्नेह, माया, ममता हराउँदै गएको मनव र यान्त्रिकता जडताका बीच आन्तरिक द्वन्द्व देखाइएको छ । यस नाटकमा सबैभन्दा बढी द्वन्द्व विटा र निमा ४ बीच रहेको छ । निमा ४ र बिटा बीच बाह्य द्वन्द्व पनि रहेको छ । यस नाटकमा डा.अल्फा र बिटा, बिटा र ओमेगा, बिटा र निमा ४-निमा १ र निमा-२, निमा-२ र निमा-३, निमा-३ र निमा-४ बीच आन्तरिक द्वन्द्व रहेको छ । यस नाटकमा विटामा बढी आन्तरिक द्वन्द्व रहेको छ । यसरी हेर्दा निमावीय नाटक द्वन्द्व प्रधाननाटक हो ।

**'समयगीत'** नाटक पनि द्वन्द्व प्रधान नाटक हो । यस नाटकमा शिक्षित र अशिक्षित, विज्ञान र प्राकृतिकता, विज्ञान र अज्ञान, शोषक र शोषित, पुराना पुस्ता र नयाँ पुस्ता, हुने खाने र

हुँदा खानेका बीच द्वन्द्व देखाइएको छ । यस नाटकमा नेपालमा भएको शोषण र शोषित बीच रहेको द्वन्द्वलाई पृष्ठभूमिका रूपमा देखाइएको छ । यस नाटकमा नेपालमा बेरोजगार भएपछि साहुले सबै खेतवारी लुटिदिएपछि कामका लागि विदेशिन बाध्य पारिएका मजदुरहरू विदेशमा रहेको विज्ञानको तीव्र विकासमा लागेका शिक्षितहरूबीच रहेको द्वन्द्वलाई प्रमुख रूपमा उठाइएको छ । यस नाटककी 'न' मा सबभन्दा बढी आन्तरिक द्वन्द छ । उसभित्र मायाप्रेम र स्नेहको खाँचो छ त्यो कसैबाट प्राप्त नभएपछि उसमा मृत्यु, नैराश्यको भावना पलाएर गएको छ । यसरी हेर्दा, **'समयगीत'** नाटक सफल द्वन्द्व प्रधान नाटक रहेको देखिन्छ ।

विज्ञान नाटककार सरुभक्तका विज्ञान नाटकहरू अभिनेयताका दृष्टिले त्यति सफल छैनन् । उनका विज्ञानाटकको भाषा जटिल किसिमको रहेको छ । उनका नाटक अत्याधुनिक रङ्गमञ्चमा मात्र अभिनय गर्न सकिने किसिमका छन् । उनका नाटकका भाषा संवाद अत्यधिक जटिल कतै लामा पनि रहेका छन् । उनको **'इथरमा कोरिएको प्रेमपत्र'** नाटक अभिनयका दृष्टिले भन्दा पठनका दृष्टिले सफल रहेको छ । यस नाटकका संवाद अत्याधिक लामा र जटिल छन् । एउटै संवाद डेढ- पृष्ठ सम्मका र चार पाँच अनुच्छेदका पनि छन् । **'निमावीय'** नाटक पनि अभिनयका दृष्टिले सहज र सरल देखिदैन । यस नाटकको संवाद **'इथरमा कोरिएको प्रेमपत्र'** को भन्दा छोटा भएपनि रङ्गमञ्चका दृष्टिले सफल देखिँदैन । यस नाटकको रङ्गमञ्च अन्तरिक्ष वेधशाला रहेको छ । यस नाटकमा अल्फाको संवाद अत्यन्त कठिन रहेको छ । **'समयगीत'** नाटक संवादका अनुसार केही अभिनयमा सफल देखिए पनि डा.'क' ले अन्तिममा गरेको भाषण ३ पृष्ठसम्मको लामो भएकाले र  रङ्गमञ्चमा पुरै खाडल देखाउनु परेकाले त्यति सफल भने देखिन्न ।

विज्ञान नाटककार सरुभक्तले नाटक क्षेत्रमा विज्ञाननाटकलेखनलाई अघि बढाएका छन् । उनका विज्ञान नाटकमा विज्ञान, साहित्य र मानव यी तीन कुरालाई एक आपसमा समन्वय गरिएको पाइन्छ । उनका नाटकमा विज्ञान र साहित्य एक अर्काका विरोधी भए पनि तिनलाई समन्वय गर्ने काम गरिएको छ । उनका विज्ञान नाटक आजसम्मको नेपाली नाटकले खोजेको अन्धो स्थान वा क्षेत्र हो । विज्ञानलाई साहित्य र मानव जीवनका आत्माको नजिक ल्याउने बनाउनु सरुभक्तका विज्ञान नाटकको उपलब्धि हो । विज्ञान नाटककार सरुभक्तका तीन विज्ञान नाटक 'इथरमा कोरिएको प्रेमपत्र', 'निमावीय' र 'समयगीत' ले नेपाली नाट्य क्षेत्रमा नवक्षितिजको अन्वेषण गरेका छन् ।

# सन्दर्भग्रन्थसूची


## पुस्तक

आचार्य, व्रतराज, **आधुनिक नेपाली नाटक**, काठमाडौं : साझा प्रकाशन, २०६६ ।

उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाश**, छैटौं संस्करण, काठमाडौं : साझा प्रकाशन, २०५९ ।

उपाध्याय, केशवप्रसाद, **नाटक र रङ्गमञ्च**, काठमाडौं : रुमु प्रकाशन, २०५२ ।

उपाध्याय, केशवप्रसाद, **नेपाली नाटक सिद्धान्त र समीक्षा**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

पोखेल, बालकृष्ण, **नेपाली बृहत शब्दकोश**, पुनर्मुद्रित, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५२ ।

भट्टराई, घट्टराज, **प्रतिभैप्रतिभा र नेपाली साहित्य**, डिल्ली बजार : नेपाली रिचर्स एसोसिएसन, श्रावण, २०४० ।

यात्री, कृष्ण शाह, **प्रतिनिधि नेपाली नाटक**, काठमाडौं : विकेश सिर्जनशील प्रकाशन प्रा.लि., २०६४ ।

शर्मा, तारानाथ, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, कालिमाटी : संकल्प प्रकाशन, २०३९ ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, नवौं संस्करण, काठमाडौं : साझा प्रकाशन, २०६४ ।

सरुभक्त, **युद्धः उही ग्याँस च्याम्बरभित्र**, पोखरा : युवानाटक परिवार, २०४० ।

सरुभक्त, **इतिहासभित्रको इतिहास**, काठमाडौं : प्रयोग समूह, २०४२ ।

सरुभक्त, **शिशिरका अन्तिम दिनहरु**, काठमाडौं : नेपाल, राजकीय प्रज्ञा प्रतिष्ठान, २०४२ ।

सरुभक्त, **इथर**, काठमाडौं : साझा प्रकाशन, २०४४ ।

सरुभक्त, **एस धम्मो सनन्तनो**, २०५४ ।

सरुभक्त, **गाउँघरका नाटकहरु**, काठमाडौं : साझा प्रकाशन, २०५० ।

सरुभक्त, **असमय अमौसम,** काठमाडौ.:भारद्वाज प्रकाशन, २०५४ ।

सरुभक्त, **निमावीय**, काठमाडौं : साझा प्रकाशन, २०५५ ।

सुवेदी, राजेन्द्र, **केही समीक्षण केही विश्लेषण**, काठमाडौं : साझा प्रकाशन, २०४९ ।

## पत्रपत्रिका

अधिकारी, लक्ष्मीशरण, विज्ञान साहित्यका स्रष्टा र सिर्जना, **मधुपर्क**, (वर्ष २८, अङ्क ११, पूर्णाङ्क ३२२, चैत्र २०५२), पृ. ५-९ ।

उपाध्याय, केशवप्रसाद, समकालीन नेपाली नाटक, **मधुपर्क**, २०५५, पृ. २१-२४ ।

एटम, नेत्र, समकालीन नेपाली नाटकका मूल प्रवृत्ति (सम्पा.), घनश्याम कँडेल, **रश्मि** (२०६३ कार्त्तिक), पृ. ८३-१०२ ।

कोइराला, कुमारप्रसाद, समसामयिक नेपाली नाटक, **मिर्मिरे** (वर्ष ३६, अङ्क ११, २०६४, फागुन), २९०-३०७ ।

दाहाल, तारामणि, विज्ञान र साहित्य, **गोरखापत्र** (असार, २२ २०४२) ।

पोखरेल, रामचन्द्र विज्ञान र साहित्य, **गुञ्जन** (वर्ष ५, अङ्क ३, असोज् २०५८), ८३-९० ।

पोखरेल, रामचन्द्र, नाटककार सरुभक्त र उनका विज्ञान नाटक, **गुञ्जन** (वर्ष ६, अङ्क २, आश्विन २०५९), ६९-८२ ।

पोखरेल, रामचन्द्र, "समसामयिक नेपाली नाटक : प्रयोग र प्रवृत्ति", **अवलोकन** (२०५९, वर्ष ३, अङ्क १, पूर्णाङ्क ३), २४-३४ ।

भट्टराई, गोविन्दराज, आधुनिक पाश्चात्य नाटकका प्रयोगवादी मोडहरुः सन्दर्भ नेपाली नाटक **प्रज्ञा** (सम्पा.), ईश्वर बल्लभ (अङ्क ४, पुर्णङ्क ७६,२०४९), पृ. ४८ ।

राई, इन्द्रबहादुर, समकालीन केही उच्चाधुनिक नेपाली नाटक, **समकालीन साहित्य** (वर्ष ७, अंक ३, पूर्णाङ्क २७, २०५४), पृ. २७-३७ ।

श्रेष्ठ, ईश्वरकुमार, नेपाली नाटकको आधुनिक काल : प्रमुख धारा र प्रवृत्तिहरु, **समकालीन साहित्य** (वर्ष १२, अङ्क १, पूर्णाङ्क ४३, २०५८), पृ. ११२-१२२ ।

सापकोटा, प्रभात, वर्तमान नेपाली नाटक, **साहित्यिक अभियान विगतदेखि वर्तमान** (सम्पा.), अभियान साहित्य प्रतिष्ठान, वर्ष ९, अङ्क ४, २०६२ आषढ), पृ. ९१-१७७ ।

## शोधप्रबन्ध

अधिकारी, लक्ष्मीशरण, **साहित्यकार सरुभक्तको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, २०५९ ।

ओझा, रामनाथ, **सरुभक्तको नाट्यकारिताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, पृथ्वीनारायण क्याम्पस पोखरा, २०५४ ।

निरौला, प्रज्ञादेवी, **चुली उपन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०६३ ।

# परिशिष्ट

## साहित्यकार सरुभक्तसँगको कुराकानी

*१. तपाईंको जन्म कहाँ र कहिले भयो ?*

पोखराको बागबजारमा वि.सं. २०१२ सालमा भएको हो ।

**२. तपाईको बुवाको नाम के हो ?**

गणेशबहादुर श्रेष्ठ ।

**३. तपाईको आमाको नाम के हो ?**

लक्ष्मी श्रेष्ठ ।

**४. तपाईको वास्तविक नाम के हो ?**

भक्तबहादुर श्रेष्ठ

**५. तपाईको बाल्यकाल कसरी बित्यो ?**

सामान्य रूपले नै बित्यो । मेरो बुबाआमा व्यापारी हुनुहुन्थ्यो र अहिले पनि व्यापारी नै हुनुहुन्छ । पोखराको बागबजारमा म जन्मँदा नै सानोसानो खिस्रीमिस्रीको पसल थियो र बुबाआमा त्यही पसलमा व्यस्त हुनुहुन्थ्यो । म परिवारको जेठो छोरो हुँ । मेरो परिवारमा बुबाआमा बाहेक ५ जना दाइभाइ र २ बहिनीहरू छौं । एक मध्यमवर्गीय व्यापारिक परिवार भएकाले बाल्यकालमा त्यहींको बहुउद्देशीय मा.वि. र गण्डकी बोर्डिङमा अध्ययन गरेको हुँ । घरको वातावरण मध्यमवर्गीय थियो । स्कुलको वातावरण पनि ठीकै थियो । सुरुमा पढाइमा त्यति ध्यान दिन्नथेँ तर गण्डकी बोर्डिङ स्कुल-त्यो बेला नेपाली आदर्श गण्डकी बोर्डिङ स्कुल भनिन्थ्यो–त्यसको स्थापना भएपछि पहिलो ब्याजमै म भर्ना भएको थिएँ । बुबाआमाले मलाई त्यो विद्यालयमा भर्ना गरिदिनु भएपछि चाहिँ पढाइमा ध्यान गयो र १० कक्षासम्म त्यहीँ पढेँ । स्कुलकै वातावरणमा कवितालेखन, साहित्यप्रति अभिरुचि पनि जाग्यो र कविता लेख्ने जस्ता कामहरू गर्न थालेँ । स्कुलमा कक्षा ६ मा हुँदाखेरी पहिलोपल्ट कविता रचना गरेको थिएँ । हामीलाई गुरु-गुरुआमाहरूले साहित्यमा लाग्ने प्रेरणा दिनुहुन्थ्यो । यसरी एउटा प्रेमकै वातावरणमा, मध्यमवर्गीय वातावरणमा मेरो बाल्यकाल बित्यो ।

**६. तपाईले हासिल गर्नु भएको शिक्षा ?**

स्नातकोत्तर सम्मको अध्ययन गरेको छु ( २०३८/०३९ साल तिर अर्थशास्त्र, इतिहास, समाजशास्त्र र अंग्रेजी विषयको अध्ययन) । औपचारिक रुपमा स्नातक उत्तिर्ण हो ।

**७. तपाईको पारिवारिक जीवन कस्तो छ ?**

हालसम्म अविवाहित छु । तर पनि मेरो साथमा एक धर्मछोरी सरस्वती छिन् । अहिले उनको एक छोरा जन्मिएको छ । अर्थात् मेरो नाति । त्यसैमा म रमाएको छु । साथै परिवार सँग पनि एकदमै राम्रो सम्बन्ध रहेको छ ।

**८. तपाईको साहित्य लेखन कार्यको थालनी कहिले देखि भएको हो ?**

कक्षा ६ मा हुँदा नै स्कुल, गुरु, प्रकृतिका बारेमा कविता लेख्थें । म बाल्यकाल छँदा मेरो बुबा गाईजात्रा, भैरवजात्रा जस्ता धार्मिक नृत्य गर्नुहुन्थ्यो । उहाँ पोखराको प्रसिद्ध नर्तक हुनुहुन्थ्यो । बालककालदेखि बुबाको त्यो सार्वजनिक रूपको अनुहार सम्झन्छु, बुबाले राम्रो नाचेको प्रशंसा सुन्दा मलाई पनि हौसला मिल्थ्यो । म पछिपछि लाग्थैं तर नाच्दिनथैं । बुबालाई दिएको खानेकुरा खाँदै हिड्थैं । एउटा झोलाभरि खानेकुरा राखेर खाँदै बजारबजारमा टोलटोलका नाचहरूमा हिँड्थे । कला क्षेत्रमा लाग्ने पहिलो प्रेरणा मैले यहीँबाट लिएको हुँ । बुबाको नर्तनको प्रभाव पऱ्यो । त्यसैगरी पोखरामा १०८ स्वामी देवानन्द भन्ने हुनुहुन्थ्यो । उहाँ चाहिँ पोखराका विभिन्न ठाउँमा महाभारत पुराण वाचन गर्नुहुन्थ्यो । उहाँको शैली मन पर्थ्यो र स्कुलबाट भागीभागी सुन्न जान्थैं । पं. देवानन्द स्वामि १०८ को महाभारत र पुराण वाचन शैलीको प्रभाव पनि पऱ्यो । स्कुलमा त्यहाँका शान्तिसर, भोजराज सरहरु र मिस मेरी आदिले साहित्य रचनातर्फ प्रेरित गर्नुहुन्थ्यो । शान्ति सरले मुनामदन वाचन गरेर बेलाबेलामा सुनाउनुहुन्थ्यो । राजकुमार सरले खाना खाएर बेलुका सुत्ने बेलामा बाइबलको रोचक कथाहरू सुनाउनुहुन्थ्यो । त्यस्तो वातावरणमा मुनामदन, बाइबल सुनेपछि लेख्ने, नक्कल उतार्ने गर्न थाल्यौँ । सरहरूलाई देखाउँदा स्याबासी पाएपछि झन् उत्साहित बन्थ्यौं । साहित्यिक कृतिहरू पाएमा पढ्ने गर्न थाल्यौँ, १० कक्षापछि रुचि बढ्यो र क्याम्पस पुगेपछि ३३/३४ सालतिरबाट औपचारिक रूपमा लेख्न थालेको हुँ ।

**९. हालसम्म तपाईं आबद्ध रहेका संघसंस्थाहरु ?**

- पोखरेली युवा सांस्कृतिक परिवार (सम्पादक, २०३४)
- युवा नाटक परिवार (२०३५, संस्थापक)
- प्रतिबिम्ब नाट्य परिवार (संस्थापक, सल्लाहकार)
- संरक्षण कविता आन्दोलन (संयोजक, २०५५)
- राष्ट्रिय बाल प्रतिभा पुरस्कार पोखरा ( संस्थापक, २०५६)
- पोखरा सार्वजनिक पुस्तकालय (पूर्वाध्यक्ष )
- आत्मालोचना गोष्ठी ( संयोजक)
- सदस्य, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान

**१०. नेपाली साहित्यमा आफुलाई कहाँ पाउनुहुन्छ ?**

साहित्यकर्मी भएको कारणले आफ्नो स्थान आफुले नभई पाठकले नै चयन गर्दा राम्रो हुन्छ ।

**११. अहिले सम्म तपाईले लेख्नुभएको नाटकको संख्या कतिजति होला ?**

पूणङ्की २४, २५ वटा एकाङ्की ५०गरेर जम्मा ७५ जति नाटक लेखेको छु ।

**१२.	नाटक विधा लेखनको कारण के होला ?**

विद्यार्थी हुँदा, बालककालमा छँदा नाटक पढ्नमा असाध्यै रुचि भएको र त्यस समयमा प्राप्त सम र देवकोटाको नाटकको अध्ययन त्यस्तै गरी बुवा गणेशबहादुर नर्तक भएको हुँदा गाईजात्रा, भैरवजात्रामा नाचेको मनपर्थ्यो । त्यसैको अचेतनमा परेको प्रभाव नै नाटक लेखन हो ।

**१३.	नेपाली साहित्यमा नाटक विधामा कम मात्रामा कलम चल्नुलाई तपाई के भन्नुहुन्छ ?**

नेपाली साहित्यमा मात्र नभई अन्य साहित्यमा पनि नाटक कम लेखिने गरेको पाइन्छ । नाटक एउटा यस्तो विधा हो जसमा रङ्गमञ्चीय ज्ञान हुनुपर्दछ । यसको संरचनात्मक पक्ष जटिल हुने गर्दछ । त्यसैले गर्दा अन्य विधाजस्तो सरल रुपमा नाटक विधामा कम मात्रामा कलम चल्ने गरेको पाइन्छ ।

**१४.	आफ्ना बाहेक कसका नाटक मन पर्छ ?**

आफ्ना सम्पूर्ण अग्रजहरुको सम्मानका साथ मान गर्छु र सम, देवकोटा, रिमालका नाटकका साथ साथै समकालीन अषेश मल्ल, शिव अधिकारी, मोहनराज शर्मा, ध्रुवचन्द्र गौतम, विप्लव ढकाल, गोपी सापकोटा आदिका नाटक मलाई राम्रो लाग्छ ।

**१५.	आज नाटकका क्षेत्रमा कलम चलाउने नाटककारहरुलाई के सन्देश दिन चाहनुहुन्छ ?**

नाटक लेख्न रङ्गमञ्चीय ज्ञान चाहिन्छ । नाटक लेख्नु जिम्मेवारीको वहन गर्नु हो । त्यसैलाई आत्मसात गरेर नाटक लेख्नुपर्दछ ।

**१६.	आजको समसामयिक कालखण्डमा देखिएको नाटकको खास विशेषता केलाई मान्नुहुन्छ ?**

नेपाली नाटकमा समसामयिक कालखण्डमा धेरै किसिमको प्रयोग भइरहेको छ । प्रयोगात्मक तरिका अपनाउनु नै नाटकको इतिहास हो । विसङ्गतिवादी प्रयोग, उत्तरआधुनिक प्रयोग र  समयअनुसारको समसामयिक प्रयोग नाटकमा हुनुपर्छ ।

**१७.	आजका नाटक किन जटिल हुन्छन् ?**

वास्तवमा नाटक जटिल भएको होइन । नाटकलाई बुझ्ने चेतनाको कमीले गर्दा त्यस्तो लागेको हो ।

**१८.	तपाईको नाटकमा कस्ता प्रयोगहरु भएका छन् ?**

पहिलो पटक अस्कल क्यापसमा आइ.एस्सीको विद्यार्थी हुँदा छात्रावासमा बसेर 'असिना पग्लन्छ' नाटक रचना गरेँ । यसमा ग्रामीण शोषण, अन्याय र अत्याचारको विरोध छ । त्यसपछि २०३४ तिरबाट नाट्ययात्राको शुरुवात, निर्देशन र मञ्चन गर्ने काम भयो । सुरुसुरुमा ग्रामीण सरल प्रकृतिका नाटक लेखन र मञ्चन भएपनि त्यसपछिका समयमा भने समस्यामूलक नाटक, प्रयोगात्मक नाटक, रङ्गमञ्चीय नाटक, विज्ञान नाटक, लोकनाट्यशैली, पौराणिक आदि प्रयोग मेरो नाटकमा पाइन्छ । म शैलीमा बाँधिएको लेखक होइन, धेरै विषयमा लेख्न रुचाउँछु ।

**१९.	पाश्चात्य साहित्यका मनपर्ने नाटककार ?**

भिक्टोरियन इरागा, चेखव र अन्य विसङ्गतिवादी नाटककारहरु ।

**२०. साहित्य रचना गर्न कस्तो समय उपयुक्त हुन्छ ?**

जुनसुकै समयमा पनि रचना गर्न सकिन्छ ।

**२१. तपाई विज्ञान साहित्यको बारेमा के भन्नुहुन्छ ?**

नेपालमा साहित्यमा उन्नति भएपनि विज्ञान साहित्यमा थोरैले मात्र कलम चलाएका छन् । अहिलेको युग विज्ञान युग हो । विदेशको तुलनामा नेपालमा उन्नति हुन नसकेको हुँदा साहित्यमा विज्ञानको प्रयोगलाई स्थापित गर्नुपर्छ । विज्ञान साहित्यमा विज्ञानलाई विषयवस्तुको रुपमा प्रयोग गरिन्छ । पृथ्वीमा विज्ञानलाई साहित्यिक रुपमा अभिव्यक्त गर्नु कला हो । वैज्ञानिक उन्नति, भविष्य र त्यसले ल्याएको विसङ्गतिको प्रस्तुति नाटकमा छ । जुन साहित्यको मूल उद्देश्य विज्ञान हुन्छ र वैज्ञानिक सत्यता र स्वैरकल्पनामा आधारित साहित्यनै विज्ञान साहित्य हो ।

**२२. विज्ञान नाटक लेख्नको कारण ?**

नेपाली साहित्यमा खड्किरहेको अभाव पूर्तिगर्न र बालककाल देखिनै विज्ञान प्रतिको रुचिको कारण विज्ञान नाटक लेख्छु ।

**२३. नेपाली साहित्यमा विज्ञान साहित्यको अवस्था कस्तो रहेको छ ?**

नेपालमा विज्ञान साहित्य बालककालको बामे सर्दो अवस्थामा रहेको छ । गम्भीरतापूर्ण लेखन र प्रकाशन कमै भएका छन् । त्यसकारण विज्ञान साहित्यलाई निरन्तर रुपमा अगाडि बढाउनु आवश्यक छ ।

**२४. विज्ञानजस्तो विषयलाई लिएर साहित्य रचना गर्नुहुन्छ । गाह्रो हुँदैन ?**

निश्चय नै गाह्रो हुन्छ । मेरो विचारमा नेपाली साहित्यमा अरू कुराहरूमा धेरै साहित्य रचनाहरू भएका छन् तर आजको वैज्ञानिक युगमा हामी विज्ञानबाट निरपेक्ष भएर बाँच्न सक्दैनौं, प्रत्येक क्षण विज्ञानलाई उपयोग गरिरहेछौं । विज्ञानबाट टाढा भएर कुनै पनि देशको साहित्य बाँच्न सक्छ जस्तो मलाई लाग्दैन । त्यसैले विश्वसाहित्यमा पनि विज्ञान- साहित्यको अभूतपूर्व उन्नति भएको छ । यी सबै कुराहरूलाई दृष्टिगत गर्दा नेपाली साहित्यमा पनि विज्ञान साहित्यको विकास हुनुपर्छ भन्ने धारणा राखेर मैले आफ्नो क्षमताले भ्याएसम्म केही रचनाहरू गर्ने प्रयास गरेको हुँ ।

**२५. विज्ञान विषयमा कल्पनाले कति काम गर्छ ?**

कल्पना पनि चाहियो, वैज्ञानिक सत्यतथ्य पनि चाहियो र उत्कृष्ट विज्ञान कथा त्यही हो जसमा वैज्ञानिक परिकल्पना पनि उचित रूपले सम्मिश्रण भएको हुन्छ । उडन्ते कथा लेखेर हुँदैन । वैज्ञानिक र तर्कसङ्गत रूपले विज्ञानसम्मत रूपले पुष्टि हुने खालका, विज्ञानको विकासक्रमलाई बुझेको हुनुपर्‍यो । प्राचीन विज्ञानको मात्र कुरा नगरेर भविष्यको परिकल्पना समेत भएको हुनुपर्छ । विज्ञान साहित्यकारहरूले यो कुरा बुझ्नुपर्छ । विज्ञानले गरेका कतिपय विकृतिहरू छन् भने त्यस्ता विकृति, विसङ्गतिहरूलाई साहित्यमा राख्न सक्नुपर्‍यो । त्यसैले विज्ञान साहित्य लेख्न कठिन छ तर नेपालको सन्दर्भमा अत्यन्त आवश्यक पनि छ ।

**२६. भ्रमण कतिको मन पर्छ ? कहाँ-कहाँ जानुभएको छ ?**

मन पर्छ, तर अलि अल्छे छु । विद्यार्थी अवस्थामा साथीभाइहरू कहाँकहाँ पुग्थे तर म त्यति हिँड्दिनथेँ । पछिल्लो समयमा चाहिँ अमेरिकासम्म पुगेको छु । एकेडेमीबाट मालतीमङ्गले गीतिनाटक देखाउन मेरै नेतृत्वमा एक दल अमेरिका गएको थियों । अन्य भारतको बनारससम्म गएको छु । नेपालमा २०५३ सालयता पोखरामा आफ्नै संयोजनमा 'संरक्षण कविता आन्दोलन'को क्रममा आन्दोलनमा अन्नपूर्ण बेसक्याम्पसम्म पुगेँ । त्यो अभियानको उद्देश्य ठाउँठाउँमा भ्रमण गरेर त्यहाँको प्रकृति, वातावरणका बारेमा कविता रचना गर्ने, त्यहाँका जनताहरूलाई सुनाउँदै हिँड्ने हो र यसलाई ०५५ सालयता आन्दोलनको रूपमा अगाडि बढाइएको छ । अन्नपूर्ण बेसक्याम्पदेखि मुस्ताङको मुक्तिनाथसम्म पुगेको छु । वास्तविक नेपाली साहित्य गाउँघरमा हुन्छ भन्ने हाम्रो विश्वास छ । यही क्रममा देशभित्रका धेरै ठाउँहरू घुमेको छु । पदयात्रा गरेको छु ।